# परिच्छेद एक
# शोध प्रस्ताव

## १.१ विषय परिचय

ध.च. गोतामे (धनुषचन्द्र गौतम) (वि.सं. १९८८-२०६३) नेपाली साहित्य जगत्का एक सफल प्रतिभा हुन् । उनले नेपाली साहित्यका उपन्यास, कथा, कविता, निबन्ध र समालोचना जस्ता विधामा कलम चलाएका छन् । उनको साहित्यिक यात्रा विधागत रूपमा वैविध्यपूर्ण भए तापनि खास सफलता उपन्यास विधामा देखिएको छ (भट्टराई, २०६४ :२) । नेपाली उपन्यास परम्पराको सामाजिक यथार्थवादी धारामा कलम चलाएका गोतामेका **घामका पाइलाहरू** (२०३५) र **यहाँदेखि त्यहाँसम्म** (२०४२) गरी दुई वटा उपन्यास प्रकाशित छन् । गोतामेले दुवै उपन्यासमा तराईको जीवनलाई आत्मसाथ गरेर मुख्यतः आञ्चलिकता र चारित्रिक संयोजनमा केन्द्रित भएर समाजका विविध पक्षका यथार्थ चित्रण गरेका छन् । समाजका विकृति, विसङ्गति, मनोविज्ञान, वर्ग सङ्घर्ष, युगीन-सङ्क्रमण र अन्यौलका साथै आफ्ना विचार एवम् चिन्तन्हरूलाई कलात्मकताका साथ प्रस्तुत गरेका छन् ।

उपन्यासका विभिन्न तत्त्वहरूमध्ये पात्र वा चरित्र महत्त्वपूर्ण तत्त्व हो । उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६ : २७) चरित्र चित्रणले गर्दा आधुनिक उपन्यास जीवनको भाष्य झैं भएको हुनाले उपन्यासमा चरित्रको महत्त्व सर्वोपरि छ । आ-आफ्ना सामाजिक, वैयक्तिक र भौगोलिक विशेषताले गर्दा मनुष्य जातिमा असङ्ख्य विविधता छन् । यस्ता चारित्रिक विषमता र विविधताहरू मनुष्य स्वयम् रोचक हुनका कारण हुन् । अतः सामाजिक, वैयक्तिक वा मानवीय आधारमा उनीहरूका वैविध्यको विविधता भित्रै अध्ययन गर्नु उपन्यासको चरित्र चित्रणको लक्ष्य हो (प्रधान, २०६१ : ८) । उपन्यासका अन्य तत्त्वसाग पात्र वा चरित्रको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । प्रस्तुत **घामका पाइलाहरू** उपन्यास आञ्चलिक भएकाले यसमा कथाअञ्चलको सम्पूर्णता झल्काउने विभिन्न जात, वर्णको प्रतिनिधित्व गर्ने पात्रको उपस्थिति छ तर केन्द्रीय चरित्र यही हो भन्न सक्ने अवस्था छैन । यस बहुपात्री

उपन्यासका पात्रहरू के कस्ता रहेका छन् ? ती पात्रहरूको चित्रणको आधार के हो ? जस्ता अभाव परिपूर्ति गर्नु यस शोध कार्यको विषय क्षेत्र रहेको छ ।

## १.२ समस्या कथन

ध.च. गोतामेद्वारा लिखित **घामका पाइलाहरू** उपन्यासको पात्र विधानको अध्ययन गर्नु यस शोध कार्यको प्रमुख समस्या रहेको छ भने यसै प्रमुख समस्यासाग सम्बन्धित भई निम्नलिखित समस्याहरू रहेका छन् :-

(क) उपन्यासको पात्र विधान सम्बन्धी सैद्धान्तिक आधार कस्तो छ ?

(ख) **घामका पाइलाहरू** उपन्यासमा पात्रहरूको विधान कसरी गरिएको छ ?

(ग) **घामका पाइलाहरू** उपन्यासको पात्र विधानको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.३ शोध कार्यको उद्देश्य

माथि उल्लेख भएका समस्याहरूमा केन्द्रित रहेर यस शोध कार्यमा निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका छन् :-

(क) उपन्यासको पात्र विधान सम्बन्धी सैद्धान्तिक परिचय प्रस्तुत गर्नु ।

(ख) **घामका पाइलाहरू** उपन्यासका पात्रहरूको विश्लेषण गर्नु ।

(ग) **घामका पाइलाहरू** उपन्यासको पात्र विधानको मूल्याङ्कन प्रस्तुत गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

**घामका पाइलाहरू** उपन्यासको पात्र विधानका बारेमा व्यापक अध्ययन भएको नदेखिए पनि कृतिगत वा फुटकर लेखमा र उपन्यासको भूमिकामा केही समीक्षा भएका छन् । विभिन्न लेखक तथा समालोचनकहरूका पुस्तक तथा स्नातकोत्तर एवम् विधावारिधि शोध पत्रमा **घामका पाइलाहरू** उपन्यासका बारेमा उल्लेख गरिएका सूचनाहरूलाई यहाा कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

घटराज भट्टराईले **मधुपर्क** (२०३६) मा प्रकाशित "घामका पाइलाहरू पहिल्याउन खोज्दा" शीर्षकको समालोचनात्मक लेखमा तराईको रेल्वे कार्यालय र त्यस साग सम्बन्धित कर्मचारीका इमान्दारिता, कर्तव्य परायणता र लगनशीलता जस्ता

कुरालाई चित्रण गर्न उपन्यास सशक्त रहेको बताउादै पात्रको विश्लेषण भन्दा पनि बूादागत रूपमा उपन्यासका विशेषताहरूलाई प्रष्ट्याएका छन् ।

वासु रिमाल 'यात्री' ले **मधुपर्क** (२०३६) मा "घामका पाइलाहरू तराईमा पढ्दा" शीर्षकको लेखमा **घामका पाइलाहरू** उपन्यासमा तीक्ष्ण दृष्टिको परिचय भएको कुरा बताउादै सङ्क्षेपमा केही चरित्रहरूको विशेषता बताएका छन् ।

तारानाथ शर्माले, **नेपाली साहित्यको इतिहास** (दो.सं. २०३९) मा ध.च. गोतामेलाई क्रान्ति उत्तर युगका उपन्यासकार भएको बताउादै **घामका पाइलाहरू** उपन्यासलाई आञ्चलिक उपन्यासको कोटिमा राखेका छन् ।

कृष्ण प्रधानले **गरिमा** (२०४०) मा "घामका पाइलाहरूमा अवतरित जीवन" शीर्षकको लेखमा ध.च. गोतामेको पहिलो उपन्यास भए पनि यो उच्च कोटिको उपन्यासमा दरिन आउाछ । सामाजिक यथार्थवादी उपन्यास परम्परामा त झन् एउटा नमुना प्रस्तुत गरेको छ भनेर चर्चा गरेका छन् ।

ईश्वर बरालले, **यहाादेखि त्यहाासम्म**को भूमिका (२०४२) मा **घामका पाइलाहरू** उपन्यासको चर्चा गर्दै यो तत्त्वतः नागर जीवनको उपन्यास हो भने भावतः आञ्चलिक हो । **घामका पाइलाहरू**बाट यी प्रमेय सप्रमाण सिद्ध हुन्छन् भनेका छन् ।

राजेन्द्र सुवेदी **केही समीक्षण केही विश्लेषण** (२०४९) मा **घामका पाइलाहरू**साग पात्रको आन्तरिक दशालाई गतिशीलता दिन चाहेका खण्डमा दिन सकिने प्रशस्त गौाडा र गल्छेडाहरू भएको उल्लेख गर्दै अभिधा र प्रतीकात्मक अर्थको खोजी गर्न उपन्यास सबल रहेको बताएका छन् ।

घटराज भट्टराईले **प्रतिभै प्रतिभा र नेपाली साहित्य** (२०५१) मा **घामका पाइलाहरू** ऐतिहासिक र सामाजिकतामा आधारित उपन्यास वीरगञ्ज र आसपासको ६०-७० वर्ष अगाडिको विषयवस्तुलाई गोतामेले औपन्यासिक शिल्प प्रयोग गरेका छन् भनेका छन् ।

धनप्रसाद सुवेदी 'श्रमिक'ले **नेपाली** उपन्यास**मा आञ्चलिकता** (२०५६) मा **घामका पाइलाहरू**को चर्चा गर्दै धेरै पात्रहरूको उपस्थिति हुनु र यी पात्रहरूको

माध्यमबाट त्यस अञ्चलको सिङ्गो बानी, स्वभाव प्रष्टिनु र कुनै पनि पात्रको केन्द्रीयता नहुनुले उपन्यासलाई आञ्चलिक बनाएको बताएका छन् ।

मोहनराज शर्मा र दयाराम श्रेष्ठले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** ( पााचौं, सं. २०५६) मा ध.च. गोतामेका पुस्तकहरूलाई सशक्त संरचना भएका स्तरीय एवम् कलात्मक उपन्यास भएको कुरा बताएका छन् ।

जयदेव भट्टराईले **गोरखापत्र** (२०५९ चैत १) मा "पाठकको मन छुने ध.च. गोतामे" शीर्षकको समालोचनात्मक लेखमा कता-कता देखि पाइला चाल्दै **घामका पाइलाहरू** लेख्ने मान्छे गोतामे जागिरे जीवनका बाबजुद पनि नेपाली साहित्यलाई सफल कृति दिन सक्षम रहेको कुरा बताएका छन् ।

कृष्णचन्द्र सिंह प्रधानले **नेपाली** उपन्यास **र** उपन्यास**कार** (ते.सं., २०६१) मा ध.च. गोतामे र उनका उपन्यासका बारेमा छोटो चर्चा गर्दै गोतामेलाई सामाजिक यथार्थवादी धाराका उपन्यासकारका कोटिमा राखेका छन् ।

माधवराज गौतमले **घामका पाइलाहरू** उपन्यास**को कृतिपरक** अध्ययन (२०६३) स्नातकोत्तर शोधमा उपन्यासको तत्त्वगत विश्लेषणका क्रममा पात्रहरूको पनि सङ्क्षेपमा चर्चा गरेका छन् ।

खेम दाहालले '**गरिमा**' (२०६४) मा "ध.च. गोतामका उपन्यास एक चर्चा" शीर्षकको लेखमा **घामका पाइलाहरू** रेल सेवाको रमाइलो आगमनसाग जोडिएको स्मरण लिएर प्रारम्भ गरिएको र विभिन्न स्रोतबाट परिवर्तनका रेखाहरू कोरिएको छ भने विज्ञानले ल्याएको अदलबदलमा प्रकाश पार्न उपन्यास सफल रहेको बताएका छन् ।

रमेश प्रसाद भट्टराईले, **ध.च. गोतामेको उपन्यासकारिता** (२०६४) पुस्तकमा उपन्यास तत्त्वका आधारमा **घामका पाइलाहरू** उपन्यासको विश्लेषण गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** (दो. सं. २०६४) मा **घामका पाइलाहरू** उपन्यासको कथासार प्रस्तुत गर्दै विषय, पात्र, भाषा र परिवेशमा आदर्शवादी प्रवृत्ति एवम् आञ्चलिकता समेत पाइने कुरा बताएका छन् ।

ऋषिराज बरालले **साहित्य र समाज** (२०६४) मा आञ्चलिकता, स्थानीय रङ्ग, नेपाली उपन्यास शीर्षकको समलोचनामा **घामका पाइलाहरू**लाई आञ्चलिकताको सफल निर्वाह भएको उपन्यासको रूपमा चर्चा गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले उपन्यास **सिद्धान्त र नेपाली उपन्यास** (ते.सं., २०६६) मा सामाजिक यथार्थवादी धाराको उपन्यासका कोटिमा **घामका पाइलाहरू** उपन्यासको चर्चा गर्दै नेपाली र भारतीय सभ्यताको जोडाइ र त्यसको सङ्क्रमणमा जन्मिएको प्रतीकात्मक उपन्यास भएको कुरा बताएका छन् ।

माधव श्रेष्ठले, **घामका पाइलाहरू** उपन्यास**को परिवेशको** अध्ययन (२०६६) स्नातकोत्तर शोध पत्रमा परिवेशसाग अन्य तत्त्वहरूको सामान्य चर्चा गरेका छन् ।

उपर्युक्त अध्ययनले विभिन्न विद्वान्हरूद्वारा **घामका पाइलाहरू** उपन्यासका पात्र विधानका बारेमा केही समीक्षा र सङ्केत गरेको देखिन्छ तर पात्र विधानमा मात्र केन्द्रित भई अध्ययन नभएकाले प्रस्तुत उपन्यासको पात्र विधानको विश्लेषण र मूल्याङ्कन यस शोध कार्यमा गरिएको छ ।

## १.५ शोध कार्यको औचित्य, महत्त्व र उपयोगिता

उपन्यासकार ध.च. गोतामेको उपन्यासकारिता र सिर्जनात्मक व्यक्तित्व आज अध्ययनको एउटा महत्त्वपूर्ण विषय नै बन्न पुगेको छ । वि. सं. २०३५ मा प्रकाशित **घामका पाइलाहरू** उपन्यासका सम्बन्धमा जे-जति अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको भए पनि पात्र विधानमा केन्द्रित भई विश्लेषण नगरिएको सन्दर्भमा यस शोध कार्यमा **घामका पाइलाहरू** उपन्यासको पात्र विधानको विश्लेषण र विस्तृत अध्ययन गर्ने कार्य गरिएको छ । **घामका पाइलाहरू** उपन्यासको पात्र विधान सम्बन्धी जानकारी लिन चाहने र जिज्ञासा राख्ने पाठक, समालोचक अनुसन्धानकर्ता सबैका लागि सहयोगी हुने हुनाले यो शोध कार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

उपन्यासका धेरै तत्त्वहरू छन् । छोटो समयमा निश्चित उद्देश्य लिएर गरिएको यस शोध कार्यमा उपन्यासका सबै तत्त्वलाई समेट्न सम्भव हुादैन । त्यसैले यस शोध कार्यमा **घामका पाइलाहरू** उपन्यासको पात्र विधानमा मात्र सीमित गरिएको छ ।

## १.७ सामग्री सङ्कलन र शोध विधि

प्रस्तुत शोध कार्यमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विवरणात्मक र विश्लेषणात्मक शोध विधिको प्रयोग गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । यसका अतिरिक्त विभिन्न विद्वान्हरूका लेख-रचना र सल्लाह सुझाव आदिलाई सामग्रीका रूपमा उपयोग गरी मूलतः अन्वेषणात्मक विधिको अवलम्बन गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोध पत्रलाई व्यवस्थित र सुसङ्गठित रूपमा पूरा गर्नका लागि विभिन्न परिच्छेद, शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस शोध पत्रको रूपरेखा निम्नानुसार रहेको छ :-

| | |
|---|---|
| परिच्छेद एक : | शोध परिचय |
| परिच्छेद दुई : | ध.च. गोतामेको सङ्क्षिप्त जीवनी |
| परिच्छेद तिन : | ध.च. गोतामेको औपन्यासिक यात्रा र **घामका पाइलाहरू** उपन्यास |
| परिच्छेद चार : | उपन्यासको पात्र विधानगत सैद्धान्तिक आधार र अन्य तत्त्वसाग पात्रको सम्बन्ध |
| परिच्छेद पााच : | **घामका पाइलाहरू** उपन्यासका पात्रहरूको विश्लेषण |
| परिच्छेद छ : | उपसंहार |

प्रमुख सन्दर्भ सूची

# परिच्छेद दुई

## ध.च. गोतामेको सङ्क्षिप्त जीवनी

## २.१ जन्म र बाल्यकाल

ध.च. गोतामे (धनुषचन्द्र गौतम) को जन्म जनकपुर अञ्चलको महोत्तरी जिल्लमा पर्ने मनराकट्टी भन्ने ठाउामा वि.सं. १९८८ पौष १२ गतेका दिन मध्यम वर्गीय ब्राहृमण परिवारमा भएको हो (भट्टराई, २०६४ : ७) । यिनी गोविन्दचन्द्र गौतम

तथा दीपवतीका पाँच भाइ छोरा गोपालचन्द्र, इश्वरचन्द्र, ध्रुवचन्द्र र उत्तमचन्द्र मध्येका जेठा छोरा हुन् (गौतम, २०५५ : १२७) । उनको न्वारनको नाम चेतनचन्द्र गौतम हो (भट्टराई, २०६४ : ७) । यिनका हजुरबुबा छविलाल गौतमको देवशमशेरसाग बाल्यकालदेखि नै हेलमेल रहेकाले परस्परमा बडो अन्तरङ्ग सम्बन्ध स्थापित हुन गएको थियो (गौतम, २०५५ : १२७) । छविलाल देवशमशेरका दरबारका पण्डित भएकाले वि.सं. १९५८ मा देवशमशेर सागै धनकुटातर्फ धपाइएका थिए । सर्वस्व हरण भएपछि छविलालको कुनै आयस्रोत नभएकाले आर्थिक अवस्था अत्यन्त कमजोर भएको थियो । अनेकौ अभाव र कठिनाइसाग सङ्घर्ष गर्नु पर्दा उनी दमको रोगले ग्रस्त भए । धनकुटामा दमको उपचार गर्ने मिसनरी अस्पताल नभएकाले उनी भारतको रक्सौलमा बस्न थालेका थिए । छविलालको निधन भएपछि गोतामेका पिता गोविन्दचन्द्रले भीषण अभाव र दरिद्रतासाग सङ्घर्ष गरेर परिवार पाल्नु पर्ने बाध्यता भयो र उनले पिताको निधनपछि रक्सौल बस्नु निष्प्रयोजन ठानी झण्डै बाह्र वर्षको प्रवासपछि आफ्नो परिवार सहित स्वदेश फर्की वीरगञ्जमा स्थायी बसोबास गर्न थाले (गौतम, २०५५:१०८) । उनले जीवन यापन गर्ने क्रममा वीरगञ्जको सलाई कारखानामा मासिक रू १५ को जागिर खान थाले । उक्त जागिरबाट परिवारको गुजारा चलाउनु परेकाले उनको परिवार न्यून आर्थिक अवस्थामा बस्न बाध्य थियो । कमजोर आर्थिक स्थितिका कारण गोतामेका काका तीर्थराजले पान पसल खोलेका थिए । पान पसल राम्ररी नचलेकाले काकाको सल्लाह अनुसार गोतामेले निकुन्त झासाग पढ्दै गरेको ट्युसन छाडेर सिनेमा हलमा पान बेच्न थाले (भट्टराई, २०६४:९) । यसरी ध.च. गोतामेको बाल्यकाल अभावै अभावमा वितेको देखिन्छ । युवा अवस्थाको पूर्वार्द्धसम्म आधिर्थक विपन्नताको सामना गर्न बाध्य गौतम वि. सं. २०१६ मा जागिरमा प्रवेश गरेपछि क्रमशः अर्थिक स्थितिमा सुधार हुादै गयो (गौतम, २०५५ : १०८) ।

## २.२. शिक्षा

ध.च. गोतामेको प्रारम्भिक शिक्षा रक्सौलमा भएको थियो । उनका बाजे छविलालले मासिक एक आना मात्र शुल्क लाग्ने गान्धी प्राइमरी स्कुलमा भर्ना गरिदिएका थिए । अङ्ग्रेज विरोधी क्रियाकलापको केन्द्रविन्दुका रूपमा रहेको त्यस पाठशालामा छविलालले नचाहादा नचाहादै पनि आर्थिक कारणवश बाध्य भएर भर्ना

गर्नु परेको थियो (गौतम, २०५३ : १४) । गोतामेले कक्षा चार सम्मको अध्ययन यसै विद्यालयमा गरेका थिए । छोराले हिन्दी मात्र बोलेको र मातृभाषा नेपाली विर्सन लागेको देखेर गोतामेका पिताले त्यसपछि उनलाई काठमाडौा पठाइदिएका थिए ( गौतम, २०५३ : १५) । सन् १९४७ मा गोतामेका ठूलाबाबा नारायणचन्द्रको भनसुन र काका बलरामको सिफारिसमा काठमाडौाको जे. पी. स्कुलमा उनी भर्ना भए (भट्टराई, २०६४ : ९) । हिन्दी र भोजपुरी वातावरणमा हुर्केका गोतामेलाई काठमाडौामा अध्ययन गर्दा भाषिक समस्याले सताएको थियो । भोजपुरी लेग्रो र अशुद्व उच्चारणले उनी स्वयम्लाई लज्जित बनाएको थियो । कक्षामा उरन्ठ्याउला विद्यार्थीले "मर्स्या काले तेरो काका पाले" भन्दै सामूहिक स्वरमा गरिएको कुटिल हुल्लडबाजी र सामूहिक भट्याइको चित्कारले गर्दा आफ्नो अपमान भएको सम्झी मन थाम्न नसकी बाहिर निस्केर घर आई नारायणचन्द्र साग भोलिदेखि स्कुल नजाने कुरा सुनाए । त्यसपछि गैरीधारा भान्दाइ ईश्वर अर्यालका घरमा गएर बस्न थाले । गोतामे काठमाडौा बस्दा मानसिक अस्वस्थताका साथै लुतो र पखालाका शिकार समेत भए (गौतम २०६३ : ९) पशुपति मेडिकल हलबाट औषधि ल्याएर खाादा पनि निको नभएपछि घर फर्कने जिद्धी गरी गोतामे रक्सौल आए । पुनः रक्सौलमा गान्धी स्कुलमा नै भर्ना भएर कक्षा पााच उत्तीर्ण गरे । मिडिल कक्षा उत्तीर्ण गर्नका लागि रक्सौलकै हजारीमल इङ्गलिस हाइस्कुलमा भर्ना भए (भट्टराई, २०६४ : १०) ।

ध.च. गोतामेका पिता वीरगञ्ज आएपछि गोतामेले दिनहु वीरगञ्जबाट रक्सौलसम्म हिडेर कक्षा आठ उत्तीर्ण गरे । कक्षा आठ उत्तीर्ण गरेपछि वीरगञ्जको ठाकुरराम हाइस्कुलमा नवौं कक्षामा भर्ना भए । कक्षा दसमा अध्ययन गर्दा गर्दै राणाविरोधी आन्दोलनमा संलग्न भएको आरोपमा स्कुलबाट निस्कासन भएपछि गोतामे प्रेमचन्द्रको सहयोग र आफ्नो लगनशीलताले भारतको मोतीहारीबाट सन् १९४८ मा प्रवेशिका (एस. एल. सी) द्वितीय श्रेणीमा उत्तीर्ण गरे (श्रेष्ठ, २०६६ : ८) । त्यसपछि भारतको मुजफ्फरपुरको जी. वी. वी. (हाल एल्. एस्.) कलेजबाट तृतीय श्रेणीमा आइ. ए. उत्तीर्ण गरेपछि बी. ए. मा भर्ना भए ।

गोतामेलाई २००७ सालको राजनीतिक चहलपहलले अध्ययनबाट वञ्चित गरायो र पछि त्रि. वि. वि. बाट बी. ए. तृतीय श्रेणी र एम. ए. (नेपाली) द्वितीय

श्रेणीमा उत्तीर्ण गरे (भट्टराई, २०६४ : १०) । गोतामेले ग्वालियर सङ्गीत महाविद्यालयबाट सङ्गीत पद्धतिमा शास्त्रीको उपाधि समेत हासिल गरे (गोतामे, २०५५ : २३) । यसरी गोतामेले जीवनका उतारचढाव साग सङ्घर्ष गर्दै विभिन्न परिस्थितिलाई पार गरी एम. ए. सम्मको अध्ययन पूरा गरेको देखिन्छ ।

## २.३. विवाह तथा पारिवारिक जीवन

ध.च. गोतामेले २००४ सालमा १६ वर्षको कलिलो उमेरमा विराटनगरकी शान्ता अधिकारी साग विवाह गरी दाम्पत्य जीवन सुरु गरेका थिए । उनको परिवारिक जीवन सुरुमा कष्टपूर्ण रहयो । वि. सं. २००७ मा आमाको असमयिक मृत्यु भएपछि उनी अत्यन्त  संवेदनशील भए । आमाको मृत्युपछि बाबुले दोस्रो विवाह गरेकाले गोतामेको हृदय विमाताको आगमनले झन आहत हुन पुग्यो (गोतामे, २०५५ : २३) । गोतामेका सर्वदा र सीमा नामका दुई छोरी र शुशीलचन्द्र नामका एक छोरा रहेका छन् (भट्टराई, २०६४ : १२) । यसरी गोतामेको विवाह तथा पारिवारिक जीवन अगाडि बढेको देखिन्छ ।

## २.४. जीवनका विविध मोडहरू

उपन्यासकार ध. च. गोतामेले जीवनका विविध मोडहरू पार गरेका थिए । उनका जीवनमा विभिन्न व्यक्तित्वका पाटाहरू रहेका छन् । ती व्यक्तित्वका पाटाहरूलाई विभिन्न शीर्षक अन्तर्गत निम्नानुसार चर्चा गरिएको छ :-

### २.४.१ साहित्यकार व्यक्तित्व

ध.च. गोतामेका नेपथ्यकालीन साहित्य साधनाको समय किटान गर्न गाह्रो छ । श्याम प्रसाद शर्माको सम्पादकत्वमा प्रकाशित **सेवा** पत्रिकामा २००८ सालमा गोतामेको “च्यातिएको पर्दा” कथा सर्वप्रथम प्रकाशति भएको देखिन्छ । यस भन्दा पहिले नै हिन्दी भाषामा कविता लेखेका थिए तर ती कविता अभ्यासिक लेखनको उपज भएकाले प्रकाशित हुन सकेनन् (भट्टराई, २०६४ : १९) ।

ध.च. गोतामेले नेपाली साहित्यका कविता, कथा, उपन्यास, निबन्ध, समालोचना आदि  विधामा कलम चलाएका छन् । विविध विधामा कलम चलाएपनि उनको सबैभन्दा फष्टाएको विधा उपन्यास हो । वि. सं. २०१६ देखि निबन्ध लेखन

गरेका गोतामे मूलतः हास्यव्यङ्ग्यात्मक निबन्धकार हुन् । उनले आफ्ना निबन्धमा मधुर हास्य र तीव्र व्यङ्ग्यका माध्यमले समाजका विसङ्गतिहरूको उत्खनन् गर्ने प्रशस्त प्रयास गरेका छन् । उनको सर्वप्रथम २०१६ सालमा 'संस्करण' नामक निबन्ध प्रकाशित भएको थियो । त्यसपछि 'प्रसारण कलाको जन्म र विकास' 'शून्य आगनका उदास आकृतिहरू', 'तुरिपुलको अग्लो बुर्जा मुनि', 'साघुरो वैयक्तिक चिन्तनप्रति', 'मल्लकालका कलाकौशल र साहित्य', 'गफ एक परिचर्चा', 'भान्सा गर्नु भो?', 'जुत्ता', 'दोसाधको सहर', 'दात, डायरी एक पर्यटकको', 'वीरहरूको सम्झना', 'वर्षात् गासिएको सम्झना', 'रेडियो र म', 'बुढी गाइड' आदि निबन्धहरू प्रकाशित भएका छन् । कतिपय हास्य व्यङ्ग्यात्मक छन् भने कतिपय संस्मरणात्मक निबन्ध रहेका छन् ।

गोतामेले समालोचना विधामा समेत आफ्नो कलम चलाएका छन् । उनका हास्यकदम्ब नेपाली भाषाको जेठो नाटक, "नया मूल्यको खोजमा आधुनिक नेपाली कविता", "प्रगतिशील साहित्यको समस्या" जस्ता समालोचनात्मक लेख प्रकाशित भएका छन् ।

गोतामेले कथा क्षेत्रमा पनि कलम चलाएका छन् । "च्यातिएको पदा" कथाबाट साहित्यमा उदाएका गोतामेका 'कहानी प्लट', 'आध्यारोमा हराएको छाया', 'छिटा' जस्ता कथा प्रकाशित छन् । ध. च. गोतामेले गद्य भाषामा बढी दक्षता देखाउदै 'वसन्त वन्दना', 'शुभकामना', 'सूर्यस्नान' आदि गद्य कविता प्रकाशित गरेका छन् ।

गोतामेको सर्वोत्कृष्ट रुचिको विधा उपन्यास नै हो । उनको भाव सम्प्रेषणको मूल माध्यम उपन्यास नै बनेको छ । सङ्ख्यात्मक रूपमा दुई वटा मात्र भए पनि गुणात्मकताका दृष्टिले नेपाली उपन्यास परम्परामा उत्कृष्ट रहेका छन् । उनको प्रथम उपन्यास **घामका पाइलाहरू** (२०३५) ले दुई वटा पुरस्कार (मदन पुरस्कार र साझा पुरस्कार) र दोस्रो उपन्यास **'त्यहादेखि त्यहासम्म'** (२०४२) ले साझा पुरस्कार प्राप्त गर्नुले गोतामे उपन्यास विधामा सिद्धहस्त भएको पुष्टि हुन्छ ।

### २.४.२ राजनीतिक व्यक्तित्व

गोतामेलाई राजनीतिक क्षेत्रमा प्रवेश गर्ने वातावरण गान्धी स्कुलबाट नै प्राप्त भयो । गान्धी स्कुल त्यस समयमा रक्सौलको अङ्ग्रेज विरोधी केन्द्र थियो । गोतामेको स्वर राम्रो भएकाले उनलाई ब्रिटिस विरोधी गीत गाउने र प्रार्थना गराउने कार्यमा संलग्न गराइयो (भट्टराई, २०६४:१२) । नेपाल आएपछि पनि उनको राजनीतिक चाख सेलाएन । वि. सं. २००३ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा भएको रक्सौलको जुलुस तथा आमसभामा गोतामेको सहभागिता थियो । शैलेन्द्रकुमार उपाध्यायका सम्पर्कका कारणले गोतामे कम्युनिस्ट सम्बद्ध भएर केही समय सम्म काम गरे (भट्टराई, २०६४ : १२) । यसरी गोतामेको जीवनको केही अंश राजनीतिमा समेत सामेल भएको देखिन्छ ।

### २.४.३ शिक्षक व्यक्तित्व

वीरगञ्जको बसाइपछि २०१० सालमा गोतामे काठमाडौं आए । काठमाडौं बस्दा जीवन यापनको केही साधन नभएकाले ट्युसन पढाएर जीविका चलाउन थाले र दुई वर्ष जति कन्या मन्दिरको शिक्षक भएर शिक्षण पेसामा सहभागी भए (भट्टराई, २०६४ : १३) ।

### २.४.४ पत्रकार व्यक्तित्व

काठमाडौंमा विविध आर्थिक अप्ठ्यारा साग सङ्घर्ष गर्दै २०१२ सालदेखि २०१६ सालसम्म विभिन्न पत्रपत्रिकामा संलग्न भएर गोतामेले कार्य गरेको पाइन्छ । सर्वप्रथम **वाछिटा** दैनिकमा सम्पादक तथा प्रकाशक भएर केही समयसम्म काम गरे । त्यसपछि **नयाा समाज** मा श्याम प्रसाद र ध. च दुवै मिली कार्य गरे भने केही समय **फिलिङ्गो** पत्रिकामा पनि यिनले काम गरेका थिए (भट्टराई, २०६४:१३) ।

### ४.४.५ कर्मचारी व्यक्तित्व

तत्कालीन गृहमन्त्री सूर्य प्रसाद उपाध्यायको आदेशमा २०१६ साल पौष १२ गते देखि गोतामे रेडियो नेपालको **झङ्कार** पत्रिकाको सम्पादकका रूपमा अधिकृत स्तरमा कार्य गर्न थाले ।

वि. सं. २०२० देखि २०२७ सम्म राष्ट्रिय पञ्चायतको सचिवालयमा अधिकृत भएर कार्य गरे । त्यसरी नै २०२७ देखि २०२९ सम्म सूचना विभागको अधिकृतको भूमिका निर्वाह गरेको देखिन्छ । वि. सं.  २०३४ देखि २०४१ सालसम्म योजना

आयोगमा कार्यरत गोतामे २०४२ देखि २०४५ सालसम्म सूचना विभागका निर्देशक बनेका थिए । वि. सं. २०४५ देखि राष्ट्रिय योजना आयोग अन्तर्गत आधारभूत आवश्यकता अनुगमन उपसमितिको सहसचिव भएर काम गरे । जागिरे जीवनबाट अवकास पाएपछि तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य-सचिव समेत बने (गौतम, २०६३ : ३९) । यसरी गोतामेले लामो अवधि सम्म विभिन्न पदमा रहेर कर्मचारी जीवन व्यतीत गरेको देखिन्छ ।

### २.४.६ अनुसन्धानकर्ता व्यक्तित्व

वि. सं. १९९७ को राणाशासन विरुद्धको आन्दोलनमा भाग लिादा जन्म कैद र अंश सर्वस्व पाएका चन्द्रमान सैजुको नेपालको इतिहासमा लुकेको व्यक्तित्वलाई प्रकाशनमा ल्याउने काम गोतामेले गरेका छन् (गोतामे २०५५ : २३) । योगी नरहरिनाथले गरेको तर लुकेको इतिहासलाई गोतामेले प्रकाशनमा ल्याउने काम गरेकाले उनको जीवनको एउटा पाटो अन्वेषणकर्ताका रुपमा पनि परिचित छ ।

### २.४.७ अन्य व्यक्तित्व

बाल्यकाल भारतमा बिताएर अध्ययन समेत भारतमा नै गरेका गोतामेको हिन्दी भाषामा राम्रो ज्ञान भएको कुरा उनका संस्मरणात्मक कृतिहरूमा उल्लेख गरेका छन् । उनकी आमा मुर्कीपलियामा जन्मेकी हुनाले गोतामेलाई पनि भोजपुरी भाषा राम्ररी आउाथ्यो (गोतामे, २०५५ : १७) । भारतमा अङ्ग्रेजी राम्ररी पढाइ हुने भएकाले गोतामेको अङ्ग्रेजी भाषामा पनि राम्रो ज्ञान थियो । सूचना विभागमा कार्यरत हुादा ब्रिटेनकी महारानी एलिजावेथ नेपाल भ्रमणमा आएको समयमा उनको अङ्ग्रेजी भाषण ६/७ घन्टामा नै अनुवाद गरी राजा महेन्द्र समक्ष प्रस्तुत गरेका थिए । यसबाट उनको अङ्ग्रेजी भाषाको ज्ञान राम्रो भएको कुरा अवगत हुन्छ । नेपाली भाषामा गोतामेले दुई वटा उपन्यास लगायत ६ वटा निबन्ध सङ्ग्रह एवम् विभन्न साहित्यिक लेख रचना प्रकाशित गरेकाले उनी नेपाली भाषाको कुशल प्रयोक्ता भएको प्रमाणित हुन्छ । यसरी बहुमुखी प्रतिभाका धनी गोतामेले जीवका विविध मोडहरू पार गरेका छन् ।

## २.५ भ्रमण

ध. च. गोतामेको बाल्यकाल भारतको रक्सौल, नेपालको तराई वीरगञ्ज, नेपालगञ्ज र काठमाडौंमा नै वित्यो । राजनीति तथा अध्ययनका सिलसिलामा गोतामेले विभिन्न स्थानको भ्रमण गरेका छन् । सूचना विभागको जागिरको क्रममा सन् १९६६ मा बेलायत भ्रमण गरे भने वि. सं. २०३८ मा योजना आयोगमा कार्यरत हुादा अमेरिकाका साथै इजिप्टको कायरो, ग्रीसको राजधानी एथेन्स लगायत नगेन्द्र प्रसाद रिजाल प्रधानमन्त्री हुादा इरानको भ्रमण गरेका थिए । उनी सूचना विभागको निर्देशक रहादा चीन भ्रमण गर्नुका साथै वि. सं. २०१३ मा कन्या मन्दिरमा अध्यापन गराउने समयमा विश्वशान्ति सम्मेलनमा भाग लिन श्रीलङ्काको भ्रमण गरेका थिए (भट्टराई, २०६४ : १४) । यसरी उनले आफ्ना जीवन कालमा बेलायत, अमेरिका, इजिप्ट इरान, चीन र भारत आदि देशहरू भ्रमण गरेको देखिन्छ ।

## २.६ प्रेरणा र प्रभाव

ध. च. गोतामेका पिताले अध्ययन गर्ने **माया**, **मनोहर**, **कहानियाा** जस्ता हिन्दी पत्रिकाहरूमा प्रकाशित कथाहरू उनी पढ्ने गर्दथे । पिताका लागि पत्रपत्रिका ल्याइदिने र अध्ययन गर्ने कारणले लेखनतर्फ उन्मुख भएर आफूले पनि लेख्ने र लेखक बन्ने प्रेरणा सागालेको देखिन्छ । गोतामेका शिक्षक एवम् वनवारी पुस्तकालयका अध्यक्ष निकुन्त झाको प्रेरणाले उनको साहित्यिक कृतिहरूका अध्ययन तर्फको रुचि बढ्यो । आफ्ना शिक्षक झाको सहयोग र निर्देशनले गर्दा उनी हिन्दी उपन्यासकार प्रेमचन्द्र, शरदचन्द्र, जैनेन्द्र, अज्ञेय आदिका उच्च स्तरीय उपन्यास पढ्न सफल भए (गोतामे, २०५५:१०८) ।

वीरगञ्जको बसाइमा सहपाठी श्याम प्रसाद शर्मासागको भेट घाट र छलफलका साथै रचनाहरू लेख्न प्रोत्साहित गर्ने र लेखिएका रचनालाई प्रकाशित गरी दिने कार्य समेत गोतामेले श्याम प्रसाद शर्माबाट प्राप्त गरे (भट्टराई, २०६४:१७) । बाजेको सर्वस्व हरण, आमाको मृत्युपछि अर्की आमाको आगमन, बाबुको कडा स्वभाव र भाइहरूप्रति भावुक एवम् संवेदनशील भएका गोतामेको लेखनकलामा सिर्जनात्मक रूपमा प्रेरणा जागेको देखिन्छ । तत्कालीन राजनीतिक परिवेशले पनि गोतामेलाई साहित्य लेखनमा मलजल पुऱ्याउने काम गरेको देखिन्छ । ट्युसन पढाउने शिक्षक

रमाकान्त मिश्र लगायत बालकृष्ण सम, लक्ष्मी प्रसाद देवकोटा, पारिजात अनि भाइ ध्रुवचन्द्र गौतमबाट पनि गोतामेले प्रशस्त प्रेरणा प्राप्त गरेका थिए । यी बाहेक गोतामेले विभिन्न भाषाका साहित्य अध्ययन गरेकाले लेखनमा प्रेरणा मिलेको देखिन्छ । हिन्दी लेखकहरूमा प्रेमचन्द्र साथै फणिश्वरनाथ रेणुबाट गोतामे बढी प्रेरित देखिन्छन् ।

## २.७ साहित्यमा प्रवेश

विभिन्न किसिमका पुस्तक तथा पत्रपत्रिकाको अध्ययन गर्ने काममा गोतामेको साहित्यप्रति रुचि जागृत हुादै गयो । विद्यार्थी जीवनमा फाटफुट रुपमा हिन्दी भाषामा कविता लेखे पनि प्रकाशित भएको पाइादैन । साहित्य लेखनको आरम्भका कतिपय लेखहरू गोतामेले चतनचन्द्र नामबाट प्रकाशित गरेका छन् । ध.च. गोतामे र चेतनचन्द् नामबाट साहित्य क्षेत्रमा प्रख्यात व्यक्तित्व धनुषचन्द्र गौतम हुन् (सुवेदी, २०४३ : १३२) । गोतामे सर्वप्रथम २००८ सालमा श्याम प्रसाद शर्माको सम्पादकत्वमा, वीरगञ्जबाट प्रकाशित **सेवा** पत्रिकामा 'च्यातिएको पर्दा' कथा लिएर नेपाली साहित्यमा उदाएका हुन् (भट्टराई २०६४ : १९) । वि. सं. २००८ कै **सेवा** पत्रिकामा धुनषचन्द्र गौतम नामबाट लेख प्रकाशित गरी साहित्य यात्रामा अर्को इटा थप्ने काम गरेका थिए  (सेवा, २००८: १६) । यसरी वि. सं. २००८ देखि सार्वजनिक प्रकाशन कार्यमा लागेका गोतामेका साहित्यिक रचनाहरू निरन्तर प्रकाशनमा आएको पाइदेन । वि. सं. २०१६ मा **झङ्कार** पत्रिकामा 'एक संस्मरण' शीर्षकको निबन्ध प्रकाशित गरी निबन्ध लेखनको सुरुवात गरेको पाइन्छ । गोतामेले समालोचनाका क्षेत्रमा पनि कलम चलाएका छन् । नेपाली भाषाको जेठो नाटक **हास्यकदम्ब**बाट समालोचना विधामा कलम चलाउन सुरु गरे । उनले 'वसन्त वन्दना', 'सूर्यस्नान' जस्ता गद्य कविताका साथै विभिन्न पत्रपत्रिकाहरूमा फुटकर लेख रचनाहरू उपन्यास र विभिन्न संस्मरणात्मक निबन्धहरू समेत प्रकाशित गरेका छन् ।

## २.८ साहित्यिक कृतिहरू

ध. च. गोतामेले कविता, कथा, उपन्यास, निबन्ध, समालोचना आदि विधामा आफ्नो कलम चलाएका छन् । विभिन्न विधाहरूमा कलम चलाए तापनि उनी उपन्यास विधामा बढी सफल देखिन्छन् । त्यस पछिको उल्लेख्य विधा संस्मरणात्मक निबन्ध हो ।

कथा, कविता र समालोचना चाहि विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । गोतामेका प्रकाशित पुस्तकाकार साहित्यिक कृतिहरू निम्नानुसार रहेका छन् :-

**उपन्यास**

**घामका पाइलाहरू** (२०३५)
**यहाादेखि त्यहाासम्म** (२०४२)

**निबन्ध सङ्ग्रह**

**कालान्तर** (२०५३)
**'संज्ञासर्वनाम'** (२०५४)
**उत्तरोत्तर** (२०५५)
**सम्झनाका गल्छेडाहरूमा** (२०५५)
**तीनवास** (२०५८)
**आरोह-अवरोह** (२०६२)

## २.९ सम्मान तथा पुरस्कार

आफ्नो जीवनभरि गोतामे नेपाली भाषा र साहित्यको उत्थानमा निरन्तर लागिरहे । नेपाली साहित्यमा विशिष्ट योगदान गरेकाले गोतामेले समय-समयमा विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । ती पुरस्कार तथा पदकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

- मदन पुरस्कार २०३५
- साझा पुरस्कार २०३५
- साझा पुरस्कार २०४२
- भिक्टोरियन मेडल २०४२
- गो. द. बा. चौथो २०४४
- रजत महोत्सव पदक २०५४

## २.१० देहावसान

जन्मदेखि नै अनेक प्रकारका परिस्थिति साग सङ्घर्ष गर्दै जीवन यापन गरेका गोतामेको छातीको रोगको पीडाबाट ग्रसित हुादै वि. स. २०६३ मङ्सिर १९ गते काठमाडौंमा देहावसान भयो (भट्टराई, २०६४:७८) ।

# परिच्छेद तिन

## ध.च गोतामेको औपन्यासिक यात्रा र घामका पाइलाहरू उपन्यास

### ३.१ ध.च. गोतामेको औपन्यासिक यात्रा

वि. सं. २००८ बाट औपचारिक रुपमा साहित्यमा प्रवेश गरेका गोतामे साहित्यका अन्य विधा कथा, कविता, निबन्ध र समालोचना आदिमा कलम चलाए पछि मात्र उपन्यास विधामा कलम चलाएका देखिन्छन् । उनी लेखनमा सङ्ख्यात्मकतालाई भन्दा गुणात्मकतालाई बढी महत्त्व दिन्छन् । फुटकर रचना भन्दा बृहत् विधालाई मन पराउने गोतामे बृहत् रचना पश्चात् मात्र आफ्नो लेखकीय क्षुधा शान्त हुने भाव व्यक्त गर्दछन् । फुटकर रचनामा भाव र विचारको गहन अभिव्यक्ति हुन सक्ने कुरामा उनी शङ्का प्रकट गर्दछन् (गौतम, २०६३ : २९) । आफूलाई आञ्चलिक उपन्यासकार भनेकामा आफ्नो कुनै खास विरोध नभएको तर आञ्चलिकताका सम्बन्धमा समालोचकहरूको कुनै ठोस, स्पष्ट तथा सही धारणा नआएकोमा आफू सन्तुष्ट नभएको जानकारी गोतामेले शोधार्थी रमेश प्रसाद भट्टराई समक्ष दिएका थिए (भट्टराई २०६४ : ४) । सिर्जनाका विभिन्न विधाहरूको लामो अभ्यास र परिष्कृति हासिल गरिसकेपछि मात्र वि. सं. २०३५ मा **घामका पाइलाहरू र** २०४२ सालमा **यहाादेखि त्यहाासम्म** उपन्यास प्रकाशित गरेका छन् । यिनै दुई वटा उपन्यासले गोतामेलाई नेपाली उपन्यास परम्परामा सफल उपन्यासकारका रूपमा स्थापित गरेको पाइन्छ ।

साहित्यका अन्य विधामा कलम चलाएर आफ्नो लेखनीलाई तीक्ष्ण बनाएपछि मात्र गोतामे उपन्यास लेखनमा लागेका हुन् । वि. सं. २००८ देखि साहित्य साधनामा लागे पनि २०३५ सालमा मात्र उनको पहिलो औपन्यासिक कृति **घामका पाइलाहरू** प्रकाशित भयो । यस समयावधि सम्ममा गोतामेको साहित्य साधना परिपक्व बनिसकेको थियो । **घामका पाइलाहरू** उपन्यासका लागि मदन पुरस्कार र साझा पुरस्कार प्राप्त गर्नुले पनि गोतामेको साहित्य साधना मजबुत एवम् सफल भएको पुष्टि हुन्छ ।

गोतामेको अर्को उपन्यास **यहाा देखि त्यहाासम्म** (२०४२) हो । उनको औपन्यासिक यात्रा २०३५ बाट आरम्भ भएर २०४२ सम्म रहेको छ । वि. सं. २०४२ पछि अन्य विधाका कृतिहरू प्रकाशन भए पनि उनको औपन्यासिक यात्रा भने ७ वर्षको मात्र रहेको छ । यस औपन्यासिक यात्राका क्रममा गोतामेका विभन्नि औपन्यासिक प्रवृत्तिहरू देखिएका छन् ।

### ३.२. ध. च. गोतामेका औपन्यासिक प्रवृत्तिहरू

नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराको अनुशरण गरी त्यसमा पनि आञ्चलिकताले रङ्गाउदै गोतामेले दुई वटा उपन्यासहरू प्रकाशित गराएका छन् । उनको पहिलो उपन्यास **घामका पाइलाहरू** (२०३५) हो भने अर्को उपन्यास **यहाादेखि त्यहाासम्म** (२०४२) हो । यिनै दुई वटा उपन्यासका आधारमा गोतामेका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

### ३.२.१ सामाजिक यथार्थवादी

सामाजिक यथार्थलाई वरण गर्दै समाजका यथार्थहरूको उद्घाटन गर्ने, सामाजिक यथार्थसाग आदर्श मानवीय मूल्यको स्थापना गर्ने र समाज सुधारको आकाङ्क्षा राख्ने प्रवृत्ति गोतामेका उपन्यासमा पाइन्छ (भट्टराई, २०६४:१००) । गोतामेका उपन्यासमा सामाजिकता भित्र आदर्शका स्वरहरू उर्लिएका छन् । पुरानो पुस्ता र नयाा पुस्ता, परम्परागत जीवन र आधुनिक जीवन, विज्ञानको आविष्कारले ल्याएको परिवर्तन र सामाजिक जीवनको सङ्क्रमण तथा द्वन्द्वलाई चित्रण गर्ने काम गोतामेका उपन्यासमा भएको पइन्छ ।

यातायातको अगमनले तराईमा फैलिएको आधुनिकताको घामलाई उनका उपन्यासमा सामाजिक यथार्थको रूपमा प्रस्तुत गरिएको छ (गौतम, २०६३:४८) । **घामका पाइलाहरू**मा देवशमशेरलाई पदच्यूत गर्दाको घटना उल्लेख गरी तत्कालीन शासकको षड्यन्त्रलाई देखाएका छन् । उनका उपन्यासमा उच्च वर्ग र निम्न वर्गको द्वन्द्व पनि पाइन्छ । **यहाादेखि त्यहाासम्म** उपन्यासमा पार्वती, पुजारी, हर्चनवाा आदि पात्रको सङ्घर्षमय जीवनको यथार्थपरक चित्रण गरिएको छ । **घामका पाइलाहरू**मा प. दुर्गानाथ र पीताम्बर अनि रेलवे स्टेसनमा काम गरी जीवन निर्वाह गर्ने कमजोर

आर्थिक स्थितिका व्यक्तिहरूको चित्रण गोतामेले गरेका छन् । तसर्थ गोतामेको मूल प्रवृत्ति सामाजिक यथार्थवादी रहेको देखिन्छ ।

### ३.२.२ आञ्चलिकता

ध. च. गोतामेको उपन्यासकला मुख्यतः आञ्चलिकता र चारित्रिक संयोजनमा केन्द्रित बन्न पुगेको छ (बराल र एटम, २०६६:८३) । यथार्थताको निम्ति आञ्चलिकता व्यावहृत नभई यथार्थ-समसिर्जित अर्कै तह हो (राई, २०५०:१५८) । तराईको सामाजिक जीवन, रहनसहन, रीतिस्थिति, भूगोल स्थानीय, वेषभूषा, चाडपर्व, भाषा आदिबाट गोतामेले स्थानीयताको सजीव चित्र उतारेका छन् । प्रायः उपेक्षित तराईको ग्राम्य र सहरी दुवै आञ्चलिक परिवेशलाई उनले उपन्यासका माध्यमबाट प्रष्ट्याएका छन् । **घामका पाइलाहरू** नगर जीवनको प्रतिनिधित्व गर्ने उपन्यास हो भने **यहाादेखि त्यहाासम्म** तराईको अपरिचित ग्राम्य जीवनका विभिन्न अवस्थाहरूलाई प्रस्तुत गर्न सफल देखिन्छ । अञ्चल विशेषका विशेषताहरूलाई प्रष्ट्याउन दुवै उपन्यासहरू सफल रहेकाले गोतामेको अर्को औपन्यासिक प्रवृत्ति आञ्चलिकता हो (सुवेदी, 'श्रमिक', २०५६:६३) ।

### ३.२.३ मानवतावादी

ध. च. गोतामेले आफ्ना उपन्यासहरूमा मान्छेका संवेदनशील क्षणलाई टिप्दै तिनले भोग्नु परेका समस्याहरूलाई उपन्यासका माध्यमबाट प्रस्तुत गरेका छन् । अरुका दुःखमा दुःखी हुादै साथ दिने मानवीय सद्भाव व्यक्त गर्ने र अरूको मूल्य मान्यता र अस्तित्वलाई स्वीकार गर्ने खालका पात्रहरू गोतामेका उपन्यासमा पाइन्छन् । **घामका पाइलाहरू** उपन्यासमा पं. दुर्गानाथ विरामी हुादा लोकोवाबुले रेलवेको कर्मचारी डाक्टरलाई औषधि गर्न राति नै दुर्गानाथको घरमा पठाए भने उनको आर्थिक अवस्थालाई सहयोग पुऱ्याउनका लागि छोरी अणुलाई पढाउन पवनलाई पैसा दिएर व्यवस्था गरे । यो उनको मानवीय संवेदनाको द्योतक हो । **यहाादेखि त्यहाा सम्म** उपन्यासमा भाखी गुरुलाई धनको लोभ नभएका शिक्षक र वैद्यको रूपमा उभ्याइ मानवीय आदर्श चरित्रको उदाहरण प्रस्तुत गरेका छन् । उनका उपन्यासमा विधुवाले भोग्नु परेका कष्ट एवम् रेलवे स्टेसनका श्रमिकले व्यतीत गरेका दिनचर्याहरूलाई

मानवीय संवेदनाका रूपमा प्रस्तुत गरेका छन् । गोतामेका दुवै उपन्यासमा मानवीय भावना व्यक्त भएको हुनाले उनको अर्को औपन्यासिक प्रवृत्ति मानवतावादी रहेको देखिन्छ ।

### ३.२.४ मनोविश्लेषणात्मकता

पात्रका विभिन्न असामान्य मनोदशाको चित्रण गर्नु मनोविश्लेषण हो । गोतामेका उपन्यासमा यो प्रवृत्ति पाइन्छ । **घामका पाइलाहरू** उपन्यासमा यो प्रवृत्ति केहीमात्रामा देखिएको छ भने **यहादेखि त्यहासम्म**मा सबल भएर आएको छ । **घामका पाइलाहरू**मा पवन अणु साग नजिक हुन खोजेको र अणुको पनि क्षण-क्षणमा असामान्य मनोदशाको सूक्ष्म आभाष पाइन्छ भने अर्को उपन्यास **यहादेखि त्यहासम्म**मा विधुवा नारीका कुण्ठित मनोदशाको सम्यक् चित्रण गरिएको छ । तसर्थ गोतामेको अर्को औपन्यासिक प्रवृत्ति मनोविशलेषणात्मकता रहेको देखिन्छ ।

### ३.२.५ क्रान्तिकारिता

समाजका अन्याय र अत्याचार शोषण र कुरीतिका विरुद्धमा गोतामेले विभिन्न पात्रका माध्यमद्वारा आवाज बुलन्द गराउादै क्रान्तिधर्मिता देखाएका छन् । **घामका पाइलाहरू**मा रेलवेका कर्मचारी डाक्टरले श्रीवास्तवलाई गालामा हिर्काउाछ तर त्यसको. बदला गणेशीको माध्यमबाट श्रीवास्तवले लिन्छ । अन्याय आफैमा जति शक्तिशाली भए पनि विरोध भइरहन्छ सधैं टिक्न सक्दैन भन्ने कुरा उनका दुवै उपन्यासमा चरितार्थ भएको छ ।

### ३.२.६ भाषा शैलीको सफल प्रयोक्ता

सचेत कथानक विभिन्न प्रवृत्तिका पात्रहरू, सामाजिक विषयवस्तुको प्रयोग, स्थानीय विशेषताको चित्रण गरेर पनि वर्तमान युग र सिङ्गो राष्ट्रिय परिवेशलाई व्यञ्जित गर्न गोतामे सफल भएका छन् । उनका उपन्यासमा पुनराद्वीपन शैली अर्थात् सद्योघटित कथांशका परिप्रेक्षलाई बुझाउन अतीतको घटना वा दृष्टान्तको दिग्दर्शन गराइने शैलीको प्रयोग सरल भाषामा भएको पाइन्छ । **घामका पाइलाहरू**मा पुनराद्वीपन शैलीको सामान्य प्रयोग छ भने यसको बढी विस्तार **यहादेखि त्यहासम्म** उपन्यासमा भएको छ । **यहादेखि त्यहासम्म**मा कथावस्तुका पूर्वानुसङ्गी सुदूर अतीतका

ऐतिहासिक पुरुष (जङ्गबहादुर र चन्द्रशमशेर आदि) र अन्य कल्पित पुरुष (विपुलनाथ कृष्णात्रे आदि) जस्ता मूल परिकल्पित काल छेक्ने चरित्रसाग सम्बन्धित घटनाको अन्तर्निवेश प्रायः पुनराद्वीपन शैलीमा गरिएको छ ।

गोतामेका दुवै उपन्यासमा काव्यात्मक एवम् आलङ्कारिक भाषाको प्रयोग पाइन्छ । उनको आलङ्कारिकता **घामका पाइलाहरू**मा भाषिक सहजताका रूपमा आएको छ भने **यहाादेखि त्यहाा सम्म**मा समृद्व बनेको छ । ठाउा-ठाउामा संस्कृतका श्लोक एवम् उखान टुक्काका प्रयोगले उपन्यासको भाषालाई सुंष्ठु एवम् आलङ्कारिक र काव्यमय बनाएको छ । 'घरको बाघ वनको स्याल', 'जो चोर उसको ठूलो स्वर', 'जसले सूर्यलाई थुक्ने चेष्टा गर्दछ त्यसको आफ्नो मुख भरि थुक पर्दछ' । "बूढो भयो रसरङ्ग गयो, आागन भयो परदेश" (पृ. ५८) जस्ता उखान टुक्काको प्रसङ्ग अनुकूल सफल प्रयोग गरेका छन् ।

**शैले शैले न माणिक्यं मोक्तिकम् न गजे गजे ।**
**साधवो नहि सर्वत्र चन्दम् न वने वने ॥** (पृ. २६)

जस्ता चारणाक्य नीतिका श्लोक एवम् वादे वादे जायते तत्त्वबोध (पृ. २१०) आदि संस्कृत श्लोकहरूको प्रयोग तथा प्रचलित नेपाली कूटपद्यहरूको प्रयोगले उपन्यासको भाषालाई रोचक, आकर्षक र प्रभावकारी बनाएको छ । गोतामेका उपन्यासमा आख्यान र घटनाको सन्तुलित संयोजन छ भने पात्र अनुसारको संवाद सरल र मिठो शैलीमा प्रस्तुत भएको छ तसर्थ गोतामेको अर्को औपन्यासिक प्रवृत्ति भाषा शैलीको सफल प्रयोक्ता पनि रहेको छ ।

## ३.३ घामका पाइलाहरू उपन्यासको सङ्क्षिप्त परिचय

सर्वप्रथम २०३५ सालमा साफा प्रकाशनबाट प्रकाशित **घामका पाइलाहरू** उपन्यास डिमाइ साइजका २३३ पृष्ठमा संरचित छ । साफा प्रकाशनबाट निरन्तर प्रकाशित उक्त कृति हालसम्म विभिन्न संस्करणहरूमा आएको छ । वि. सं. २०६४ मा छैटौं संस्करण २१०० प्रति छापिएको छ । उक्त कृतिको मूल्य १०३ रुपैया रहेको छ । उपन्यास कुनै भूमिका विना नै आरम्भ गरिएको छ । ३४ ठाउामा विभिन्न चारपाटे चिन्हहरूको प्रयोग गरिएको छ । यी चिन्हहरू नवीन प्रयोगकासाथ आएको देखिन्छ ।

**घामका पाइलाहरू** उपन्यासको सङ्क्षिप्त परिचय निम्नलिखित शीर्षकहरूद्वारा प्रस्तुत गरिएको छ :-

### ३.३.१ पृष्ठभूमि

नेपाली उपन्यास परम्पराको इतिहासमा ध. च. गोतामे अगाडि पनि विभिन्न प्रवृत्तिका उपन्यासहरू लिएर धेरै उपन्यासकारहरू उदयमान भइसकेका थिए । वि. सं. १८२७ मा शक्तिवल्लभ अर्यालको महाभारत **विराट पर्व**बाट आरम्भ भएको आख्यान सिर्जन परम्परा १८३३ मा भानुदत्तको **हितोपदेश मित्रलाभ**को अनुवादबाट अगाडि बढेको छ (सुवेदी, २०६४:४८) । वि. सं. १९४६ मा प्रकाशित वीरसिकाबाट उपन्यास क्षेत्रमा रम्याख्यान परम्पराको आरम्भ भएको हो । सुरुदेखि वीरसिकाको प्रकाशन पूर्वलाई प्राथमिक काल, वीरसिकाको प्रकाशन अर्थात १९४६ देखि १९९० सालसम्म नेपाली उपन्यासको माध्यमिक काल मानिन्छ । वि. सं. १९९१ मा **रुद्रराज** पाण्डेको **रुपमती** उपन्यास प्रकाशित भए पछि नेपाली उपन्यास परम्परामा आधुनिकता आएको हो (बराल र एटम, २०६६:८३) । यसरी नेपाली उपन्यास परम्पराको सिङ्गो इतिहासलाई विभिन्न विद्वान्हरूले तिन खण्डे काल विभाजनको अवधारणा अनुसार विभाजन गरेका छन् ।

नेपाली उपन्यासको आधुनिक कालमा पनि गोतामे पूर्व विभिन्न धारा र प्रवृत्तिका उपन्यासहरू लिएर धेरै उपन्यासकारहरू आएका छन् तथापि यी उपन्यासकारहरूका माझमा गोतामे पनि विशिष्ट पहिचान दिलाउदै उपन्यास क्षेत्रको मैदानलाई अझ फराकिलो पार्न सफल भएका छन् । गोतामे पूर्व आधुनिक कालका केही प्रतिनिधि उपन्यास र उपन्यासकारहरू यस प्रकार रहेका छन् :-

अदर्शोन्मुख यथार्थवादी धारा

**रुद्रराज** पाण्डेको **रूपमती** (१९९१) बाट यस धाराको आरम्भ भएको देखिन्छ ।

स्वच्छन्दतावादी धारा

रूपनारायण सिहंको **भ्रमर** (१९९३) उपन्यास प्रकाशित भए पछि यस धाराको प्रारम्भ भएको मानिन्छ ।

सामाजिक यथार्थवादी धारा

लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (२००४) प्रकाशन भए पछि यस धाराको प्रर्वतन भएको मानिन्छ ।

ऐतिहासिक यथार्थवादी धारा

डायमनशमशेरको **वसन्ती** (२००६) प्रकाशन भए पछि यस धाराको आरम्भ भएको हो ।

अतियथार्थवादी धारा

लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (२००८) प्रकाशन भएपछि यस धाराको सुरु भएको हो ।

आलोचनात्मक यथार्थवादी धारा

हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (२०११) प्रकाशन भएपछि यस धाराको प्रारम्भ भयो ।

मनोविश्लेषणवादी धारा

गोविन्द बहादुर मल्ल 'गोठाले' **पल्लोघरको झ्याल** (२०१६) प्रकाशन गरी यस धारको सुरु गर्न पुग्दछन् ।

विसङ्गतिवादी धारा

इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१) बाट यस धाराको आरम्भ भएको मानिन्छ ।

अस्तित्ववादी धारा

पारिजातले **शिरीषको फूल** (२०२२) प्रकाशन गरे पछि यस धाराको आरम्भ भयो ।

प्रयोगवादी धारा

ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) आएपछि यस धाराको प्रारम्भ भयो ।

मिथकीय धारा

विश्वेशवर प्रसाद कोइरालाबाट **सुम्निमा** (२०२७) उपन्यास प्रकाशन गरी यस धारको प्रवर्तन भएको हो ।

यसरी गोतामे पूर्वनै विभिन्न धारा र प्रवृत्तिका उपन्यास प्रकाशन भइसकेका हुनाले गोतामेले नयाा प्रवृत्तिको जन्म नदिई स्थापित मान्यतालाई प्रवल तुल्याउने काम गरेका छन् । गोतामे मुलतः आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराबाट प्रभावित देखिन्छन् । उनका उपन्यासमा मनोविश्लेषणात्मकता र प्रयोगात्मकताका सामान्य चेष्टाहरू देखा परेतापनि उनी मूलतः सामाजिक यथार्थवादी धाराकै उपन्यासकार बन्न पुगेका छन् (बराल र एटम, २०६६ : ८८) ।

गोतामेको **घामका पाइलाहरू** (२०३५) प्रकाशन हुादासम्म २७ वर्ष लेखन साधना गरिसकेकाले सामाजिक यथार्थवादी धारामा आञ्चलिकताको रङ्गले रङ्गाएर उत्कृष्ट उपन्यास दिन उनि सफल भएका छन् । उनको अर्को उपन्यास **यहाादेखि त्यहाासम्म** (२०४२) पनि त्यत्तिकै उत्कृष्ट रहेको छ । **घामका पाइलाहरू**ले २०३५ को मदन पुरस्का र साझा पुरस्कार एवम् **यहाादेखि त्यहाासम्म** (२०४२) ले साझा पुरस्कार प्राप्त गर्नुले गोतामेको सफल उपन्यासकारिताको पुष्टि हुन्छ ।

### ३.३.२ संरचना

संरचना भन्नाले आन्तरिक र बाहृय दुवै स्वरूप बुझिन्छ । **घामका पाइलाहरू** उपन्यास डिमाइ साइजको २३३ पृष्ठमा संरचित छ । उपन्यासलाई विभिन्न खण्डमा छुट्याउने एउटा, दुई वटा, तिन वटा र चार वटा चारपाटे (□) चिन्हको प्रयोग ३४ ठाउामा गरिएको छ । अन्य उपन्यास जस्तो विभिन्न खण्डमा विभाजन नभए तापनि यी चिन्हहरूको प्रयोग हेर्दा नवीन प्रयोगका साथ उपनयासकारले खण्ड विभाजन गर्न

खोजेको बुभिन्छ । कुनै पनि भूमिका विना नै उपन्यास आरम्भ भएकाले यी चार पाटे चिन्हको प्रयोग गर्नुको आशय प्रष्ट्याउन मुश्किल देखिन्छ ।

यी विभिन्न चिन्हको प्रयोगले नयाा प्रयोगात्मक ढङ्गमा संरचित उपन्यासको संरचना सबल देखिन्छ । यिनै चिन्हहरूलाई आधार मान्दा उपन्यास ३४ परिच्छेदमा विभाजित छ ।

### ३.३.३ उपन्यास तत्त्वका आधारमा घामका पाइलाहरू उपन्यासको विवेचना

उपन्यास बन्नका लागि विभिन्न अवयवहरूको आवश्यकता पर्दछ । तिनै अवयवहरूलाई कसैले उपन्यासका तत्त्व वा उपकरण पनि भन्ने गरेको पाइन्छ । उपन्यासका तत्त्वका सम्बन्धमा विद्वान्हरू बिच मतभिन्नता पाइन्छ । उपन्यासका यति नै तत्त्व हुन्छन् भनेर किटान गर्न गाह्रो छ । धेरै जसो विद्वान्हरूले स्वीकार गरेका उपन्यासका तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

#### ३.३.३.१ कथानक

उपन्यासमा घटित हुने घटनाहरूको योजनाबद्ध ढााचालाई कथानक भनिन्छ ( बराल र एटम, २०६६:२०) । **घामका पाइलाहरू** उपन्यासको कथानक यथार्थमूलक अनुभवबाट लिइएको छ । रेल सेवाको आगमनपछि त्यसले जनजीवनमा पारेको प्रभाव, त्यसले ल्याएको परिवर्तन र गतिशीलतामा आधारित कथानक रहेको छ । कथानक पुनराद्वीपन शैलीमा अगाडि बढेको छ । उपन्यासको कथा चतुर्थ खण्ड अथवा पृ. २४ बाट आरम्भ भएर अगाडि बढेको छ । तराईको नगरोन्मुख परिवेशको चित्रणबाट उपन्यास सुरु भएको छ भने पवनलाई द्वारिका एवम् अणुसाग जिम्मा लगाएर पीताम्बर र रम्भी आफ्नो गाउातर्फ रेल चढेर गएको सन्दर्भको चित्रण गर्दै टुङ्गिएको छ । आजभन्दा ६ दशक अगाडिको वीरगञ्जको आपसमा सुरु भएको रेलवे यातायातको कथा र त्यसले तराईको एउटा सहरको सामाजिक जीवनमा ल्याएको जागरण नै **घामका पाइलाहरू** उपन्यासको मुख्य कथानक बनेको छ ।

उपन्यासको कथानक चरित्रकेन्द्री भएकाले सबै प्रमुख पात्रहरूको चरित्र नै उपन्यासको कथा भएको छ । दुर्गानाथको कथाले सामाजिक जीवनको यथार्थलाई प्रस्तुत गरेर आदर्शको पनि सङ्केत गर्न पुगेको छ भने अमलेन्दु र रेलवेको कथाले

प्रगति, परिवर्तन र आधुनिकतालाई समेटेको छ । पीताम्बरको कथाले निम्न मध्यम वर्गीय जीवनमा भोगेका कटु यथार्थलाई प्रस्तुत गरेको छ (भट्टराई, २०६४:२७) । कथानक पूर्णतामा पुगेर टुङ्गिएको छ । पूर्वद्रीप्ति शैलीमा प्रस्तुत भएको छ । उपन्यासको थालनीदेखि नै सुरु भएको दुर्गानाथको कथानक उपन्यासका अन्त्यमा उनको मृत्युपछि समाप्त भएको छ । विभिन्न प्रसङ्गहरू आएर पनि उपन्यासको मूल कथानक एकदमै छिरलिादो अवस्थामा भने रहेको पाइादैन । **घामका पाइलाहरू**को कथानक शृङ्खलित भएर व्यक्ति विशृङ्खलित छ । विशृङ्खल कथा भएकाले उपन्यासमा कुनै एउटा केन्द्रीय कथा होइन, विभिन्न कथाहरूको संयोजन गरिएको छ (प्रधान, २०६१:१०६) । व्यक्ति घटनामा आधारित विभिन्न कथाहरूलाई रेलवेका माध्यमबाट एउटै सूत्रमा जोड्ने कार्य गर्दा कथानक त्यति सुगठित बन्न नसकेको देखिन्छ । अगाडिको कथालाई प्रस्तुत गरी पाठकलाई त्यही युगमा पुऱ्याएर युग अनुरूपको चित्र उपस्थित गर्न कथानक सक्षम देखिन्छ ।

### ३.३.३.२ पात्र/चरित्र

उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मनवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै पात्र माथि नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ (बराल र एटम, २०६६ : २७) ।

**घामका पाइलाहरू** चरित्रकेन्द्री आञ्चलिक उपन्यास भएकाले कुनै पनि चरित्रको केन्द्रीयता देखिादैन, तथापि सबै पात्रको समान भूमिका पनि रहेको छैन । उपन्यासमा वर्णित चरित्रहरूको वैशिष्ट्य नै आञ्चलिकता प्रस्तुत गर्न सफल देखिन्छ । एउटै पात्रले समाजका विभिन्न पाटाहरूको प्रतिनिधित्व गर्न नसक्ने हुनाले अनेक प्रकारका पात्रहरू यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा संस्मरणको रूपमा नेपथ्यगत, ऐतिहासिक र पौराणिक पात्रहरूको चर्चा प्रसङ्ग अनुसार गरिए पनि मूलतः मौलिक पात्रहरूको नै प्रयोग गरिएको छ । ती पात्रहरूलाई कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र अन्य पात्र गरी चर्चा गर्नु उपयुक्त हुनेछ । यस उपन्यासमा दुर्गानाथ, अमलेन्दु भट्टाचार्य, पवन र पीताम्बर प्रमुख पात्र मान्न सकिन्छ भने रम्भी,

अणु, द्वारिका, श्रीवास्तव, डाक्टर, सेठ, रमानाथ, दान बहादुर आदि सहायक पात्र र बााकी अन्य पात्रहरू उपन्यासमा चित्रित  छन् ।

दुर्गानाथ इतिहास पचाएको संसार भोगेको दार्शनिक व्यक्तित्व हुन् । उपन्यासले दुर्गानाथलाई डोरो बनाएर कथानक अगाडि बढाएकाले उनी प्रमुख पात्र हुन् । व्रिटिस वातावरणमा हुर्केका अमलेन्दु भट्टाचार्य आधुनिक पाश्चात्य सभ्याताको प्रभाव परेको रेलवेलाई आफ्नो प्राण ठान्ने भट्टाचार्य रेलवेकै नियमितता र व्यवस्थापनमा समर्पित चरित्र हुन् उपन्यासमा विभिन्न पात्रहरूका अलग प्रसङ्गहरूलाई रेलवेको कथाले जोडेको छ । उपन्यासमा कथानकको सुरुदेखि अन्त्य सम्मको सम्पूर्ण भागमा उपस्थित भई कार्यव्यापार, संवाद तथा चिन्तनमा सहभागी भएर महत्त्वपूर्ण भूमिका निर्वाह गरेकाले उनी प्रमुख चरित्र हुन् ।

पवन लगनशील विद्यार्थी इमान्दार, कर्तव्यनिष्ट युवा, रम्भीको असल पुत्र, अणुको हार्दिक सच्चा प्रेमी र द्वारिकाको निकटतम सहयोगी प्रमुख पात्र हो ।

पीताम्बर आफ्नो कामप्रति इमान्दार कर्तव्यनिष्ट यथार्थता अभिव्यक्त गर्ने तर शोषणको विरुद्ध आवाज नउठाउने र खराब कामप्रति अस्वीकार गर्ने स्वभिमान, कर्मशील प्रमुख पात्रमध्ये एक हो ।

रम्भी **घामका पाइलाहरू** उपन्यासकी सहायक नारी चरित्र हो । पीताम्बरले विनाकारण उत्तेजित भई गाली गर्दा पनि उल्टै पीताम्बरको रिसलाई शान्त गराउन सफल नारी चरित्र हो । उपन्यासमा रम्भीको चरित्र महत्त्वपूर्ण भए पनि सहायक पात्रका रूपमा चित्रित गरिएको छ । उपन्यासमा चौथो परिच्छेदबाट उपस्थित भएर अन्त्य सम्म रहेकी अणु पवनकी सच्चा प्रेमीका, उमेरजन्य परिवर्तन सागै सचेत र व्यावहारिक, आधुनिक विचारबाट प्रभावित सहायक नारी चरित्र हो । यसै गरी उपन्यासमा रमानाथ, गार्ड, लगायत अन्य थुप्रै पात्रहरूको उपस्थिति रहेको छ । **घामका पाइलाहरू** उपन्यास मूलतः चरित्रकेन्द्री उपन्यास भएकाले सबै पात्रहरू अनुकूल र प्रतिकूल स्वभाव अनुसारको भूमिका निर्वाह गर्न सक्षम रहेका छन् ।

### ३.३.३ परिवेश

परिवेश भन्नाले देश, काल र वातावरण बुझिन्छ । देश भन्नले स्थान (ठाउा) काल भन्नाले समय र वातावरण भन्नाले त्यस ठााउको रहनसहन वेषभूषाा, बोलीचाली आदि बुझिन्छ । परिवेशलाई आन्तरिक र बाह्य दुई प्रकारले विशलेषण गर्न सकिन्छ । **घामका पाइलाहरू** उपन्यासको बाह्य परिवेश चन्द्रशमशेरका पालामा नेपालमा रेल सेवाको विकास र विस्तार हुदै गरेको नगरोन्मुख तराईको समयावधिलाई देखाउन खोजिएको छ । **घामका पाइलाहरू** उपन्यासले भर्खरै सहरीकरण हादै गरेको अत्यन्त गर्मी हुने वीरगञ्ज सहर र त्यस आसपासको ठाउालाई पृष्ठभूमि बनाएको छ । जङ्गल फडाानी भएर  रेल सेवाको विस्तार भएको सन्दर्भ औलोका कारण भोग्नुपरेका समस्या पुरानो र नयाा पुस्ता बिचको द्वन्द्वका साथै गाउा छाड्ने र सहर प्रवेश गर्ने व्यक्तिहरूको यथार्थपरक प्रस्तुति नै उपन्यासको परिवेश बनेको छ । विभिन्न पेसा गरेर जीवन यापन गर्ने नेपालीहरूको वास्तविकता, नेपाल भारतका सीमामा हुने गतिविधि उपन्यासमा परिवेशका रूपमा चित्रण गरिएको छ । **घामका पाइलाहरू** उपन्यासको शीर्षकले पनि परिवेशको सङ्केत गरेको छ । किनकि **घामका पाइलाहरू** भन्ने वित्तिकै अत्यन्त गर्मी हुने ठाउा भन्ने अभिधात्मक अर्थ हुन्छ भने व्यञ्जना अर्थ भने परिवर्तनशील र कर्मठ जीवन नै **घामका पाइलाहरू** हुन । मुख्यतः परिवेश भन्नाले कार्यपीठिका वा उपन्यास भित्रको घटना घटित हुने ठाउा हो ।

**घामका पाइलाहरू** उपन्यासमा छ देखि आठ दशक अगाडिको देवशमशेर र चन्द्रशमशेरका पालाको समयावधिलाई देखाउने काम भएको छ । तत्कालीन शासकको स्थिति, शासनपद्धतिलाई पनि उपन्यासमा परिवेशका रूपमा देखाइएको छ । तराईको स्थानीय भाषा, रहनसहन, बोलीचाली, पात्रको आन्तरिक र बाह्य दुवै मनस्थितिलाई प्रष्ट्याउन उपन्यासको परिवेश सफल रहेको छ । तातोघाम, रेलवे स्टेसन, अस्पतालको वास्तविकता, पान पसल, सडक, पवन जस्ता विद्यार्थीको दैनिक कार्यतालिका, शिक्षकको दैनिकी, स्टेसन मास्टरको जीवनी, स्थानीय खानपान, जुवातास खेलेको सन्दर्भ, साहु, महाजन, कामदार, कुल्ली, भरिया, रोगी, बेरोजगार आदिको चित्रणले उपन्यासको परिवेशलाई प्रष्ट्याएको छ भने नेपाली र बङ्गाली संस्कृति बिचको अन्तर्विरोध सहरी संस्कृतिको विजय र ग्रामीण संस्कृतिको पराजय उपन्यासमा परिवेशका रूपमा आएका छन् ।

**३.३.३.४ उद्देश्य/जीवनदर्शन**

**घामका पाइलाहरू** उपन्यासका कुनै खास पात्रलाई प्रमुख महत्त्व दिएको पाइदैन । उपन्यासमा विभिन्न पात्रका माध्यमद्वारा नेपाल र भारत बिचको सम्बन्ध, एक पुस्ता र अर्को पुस्त बिचको द्वन्द्वलाई देखाएको छ । नेपालमा रेलवेको निर्माणका समयको राणाकालीन इतिहासलाई तत्कालीन समाजको यथार्थ पृष्ठभूमि दिएर । मूलतः वीरगञ्ज वरपरको तराईको अञ्चल विशेषलाई चिनाउनु उपन्यासको उद्देश्य रहेको देखिन्छ ।

**३.३.३.५** भाषा शैली

कथ्य अञ्चलमा बोलिने विभिन्न भाषिक शब्दहरूको प्रयोग, उखान टुक्काको प्रयोग तथा कतिपय आञ्चलिक लोकोक्तिको प्रयोग गरिएकाले उपन्यासको भाषा शैली रमणीय एवम् सुमधुर बन्न पुगेको छ । उपन्यासको कथा पूर्वद्वीप्ति शैलीमा प्रस्तुत गरिएको छ । अञ्चलको सर्वपक्षीय चित्रणका लागि विभिन्न कथावस्तुहरू जोडिएका छन् । कथानकको पूर्वापर शृङ्खला मिलाउने भन्दा पनि अञ्चलको सम्पूर्ण विशिष्टता देखाउन उपन्यास अग्रसर भएको देखिन्छ । उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरिएको छ । काव्यात्मक भाषा र अलङ्कृत पदविन्यासका कारण उपन्यासमा थप सौन्दर्य थपएिको छ । यस उपन्यासमा “जसरी बेला पुगेको मानिसलाई मर्नबाट बचाउन सकिन्न त्यसै गरी जीवन धान्न बााकी रहेकालाई पनि मृत्युले आफ्नो ग्रास तुल्याउन सक्दैन ।” “ललित लवङ्ग लतापरिशीलन....जय जगदीश हरे (पृ. १) ।” जस्ता वाक्यको प्रयोगले वैदर्भी रीति र माधुर्य गुणको प्रयोग भएको छ । घटना र आख्यानको सन्तुलित संयोजन गरिएकाले उपन्यासको भाषा शैली सुललित बन्न पुगेको छ ।

### ३.३.३.६ शीर्षक

शीर्षक भन्नाले कृतिको शिर वा नाम बुझिन्छ । **घामका पाइलाहरू** उपन्यासको शीर्षक अभिधात्मक र व्यञ्जनात्मक दुवै अर्थमा सार्थक रहेको छ । अभिधा अर्थमा **घामका पाइलाहरू** भन्नाले अत्यन्त गर्मी हुने तातो ठाउा भन्ने बुझिन्छ । उपन्यासले तराईको वीरगञ्ज सहर र त्यस आसपासको क्षेत्रमा भएको रेल सेवाको विस्तार, गर्मीको समस्या र तराईबासीहरूको रहनसहन, वेषभूषा आदिलाई देखाउनु रहेकाले अभिधात्मक अर्थमा शीर्षक सार्थक छ ।

**घामका पाइलाहरू** भन्नाले परिवर्तनशील र कर्मठ जीवनलाई बुझिन्छ । जसरी सूर्यका किरण अर्थात् **घामका पाइलाहरू** गतिशील हुन्छन् प्रात कालमा पूर्वमा उदय भएर पश्चिमतर्फ क्रमशः सर्दै जान्छन् त्यसै गरी जीवनरूपी कर्मठ पाइलाहरू क्रमशः अगाडि बढ्दै जान्छन् भन्ने जनाउन **घामका पाइलाहरू** शीर्षक चयन गरेको देखिन्छ । यसरी हेर्दा उपन्यासको शीर्षक व्यञ्जना अर्थमा पनि सार्थक रहेको छ । **घामका पाइलाहरू** भन्नाले जसरी सूर्यका किरण एकनास रहादैनन् त्यसै गरी जीवनको गति पनि एकैनासको हुादैन, सदैव प्रगति पथमा निरन्तर लागिरहनु पर्छ भन्ने अर्थमा पनि उपन्यासको शीर्षक सार्थक छ ।

# परिच्छेद-चार
## उपन्यासको पात्र विधानगत सैद्धान्तिक आधार र अन्य तत्त्वसाग पात्रको सम्बन्ध

### ४.१ उपन्यासको अर्थ र परिभाषा

साहित्यका विविध विधाहरूमध्ये आख्यान विधा एक हो । आख्यानका दुई वटा पाटाहरू रहेका छन् :- कथा र उपन्यास । यहाा उपन्यासको पात्र विधानगत सैद्धान्तिक आधार सम्बन्धी विभिन्न ग्रन्थ एवम् विद्वान्हरूका मतलाई प्रस्तुत गरिएको छ ।

जीवन जगत्का यथार्थलाई काल्पनिक पात्रका माध्यमद्वारा समाजमा प्रस्तुत गर्नु उपन्यास हो । उपन्यास 'अस्" धातुमा 'उप' र 'नि' उपसर्ग एवम् 'घञ्' (अ) प्रत्यय लागेर बनेको शब्द हो । जसको अर्थ 'निकट राख्नु', आसपासमा राख्नु भन्ने हुन्छ ( आप्टे, सन् १९६९ : २०७) । संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरणका रूपमा गरिएको पाइन्छ । अमरकोशमा 'उपन्यासस्तु वाङ्मयम्' भनिएको छ । उपन्यास धातुमूलक व्युत्पादित नाम शब्द हो । मुखद्वारा भनिने कथन पद्धति नै उपन्यास हो, त्यो आख्यानात्मक हुन्छ । श्रोताका बिचमा वक्ताले आख्यानात्मक ढङ्गले प्रस्तुत गर्ने स्थापित कथा उपन्यास हो । उपन्यासले जीवन र जगत्का केही महत्त्वपूर्ण अर्थहरूलाई छोएको हुन्छ भने यस्ता मर्महरूमा नै सिर्जनाको आस्था र इज्जत सुरक्षित पनि रहेको हुन्छ । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन घटना र जीवनका सूक्ष्म तत्त्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरूप अडेको हुन्छ (बराल र एटम, २०६६ : ८) । उपन्यासले अङ्ग्रेजी नोभेल शब्दसाग नजिकको सम्बन्ध राखेको देखिन्छ । 'नोभेल' शब्द इटालेली भाषाको नोभेलाबाट बनेको हो । जसको अर्थ 'अलिकति नयाा वस्तु' भन्ने हुन्छ ।

उपन्यासले आन्तरिक र बाहृय प्रवृत्तिहरूको चित्रण गरेर जीवनलाई नाप्छ र त्यसका मूल्य खोज्छ । समाजलाई ठम्याउाछ र मोड्ने प्रयत्न गर्छ, गतिलाई समाउाछ र दिशा दिन प्रयत्न गर्छ, (प्रधान, २०६१ : २) । उपन्यास आख्यानबाट जन्म्यो, हुर्क्यो र यसले आख्यानको कला र चिन्तनलाई पनि प्रभावित पार्‍यो । यसै अर्थमा उपन्यास आख्यानको नयाा रूप हो । आख्यानात्मकता उपन्यासको आधारभूत विशेषता हो ।

यसको केन्द्रमा सदैव मान्छे र उसको प्रकृति सागको सङ्घर्षको कथाले केन्द्रीय स्थान पाएको छ । त्यसैले उपन्यास मानव जीवनको महाकाव्य हो (बराल, २०६३ : २) ।

उपन्यासको लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या विश्लेषण तथा समालोचना पनि हुन थाल्यो भने यिनमा निहित विशेषताहरूलाई आधार बनाएर परिचय तथा परिभाषा दिने काम पनि प्रारम्भ भयो । विभिन्न विद्वान्हरूले उपन्यासलाई चिनाउने महत्त्वपूर्ण प्रयासहरू गरेका छन् । ती मध्ये केही परिभाषाहरू निम्नानुसार रहेका छन् :-

बृहत् आकार भएको आख्यान अर्थात् वृत्तान्त जस अन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र/ चरित्र र कथानकका आधारमा चित्रण गरिएको हुन्छ ।

**-न्यू इङ्गलिस डिक्सनरी**

बृहत् र बृहत्तर आख्यान भएको आख्यान रचनाको प्रस्तुति उपन्यास हो ।

**- क्याम्ब्रिज इन्साइक्लोपिडिया**

उपन्यास अर्थात् नोभेल साहित्यको अठारौं शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ । **- इन्साइक्लोपिडिया ब्रिटानिका**

उपन्यासलाई मानव जीवनको चित्र मानिन्छ । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यहरूलाई उद्घाटन गरिदिनु उपन्यासको मूल कार्य हो ।

**- हिन्दी साहित्य कोश**

धैरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा चरित्रप्रधान गद्यमहाकाव्य उपन्यास हो । **- नेपाली बृहत् शब्दकोश**

उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गावलोकन हो, जसलाई बुझ्ने, केलाउने चित्रण गर्ने प्रयत्न यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएर यो एक सम्पूर्ण मनुष्य, जीवित मनुष्यको संसार हो । **- कृष्णचन्द्रसिंह प्रधान**

यथार्थसाग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवन शिक्षण, व्यक्तिको पुनरन्वेषण र मानवताको प्राटित उपन्यासका प्रमुख दायित्व हुन् । **-इन्द्र बहादुर राई**

पूर्वपर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ । **- राजेन्द्र सुवेदी**

माथि दिएका परिभाषाहरू र हिजोआज लेखिने गरेका कतिपय प्रयोगात्मक उपन्यासहरूका लक्षणलाई पनि आधार बनाई उपन्यासलाई यसरी परिभाषित गर्न सकिन्छ :-

मानव र मानव समाजसाग सम्बन्धित जीवन जगत्का व्यापक पक्ष समेटिएको विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने, मानव जीवनका रहस्यको यथार्थ उद्घाटन गर्ने, काल्पनिक पात्रका माध्यमद्वारा जीवन जगत्का सामाजिक, धार्मिक ऐतिहासिक, राजनीतिक, सांस्कृतिक पक्षका यथार्थहरू प्रस्तुत गरिएको विभिन्न खण्डहरूमा संरचित गद्य भाषामा लेखिने आख्यानात्मक रचना उपन्यास हो ।

## ४.२ पात्र विधानको सैद्धान्तिक परिचय

उपन्यासको संरचनामा विभिन्न अवयवहरूको समायोजन भएको हुन्छ । तिनै अवयव वा घटकहरूलाई कसैले उपकरण, कसैले अङ्ग र कसैले तत्त्व भनेको पाइन्छ । उपन्यासका तत्त्वहरू यति नै हुनु पर्छ भनेर किटान गर्न गाह्रो छ । उपन्यासका तत्त्वहरूका बारेमा विद्वान्हरू बिच आ-आफ्नै धारणा रहे पनि मुख्य आधारभूत तत्त्वहरूमा भने प्रायः विद्वान्हरू एकमत छन् । धेरै जसो विद्वान्हरूले स्वीकार गरेका उपन्यासका तत्त्वहरू निम्न लिखित छन् :-

- कथानक
- पात्र
- परिवेश
- उद्देश्य/ जीवनदर्शन
- भाषा शैली

उपर्युक्त तत्त्वहरू मध्ये पात्र एउटा महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । पात्रलाई चरित्र पनि भनिन्छ । यस शोध कार्यमा पात्र विधानको सैद्धान्तिक आधार प्रस्तुत गरिने हुनाले पात्र विधानमा नै केन्द्रित भएर अध्ययन गरिएको छ ।

उपन्यासमा देखिने मानवीय तथा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । पांष्ट्रन मिलेर पात्र शब्द बन्दछ । जसको अर्थ कुनै वस्तुको आधार, प्राप्तकर्ता, योग्यव्यक्ति, पिउने वर्तन आदि हुन्छ (आप्टे, सन् १९६९ : ६०२) । उपन्यासमा पात्रको भूमिका देखाउने ढङ्गलाई पात्र विधान वा चरित्र चित्रण भनिन्छ । पात्रको संवाद वा कार्यव्यापारलाई देखाउनु पात्र विधान हो । पात्र आख्यानको प्रतिनिधि व्यक्ति हो । आधुनिक उपन्यासमा कथावस्तुको भन्दा पात्रको महत्ता सर्वोपरि मानिन्छ । (घर्ती, २०६० : ३३) । पात्र व्यक्ति तथा समाजको आन्तरिक एवम् बाह्य प्रवृत्तिहरूको प्रस्तुति हो । पात्रका माध्यमद्वारा व्यक्ति तथा समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । पात्रहरू उपन्यासको सार तत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन् । उपन्यासकारको जीवन जगत् सम्बन्धी कस्तो दृष्टिकोण छ भन्ने पात्रको प्रस्तुतीकरण र कार्यव्यापारबाट अवगत हुन्छ । पूर्वीय काव्य चिन्तन परम्परामा पात्रलाई नेता वा नायक/नायिका भनेर चिनाउादै विभिन्न भेदहरू बताइएको छ । भरतको नाट्यशास्त्रमा काव्यका प्रमुख तत्त्वहरूको चर्चा गर्दा वस्तु, नेता रस भनिएको छ र नेता वा पात्रका चार प्रकारका भेद बताइएको छ । धीरोदात्त, धीरोधत्त, धीरललित र धीरप्रशान्त नायक एवम् मुग्धा, स्वकीया, परकीया र सामान्य आदि नायिकाका भेद बताइएको छ । आख्यानका क्षेत्रमा भने पूर्व र पश्चिम दुवै तिरका विद्वान्हरूले पात्र अनिवार्य हुनु पर्ने बताएका छन् । कथानकको गति र कार्य अनुरूप पात्रको विकास आरोह अवरोहका क्रियाकलाप नै पात्र विधान हो ।

कथावस्तुसाग सम्बन्धित विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम पात्र हुन् । पात्रहरू कथानकको गतिको संवाहक हुन् । उपन्यासमा प्रशस्त पात्रहरू हुन्छन् । यथार्थ परिवेशमा घटित हुने घटनाहरूलाई उपन्यासका यिनै पात्रहरूले प्रस्तुत गर्दछन् । उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्रहरूका आफ्नै वैशिष्ट्य हुन्छन् । मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो ( सुवेदी, २०६४ : २३) । पात्र भनेका चरित्र हुन् कथानकको विकास भन्नु नै चरित्रको

विकास हो । जसले उपन्यासको कथावस्तु र उद्देश्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउने काम गर्दछ । उपन्यासमा पात्रहरूकै माध्यमबाट सामाजिक जीवनका सम्पूर्ण घटनाहरू अभिव्यक्त हुादा उपन्यासको उद्देश्य पूरा हुन्छ (पोखरेल, २०६४ : ३०) सत् वा असत् मानिसहरूबाट समाजको निर्माण भए जस्तै औपन्यासिक समाज पनि अनुकूल एवम् प्रतिकूल पात्रहरूले खेल्ने भूमिकाका आधारमा स्थापना हुन्छ । जीवनका सत्यको अभिव्यक्त गर्ने औन्यासिक पात्रका क्रियाकलापहरू औचित्यपूर्ण एवम् दैनिक क्रियाकलापसाग मिल्दा जुल्दा देखिन्छन् । उपन्यासमा पात्रको सङ्ख्या कति हुन्छ भन्ने कुरा कथानक र उद्देश्यमा भर पर्दछ ।

पात्रहरू विचार सम्प्रेषणका माध्यम हुन् । उनीहरू संरचनागत घटक तत्त्वहरू मात्र नभएर विचार सौन्दर्यका वाहक पनि हुन् । पात्रका माध्यमबाट मान्छेका आन्तरिक एवम् बाह्य समस्या तथा जटिलताहरूका अभिव्यक्ति हुन्छन् । उपन्यासकारले समाजबाट छनौट गरेर लिएका कच्चा पदार्थहरू परिशोधन गरी पात्रका माध्यमबाट प्रस्तुत गर्दछन्, जुन कथानक पढ्दा पाठकमा रसास्वादन हुन्छ । उपन्यासकारले आफ्ना सम्पर्कमा आएका व्यक्तिहरूमध्ये कसैका कान, कसैका आाखा र कसैको स्वभाव आदि लिएर पात्रको प्राण भरेका हुन्छन् । यसरी निर्मित भएका चरित्रलाई पात्रको संज्ञा दिइन्छ । पात्रहरू मानवीय जीवनसाग सम्बन्धित भएर आफ्नो निजी अस्तित्व पनि राख्दछन् । पात्र व्यष्टि र समष्टिका समन्वयबाट बनेका हुन्छन् । उपन्यासकार समाजका विभिन्न वर्ग, पेसा, धर्म, लिङ्ग, आदिका विशेषताहरूको सारांश निकाल्न सक्षम भएका खण्डमा प्रतिनिधि पात्रको निर्माण हुन्छ (पोखरेल, २०६४ : ३६)

उपन्यास वास्तविक जीवनको प्रतीकात्मक अभिव्यक्ति भएकाले जीवनका विभिन्न पक्षहरूको प्रस्तुति गर्न र उपन्यासलाई सहज स्वभाविक एवम् रोचक बनाउन पात्रहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । सामाजिक मानिसहरूकै प्रतिनिधित्व गर्ने औपन्यासिक पात्रहरूले संवेदनशील बन्दै सामाजिक दायित्व बोधले जीवन जगत्को सर्वाङ्गीण अभिव्यक्ति प्रदान गर्दछन् । उपन्यास आख्यानात्मक कथ्य भएको बृहत् गद्यात्मक संरचना हो र पात्र विना आख्यान कार्य कारण शृङ्खलामा आबद्ध भएर अगाडि बढ्न सक्दैन । पात्रहरूको उदय र विकास समाजका उज्याला र आध्यारा, सुख, दुःख, घात प्रतिघातबाट विकसित भएका हुन्छन् । उपन्यासका पात्रहरू

संरचनागत घटकका तत्त्वहरू मात्र नभएर विचार र भावसौन्दर्यका वाहक पनि हुन् । औपन्यासिक पात्रले धेरै मान्छेहरूको प्रतिनिधत्व गरेको हुन्छ । वर्तमान युगका बौद्धिकता र जटिलता बोक्न सक्ने सक्षम सबल र क्षमतावान् पात्रहरू नै उपन्यासका उत्कृष्ट पात्र हुन्छन् ।

औपन्यासिक चरित्रले कुनै सामाजिक वर्ग, जाति, पेसा वा मनोवैज्ञानिक स्तरको समेत प्रतिनिधित्व गरिरहेको हुन्छ । बढी भन्दा बढी विशिष्ट कुराको प्रतिनिधित्व गर्न सक्ने चरित्र नै उपन्यासका पाठकका लागि सम्झन लायक हुन्छ । बानी, बोली, हेराइ, क्रियाकलाप आदिले एउटा नयाा व्यक्तित्वको छाप पार्न सक्ने चरित्रको उपस्थिति उपन्यासमा वन्दनीय मानिन्छ । उपन्यासमा प्राण भर्ने काम नै चरित्र चित्रणले गर्दछ । चरित्र चित्रणका माध्यमबाट नै आधुनिक उपन्यासकारले कलात्मक त्रुटि छ भने पनि तिनलाई छोपी जीवन्त उपन्यासको सिर्जना गर्दछन् (बराल र एटम, २०६६ : ३१) ।

उपन्यासका पात्रहरू कथावस्तु तथा उद्देश्य साग सम्बद्ध महत्त्वपूर्ण पक्ष हुन् । कथावस्तु साग सम्बद्ध विविध कथानकको गति एवम् कार्य अनुरूप चरित्रको चित्रण गरिएको हुन्छ । चरित्र उपकरण हो भने चरित्रीकरण कार्यव्यापार हो । प्रायः गरेर उपन्यासमा पात्रहरू भन्नाले मानव पात्रहरूको बिम्ब सामने आए पनि उपन्यासमा मानवेतर पात्रको समेत प्रयोग गरिन्छ (बराल, २०६३ : ३२) उपन्यासको अस्तित्व जीवन्त हुनुको मूल कारण पनि मानव प्रतिनिधि वास्तविक औपन्यासिक पात्रको समावेश नै हो । अतः औपन्यासिक पात्रको निर्माण र चरित्र चित्रणमै केन्द्रित विशेषता उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार चरित्रलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

## ४.३ उपन्यासका पात्र विधानका आधारहरू

उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा उपस्थित भएका छन् भन्ने कुरा तिनीहरूको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ । यस्ता आधारहरूमा लिङ्ग, कार्यप्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता, आबद्धता आदि पर्दछन् (शर्मा, २०४८ : १७४)

### ४.३.१ लिङ्गका आधारमा

लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुादा यसका आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गका हुन्छन् । पात्रको बाह्रय वर्णन तथा शरीर, नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट पुलिङ्गी र स्त्रीलिङ्गी छुट्याउन सकिन्छ ।

### ४.३.२ कार्य भूमिकाका आधारमा

कार्य भूमिका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तिन प्रकारका हुन्छन् ।उपन्यासमा सबै पात्रले उत्तिकै महत्त्वका कार्य गरेका हुादैनन् । त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ भने त्यस भन्दा कम कार्य भूमिका भएको सहायक र ज्यादै थोरै कार्य मूल्य भएको पात्र गौण हुन्छ । सामान्यतः सबैभन्दा धेरैपटक नाम वा सर्वनाम पुनरावृत्ति हुने र आदिदेखि अन्त्यसम्म घटना र कार्यव्यापारमा उपस्थित भई कथानकलाई अगाडि बढाउने पात्रलाई प्रमुख पात्र भनिन्छ । त्यस भन्दा थोरै नाम/सर्वनाम आउने र प्रमुख पात्र भन्दा कम भूमिका भएको पात्र सहायक र अन्य चाहिा गौण पात्र हुन्छन् ।

गौण पात्रलाई हटाइदिादा पनि उपन्यासको कथानकमा त्यति ठूलो क्षति पुग्दैन । अर्थात् जुन पात्रलाई निकाल्दा उपन्यासको संरचनामा बढी असर पर्छ त्यो सहायक र जसलाई निकाल्दा पनि उपन्यासको संरचनामा खासै असर पर्दैन त्यस्ता पात्र गौण हुन् । जुन पात्रलाई निकाल्दा उपन्यासको संरचना पूरै भत्किन्छ ती प्रमुख पात्र हुन् ।

### ४.३.३ प्रवृत्तिका आधारमा

यस आधारमा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल वा सत्पात्र हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकबाट घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् पात्र हुन्छ । पात्रको प्रवृत्ति, कार्य र लिङ्गका आधारमा नै उपन्यासका नायक नायिका, सहनायक सहनायिका, खलनायक खलनायिका आदि सजिलै छुट्याउन सकिन्छ ।

### ४.३.४ स्वभावका आधारमा

स्वभावका आधारमा पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ, जो आफ्नो स्वभाव

सिद्धान्त र जीवन धारालाई परिवर्तन गरी सुहाउादो बन्दछ । परिस्थिति बदलिए पनि आदिदेखि अन्त्यसम्म उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ । ऊ आदर्शमा दृढ हुन्छ ।

### ४.३.५ जीवन चेतनाका आधारमा

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र व्याक्तिगत हुन्छ । सामाजिक जीवनको तुलनाबाट यस्ता पात्रको निर्धारण गरिन्छ ।

### ४.३.६ आसन्नताका आधारमा

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथायिताले वा अन्य पात्रले नाम उच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्व कालमा सक्रिय रहेका हुन्छन् ।

### ४.३.७ आवद्धताका आधारमा

उपन्यासको कथानकसाग पात्रको सम्बन्ध गासाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुादा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुादैन ।

## ४.४ पात्रका प्रकारहरू

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुादा तिनीहरूमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानक र वातावरणको फरक पनले गर्दा पात्रका गुणहरू फेरिन पुग्छन् (बराल र एटम, २०६६ : २७) ।

उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू यस्ता हुन सक्छन् जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :-

### ४.४.१ गतिशील र गतिहीन

वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील हुन्छ । आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने पात्र गतिहीन हुन्छ ।

### ४.४.२ यथार्थ र आदर्श

समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र यथार्थ हुन्छ । जसको हरेक क्षणमा पाठक संवेदित भई मनोभावलाई यसै अनुकूल बनाउाछ । यस्ता उपन्यासहरू पढ्दा उपन्यासमा घटित घटना पात्रले होइन पाठक आफैंले भोगे जस्तो अनुभव हुन्छ । आदर्श पात्रले उच्च आकाङ्क्षा बोके तापनि यस्तो हुनु पर्छ भन्ने सन्देश दिन आउने हुादा उसमा यथार्थको अभाव हुन्छ । स्रष्टाले उसलाई मुखपात्र बनाउने उद्देश्यले उसका इच्छाहरूलाई लुकाएर कृत्रिम बनाएको हुन्छ ।

### ४.४.३ अन्तर्मुखी र बहिर्मुखी

जीवनलाई आफ्नै रचनामा ढालेर संसारिक भद्रगोलदेखि टाढा रहन चाहने पात्र अन्तर्मुखी हुन्छ । बहिर्मुखी पात्रको स्वभाव भने आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुादा आशावादी हुन्छ । उसले जीवनलाई रमाइलो अनुभवको रूपमा लिएको हुन्छ ।

### ४.४.४ गोला र च्याप्टा

जीवनलाई जटिल रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला भनिन्छ । गोला पात्रमा स्वच्छन्दता र स्वभाविकता ज्यादा हुन्छ । गोला पात्र सङ्घर्षशील हुन्छन् । जीवनलाई सपाट रूपमा भोग्ने विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ । च्याप्टा पात्रमा आदर्शको मात्रा गह्रौ हुन्छ भने स्रष्टाको निश्चित धारणामा च्याप्टा पात्र अट्दछन् ।

त्यसैले ती सतही र अप्रभावकारी हुन्छन् । गोला पात्र चाहि जीवनलाई आफै भोग्छन् । यस्ता पात्रहरू मनोविश्लेषणका लागि अत्यन्त प्रभावकारी ठहर्छन् ।

### ४.४.५ सार्वभौम र आञ्चलिक

जतातते उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छन् । जसका क्रियाकलाप वातावरणमा आबद्ध हुादैनन् । मानवकै मौलिक सम्पत्तिका रूपमा तिनीहरूले मान्यता पाउाछन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजी संस्कार र आन्तरिक रूप प्रदर्शन गर्दछन् ।

### ४.४.६ पारम्परिक र मौलिक

पूर्व परिचित स्वभाव आचरण र कार्यकै अनुकरणमा कुदिहिड्ने पात्र पारम्परिक वा रुढ हुन्छन् । सिर्जना भइसकेको वा परम्पराको गोरेटोमा हिाड्ने त्यस्ता पात्रहरू कहिलेकाहि प्रभावकारी पनि सिद्ध हुन्छन् । तिनले प्रतीकात्मक रोगन पाए पनि मूलतः परम्परालाई नै प्रष्ट्याएका हुन्छन् । मौलिक पात्र भनेको स्रष्टाको नौलो सिर्जना हो । यसमा पाठकलाई तान्ने शक्ति हुन्छ । नवीन ढङ्गमा जीवनको अन्वेषण गर्ने त्यस्ता पात्रले आस्वादनका नयाा ढोकाहरू खोल्दछन् ।

यसरी आख्यानको आरम्भदेखि समसामयिक युगसम्ममा विभिन्न प्रवृत्ति र प्रयोगका सबै उपन्यासहरूमा पात्र आवश्यक मात्र हैन अनिवार्य भएको पुष्टि हुन्छ ।

### ४.५ उपन्यासका अन्य तत्त्वसाग पात्रको सम्बन्ध

उपन्यास बृहत् आख्यान भएको विभिन्न खण्डहरूमा विभाजित जीवन जगत्को समग्रताको अभिव्यक्ति गर्ने गद्य महाकाव्य समकक्षी रचना भएकाले उपन्यासको कथानकलाई अगाडि बढाएर निश्चित दिशा दिने काम पात्रको हुन्छ । तसर्थ अन्य तत्त्वहरूसाग पात्रको कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको तल चर्चा गरिएको छ :-

#### ४.५.१ कथानक र पात्र

कथानक उपन्यासको प्रमुख वा आधारभूत तत्त्व हो । उपन्यासमा घटित हुने घटनाहरूको योजनाबद्ध ढााचा कथानक हो । यसमा आउने घटकहरू कार्य कारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०६६ : २०) । कथानकमा घटित हुने घटनाहरूलाई जोडेर गति दिने काम पात्रले गर्ने हुादा कथानक र पात्रको अभिन्न सम्बन्ध हुन्छ । कथानकलाई कार्य कारणको तारतम्यपूर्ण सूत्रबद्ध स्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको संयोजनमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१ : ७) कथानकलाई डोऱ्याउने काम पात्रले गरेको हुन्छ । कथानकले के को बारेमा कथा छ भन्ने बुझाउाछ भने चरित्रले कसको कथा छ भन्ने प्रष्ट पार्दछ । कथानको प्रारम्भ कुनै जटिल समस्याको मूलबाट हुन्छ र त्यस समस्याको समाधान पात्रको संवादद्वारा गरिन्छ । पाठकका मनमा कुनै जिज्ञासा कुनै कुतूहलता सिर्जना गर्ने पहिलो घटनाबाट कथानकको सुरुवात् हुन्छ भने त्यस कुतूहलताले पूर्ण सन्तुष्टिको अवस्था प्राप्त गर्ने घटनालाई देखाएर पात्रका माध्यमद्वारा कुतूहलताको पूर्ण सन्तुष्टि भएपछि कथानको अन्त्य हुन्छ । त्यसैले उपन्यासमा कथानक र पात्रको अभिन्न सम्बन्ध रहेको हुन्छ ।

उपन्यास लेखनका क्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । मुख्यतः उपन्यास रचनामा इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना आदिलाई स्रोत वा आधार बनाउने गरिएको पाइन्छ ( बराल र एटम, २०६६ :२२) जुन स्रोतबाट कथानक लिइएको छ तदनुरूपका नै पात्र हुनु पर्दछ यदि कथानकको स्रोत इतिहास भए त्यही कथानकलाई वहन गर्न सक्ने इतिहास प्रसिद्ध पात्र हुनु पर्दछ तव मात्र उपन्यासको उद्देश्य पूरा हुन्छ । कथानक

विभिन्न प्रकारका हुन्छन् । कथानकको वर्गीकरण, यसको विस्तार सङ्गठन बनोट, प्रभाव, उद्देश्य आदिलाई वहन गर्न सक्ने चरित्रको अपेक्षा उपन्यासमा गरिन्छ । कथानकमा आङ्गिक विकासको अपेक्षा गरिन्छ । ती अङ्गहरूको विकास नै कथानकको विकास हो । जर्मनेली समालोचक फ्रेटागले पिरामिड शैलीमा कथानको विकास देखाएका छन् । उनले आदि, मध्य र अन्त्यमा कथानकको विकासका पााच अवस्था देखाएका छन् । ती हुन् आरम्भ, सङ्घर्ष विकास, चरमोत्कर्ष सङ्घर्षह्रास र उपसंहार । आरम्भ घटनाको उठान, विकास त्यसको विस्तार, चरमोत्कर्ष त्यसको सबभन्दा प्रभावशाली स्थिति, सङ्घर्षह्रास त्यसको शिथिलता र उपसंहार त्यसको समापन हो । यी सबै अवस्थाहरू पात्रका क्रियाकलापबाट अगाडि बढ्दछन् ।

### ४.५.२ परिवेश र पात्र

परिवेश भनेको उपन्यासमा कार्यव्यापार हुने समय, स्थान र वातावरण हो । परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नुका साथै कथानकलाई विश्व सनीयता प्रदान गर्दछ । परिवेश भनेको घटना घटित हुने स्थान वा कार्यपीठिका हो । विभिन्न पात्रहरूका क्रियाकलाप एवम् मनोदशाबाट परिवेशको अवगत हुन्छ । अर्थात् परिवेश अनुसार नै पात्रहरूले कार्य गर्दछन् । यदि कथानक देशकाल अनुरूप भयो भने मात्र वास्तविक र पत्यारिलो हुन्छ । उपन्यासमा जुन समय, स्थान र वातावरण सम्बद्ध रहेको छ पात्र पनि त्यही अनुकूल चित्रण गर्नु पर्दछ । चन्द्रशमशेरको पालाको कुरा लेख्दा आजको परिवेशलाई समेटिएमा त्यो उपन्यास निरर्थक अस्वभाविक र अविश्वसनीय हुन्छ । आख्यानात्मक कृतिको तुलना मानव देहसाग गर्ने हो भने कथानक त्यस देहको ढााचा हो, चरित्र त्यसको प्राण हो र देशकाल देशको धिरबाहिनी नसा हो यस नसारूपी देशकाल कृतिरूपी देहमा प्राणको सञ्चार गर्ने माध्यम पात्र हो भन्ने स्पष्ट हुन्छ (प्रधान, २०४० : २६) । कुनै पनि कृतिमा देश, काल र वातावरण नै कथानकलाई आधार प्रदान गर्ने र पात्रहरूलाई क्रियाशील गराउने भएकाले परिवेश उपन्यासको अपरिहार्य तत्त्व मानिन्छ । परिवेश र पात्रको तालमेल भएमा मात्र उपन्यास स्वभाविक र जीवन्त बन्दछ । त्यसैले आख्यानात्मक रचनामा परिवेश विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्छ तब मात्र कथानक पत्यारिलो र स्वभाविक बन्दछ ।

### ४.४.३ उद्देश्य र पात्र

उपन्यास मा व्यक्त भएको मूल भाव, विचार वा दृष्टिकोण नै उद्देश्य हो । उद्देश्यलाई उपन्यासमा सारवस्तु, जीवनदर्शन आदि पनि भनिन्छ । उपन्यासकारले कुनै न कुनै उद्देश्यको प्रतिपादन गर्ने लक्ष्य लिएर उपन्यासको सिर्जना गरेको हुन्छ । उपन्यासमा रचनाकारको विचार, धारणा, अनुभूति आदि प्रकट भएको हुन्छ । उपन्यासकारले उपन्यासमा मूल विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याउाछ र पाठकले त्यसको बोध गर्दछ (बराल र एटम, २०६६ :३८) । उपन्यासको मूल कथ्य वा बीज विषय नै उपन्यासको उद्देश्य हुन्छ । त्यही उद्देश्य पूरा गर्नका लागि पात्रहरूले संवाद वा कथोपकथनद्वारा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । उपन्यासकारले समाजका विभिन्न पक्षहरूमध्ये कुनै एक पक्षको उद्घाटन गर्ने उद्देश्य राखेको हुन्छ । जुनसुकै उपन्यासको उद्देश्य कुनै न कुनै तवरबाट मानिसको जीवनको चित्रण गर्नु हो । कुन युग र कस्ता प्रकृतिका मानिसको चित्रण गर्ने भन्ने कुरा उपन्यासकारले छनौट गर्दछ ।

उद्देश्यविना कुनै पनि कार्य हाुदैन । खास गरी उपन्यास मानव जीवनसाग सम्बन्धित रहने हाुदा यसको उद्देश्य मानव जीवन जगत्का विविध परिवेशलाई समेट्नु हुन्छ । कुनै उपन्यासकारले कुनै युगको चित्रण गरेका हुन्छन् भने कुनै उपन्यासकारले कुनै स्थान, घटना वा विचारलाई अगाडि सार्ने उद्देश्य राखेका हुन्छन् । उपन्यासकारले आफ्नो उद्देश्य पूरा गर्न त्यही अनुरूपका पात्रहरू नियुक्त गरेको हुन्छ । तसर्थ उद्देश्य र पात्रको अभिन्न सम्बन्ध रहेको हुन्छ ।

### ४.५.४ भाषा शैली र पात्र

उपन्यास साहित्यिक विधा भएकाले यसलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने ढङ्गलाई शैली भनिन्छ । चित्रको अभिव्यक्ति गर्ने माध्यम रङ र रेखा हुन् भने उपन्यासको अभिव्यक्ति गर्ने माध्यम भाषा हो । उपन्यास जीवनको यथार्थ तस्वीर हो । त्यसैले यसलाई अभिव्यक्त गर्ने माध्यम गद्य भाषा हुन्छ । उपन्यासमा भाषा व्यक्त हाुदा लेख्य रूपमा आएको हुन्छ भने उपन्यासका पात्रहरूमा संवादका माध्यमबाट भाषा कथ्य रूपमा पनि आएको हुन्छ । उपन्यासमा प्रयोग भएका

घटना, दृश्य र पर्यावरणहरूमा सजीवता ल्याउनका साथै रोचकता स्वभाविक सृष्टि गरी संवादका माध्यमद्वारा भाषाको अभिव्यक्ति गरिन्छ (प्रधान, २०६१ :८) । भाषा शैली अन्तर्गत संवाद तत्त्व पर्दछ । संवादले मात्र पात्रको बाह्य र आन्तरिक व्यक्तित्वको पहिचान दिन सकिन्छ । कथोपकथन नाटकीय तत्त्व पनि हो । यसले उपन्यासलाई नाटकीय निकटता प्रदान गर्दछ (सुवेदी, २०६४ :२४) । भाषा शैली परिवेश अनुसारको भयो भने कृति पत्यारिलो र जीवन्त बन्दछ । जस्तै : हिमालको परिवेश आएका ठाउमा तराईका मानिसहरूले बोल्ने मैथिली लेग्रो भएको भाषा शैली उपयुक्त हुदैन । त्यस्तै निम्न स्तरका पात्रहरूको भाषा बौद्धिक र उच्चस्तरीय भएमा पनि त्यो स्वभाविक हुदैन त्यसैले परिवेश अनुसारको पात्र र त्यही अनुरूपको भाषा शैली हुनु पर्दछ ।

कथ्य विषयलाई पाठक समक्ष प्रभावकारी ढङ्गमा सम्प्रेषण गर्ने सामग्री भाषा नै हो । उपन्यासमा सरल भाषाको प्रयोग गरेर सबैले बुझ्ने खालको पनि हुन सक्छ भने उपन्यास साहित्यिक विधा भएकाले आलङ्कारिक, प्रतीकात्मक, बिम्बात्मक वा व्यञ्जनात्मक भाषाको पनि अपेक्षा गरिन्छ । यस्तो भाषाको प्रयोग बढी बौद्धिक पाठकहरूका लागि उपयुक्त हुन्छ । भाषाको प्रस्तुति गर्ने ढाचा नै शैली हो । उपन्यासकारको आफ्नै शैली हुन्छ । हरेक लेखक शैलीका कारणले अन्य लेखक भन्दा भिन्न हुन्छ । अतः शैली भन्ने वित्तिकै कुनै पनि लेखकको विशिष्ट रचना प्रकार बुझ्नु पर्दछ । वास्तवमा शैली भनेको अभिव्यक्तिको प्रकार हो । कुनै पनि लेखकले जे जसरी आफ्ना विचार, दृष्टिकोण वा भावना व्यक्त गर्दछ त्यो अभिव्यक्तिको प्रकार नै शैली हो । उपन्यास रचनाका सन्दर्भमा वर्णनात्मक, आत्मकथात्मक पत्रात्मक, डायरी पद्धति, चित्रात्मक, चेतनाप्रवाहात्मक जस्ता विविध शैलीहरूको प्रयोग गरिन्छ (प्रधान, २०४० : ५६-५७) ।

कुनै पनि आख्यानात्मक कृतिमा भाषा र पात्रको घनिष्ट सम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रयोग हुने भाषा शैली देश, काल, वातावरण र पात्र अनुकूल हुनु पर्दछ । उपन्यासकारको उद्देश्य अनुरूपको भाषा शैली पात्रले बोल्नु पर्दछ । तब मात्र कृति जीवन्त र स्वभाविक बन्न पुग्दछ । जस्तै राई समुदायको पात्र उपन्यासमा लिइएको छ भने हिन्दी वा नेवारी भाषा बोलेर उपन्यास स्वभाविक बन्दैन त्यसका लागि राई

समुदायबाट लिइएको पात्रको भाषा शैली राई भाषा नै हुनु उपयुक्त मानिन्छ । त्यसैले उपन्यासको सारभूत तत्त्व भाषा शैली नै हो । यदि भाषाको माध्यम नभएको भए एउटा व्यक्तिका मनका भावनाहरू अर्को व्यक्तिले बुझ्न सक्दैनथ्यो । साहित्यकारले पनि भाषिक अभिव्यक्तिका माध्यमद्वारा समाजमा केही न केही सन्देश दिन चाहेको हुन्छ ।

यसरी उपन्यासको संरचनाका क्रममा विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । ती विभिन्न तत्त्वहरूको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । पात्रका माध्यमद्वारा नै कथानकको गतिलाई अगाडि बढाएर निश्चित लक्ष्यमा पुऱ्याउने काम हुन्छ । उपन्यासको एक महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको पात्रको पनि अन्य तत्त्व सागको आपसी सम्बन्धबाट उपन्यासले सहज स्वभाविक रूपमा मूर्तता प्राप्त गर्दछ ।

# परिच्छेद पाच
## घामका पाइलाहरू उपन्यासका पात्रहरूको विश्लेषण

### ५.१ प्रमुख पात्रहरू

**घामका पाइलाहरू** उपन्यासमा समाजका विभिन्न क्षेत्र र परिवेशलाई प्रतिनिधित्व गर्ने थुप्रै पात्रहरू प्रयोग गरिएको छ । एउटै पात्रले समाजका विभिन्न पाटाहरूको प्रतिनिधित्व गर्न नसक्ने हुनाले यस उपन्यासमा अनेक पात्रहरूको प्रयोग गरिनु स्वाभाविकै हो । यस उपन्यासमा संस्मरणको रूपमा नेपथ्यगत ऐतिहासिक र पौराणिक पात्रहरूको प्रसङ्ग-अनुसार चर्चा गरिए तापनि मूलतः मौलिक पात्रहरूको नै प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासमा आञ्चलिकता प्रस्तुति भएकाले यस उपन्यासका पात्रहरू कुन प्रमुख र कुन सहायक भनी किटान गर्न समेत असजिलो देखिन्छ किनकि आञ्चलिक उपन्यासका सबैजसो पात्रहरू आ-आफ्नै छुट्टै परिचय एवम् विशेषता लिएर उपस्थित भएका हुन्छन् । उपन्यासमा वर्णित कार्य भूमिकाका आधारमा प्रमुख पात्रहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

### ५.१.१ दुर्गानाथ

दुर्गानाथ **घामका पाइलाहरू** उपन्यासका प्रमुख चरित्र हुन् । उपन्यासले दुर्गानाथलाई डोरो बनाएर कथानक अगाडि बढाएको छ (प्रधान, २०६१, १०७) । उपन्यासको कथानकको एउटा धाराको वाहक चरित्रका रूपमा उपन्यासकारले चरित्र निमार्ण आदर्शवादी पण्डितका रूपमा गरेका छन् । दुर्गानाथ पचहत्तर वर्षको भएर पनि आकर्षक व्यक्तित्वहुन् । उनको बाह्य व्यक्तित्वको वर्णन उपन्यासकार यसरी गर्दछन् ‘‘पचहत्तर वर्षको ढल्केको उमेर भए तापनि बाजेको व्यक्तित्व निकै आकर्षक थियो । अग्लो शरीर उच्च ललाट र गौरवर्ण टाउकोमा सिमलको भुवा जस्ता सेता नरम कपाल । यता दमको रोगले निकै थल्याएको थियो जसले गर्दा उहाको शरीर केही रुग्ण देखिन्थ्यो । बाजेको चरित्रको सबैभन्दा ठूलो विशेषता थियो उहाको सहनशीलता । पीताम्बरबाट उपेक्षापूर्ण व्यवहार पाएर पनि बाजेमा कुनै उत्तेजनात्मक प्रतिक्रिया देखिादैनथ्यो । उहाको सौम्य र शान्त व्यक्तिमा कुनै परिवर्तन आउादनथ्यो । व्याङ्ग्यात्मक वाक्यांशका अनेक शैलीहरू सुनेर पनि उहाको अनुहार अमिलिदैनथ्यो

उत्तरमा उहाा फिस्स हासिदिनुहुन्थ्यो (पृ. २५) ।" घडीको समय जस्तै आफ्नो नित्य नियमित कर्म गर्ने उनी कर्तव्यपरायण व्यक्तित्वका रूपमा उपन्यासमा चित्रित छन् । एकाराती नै उठेर न्वाइध्वाइ गरी पााच बजे सम्ममा नित्य कर्मबाट निवृत्ति भई परिवारका सदस्यहरूलाई समेत कर्तव्यको पाठ सिकाउने दुर्गानाथ आदर्शवादी चरित्र हुन् । उनको चरित्र निर्माणमा उपन्यासकारले दया, करूणा छचल्किएको अनुहार भन्दै दया करूणाका प्रतिमूर्ति, ज्ञानी, उदारमना, सहनशील, शान्त, सौम्य र आदर्श व्यक्तित्व प्रदान गरेका छन् ।

दुर्गानाथ इतिहास पचाएको र सांसारिक सुख दुःख भोगेको दार्शनिक व्यक्तित्व हुन् । जीवनको कटुता दुःख तथा व्यथा जस्ता कुरालाई ग्रहण गरी त्यसलाई सहन गर्न सक्ने चरित्र हुन् । युग परिस्थिति र परिवर्तनलाई बुझ्न सक्ने उनी उदात्त मानवीय भावना भएका चरित्र हुन् । पूर्वीय आध्यात्मिक दर्शनबाट प्रभावित उनलाई अध्यात्मवादको आधुनिक पुनर्व्याख्याताका रूपमा लिन सकिन्छ । "विज्ञानको बढी चेष्टा घातक अस्त्रको निर्माणमा देखिएको छ । विज्ञानको पुरुषार्थ मानिसको कल्याणको लागि प्रयुक्त हुन सके ज्यादै असल हुने थियो (पृ. ३५) ।" भन्दै विज्ञानको मानव कल्याणका लागि सदुपयोग होस् भन्ने कामना गरी विज्ञानको आधुनिकताका समर्थकका रूपमा देखिन्छन् । देवशमशेरको उदार राजनीतिक भावनाको प्रभाव दुर्गानाथमा परेको छ । आफ्नो सोझोपन र इमान्दारीका कारणले जीवनमा भोग्नु परेका विपत्तिबाट उनी कति पनि विचलित छैनन् । दीर्घकालको लामो अनुभवमा उनले अनेक हण्डर समस्या र अप्ठ्याराहरूको सामना गरेका छन् । यसबाट उनमा समस्यासाग जुध्ने मानसिकता पनि तयार भएको छ (गौतम, २०६३:९५) । उपन्यासकारले दुर्गानाथलाई राणाकालीन समयमा भएका अनेक षड्यन्त्र जालझेलहरूको यथार्थ रूपले प्रस्तुत गर्ने ऐतिहासिक व्यक्तित्वका रूपमा उभ्याएका छन् । "सााच्ची भन्ने हो भने सत्ताका लगि पितृहत्या गर्ने बाटो वीरशमशेरले नै आफ्ना भाइहरूलाई देखाएर गए । वीरशमशेर प्रधानमन्त्री भएको केही दिन पछि नै चीफ खड्गलाई महाराज हुने हतार भएछ । उनले पनि वीरशमशेरले देखाएको बाटो अपनाए (पृ. ९०) ।" देवशमशेर सत्ताबाट हट्नु परेकामा दुर्गानाथ भन्दछन् "एकातिर सुधारको तीव्र लालसा र अर्कोतिर अलमस्ती तथा सोझोपनले गर्दा देवलाई टिक्न गाह्रो भयो" (पृ. ९२) । दुर्गानाथ यस उपन्यासमा प्रवुद्ध

व्यक्तिका रूपमा देखिएका छन् । उनको प्रवुद्धता, उनको विचार, व्यवहार र आदर्शमा प्रतिबिम्बित भएको छ । मृत्युको अन्तिम समयमा नाति पवनलाई सम्झाउादै दुर्गानाथ भन्दछन् "जीवनमा धेरै दुःख भोग गर्नु पर्ने अवस्था आउाछन् । अहिल्यै नआत्तिनू, त्यस्तो बेला मलाई सम्झिनू, म संधै यसै गरी तेरो पाखुरा समाएर तालाई साहरा दिइरहेको हुन्छु । यस कलिलो कुमले अनेक र असह्य भारी पनि बोक्नु पर्ला । भारी दुवैतिर बााडेर बोक्नू अनि वहन गर्न समर्थ होइन्छ । एक कुममा आफ्नो परिवारको र अर्को कुममा देश र समाजको भारी बोक्नू । देशको लागि द्वारिका जस्तै निडर र सहासी हुनू । कडा जोखिम उठाउन पनि कहिल्यै धुकचुक नगर्नू । आफ्नो शिर सदैव शान्त र शीतल राख्नू । विनम्र हुनु तर कहिल्यै नलत्र्याउनू" (पृ. २२४) ।"

नाति पवनलाई पारिवारिक जिम्मेवारी र देशप्रतिको वफादारीका बारेमा चेतना दिने दुर्गानाथका यी भनाइमा देशप्रतिको अगाढ सचेतना, स्नेह एवम् देशभक्तिको भावना प्रकट भएको छ । "म त आफ्नै माटोमा मर्न चाहन्छु, यस धरतीको धूलोको चन्दन लाएर" (पृ. ८७) । दुर्गानाथको यो भनाइबाट उनको स्वदेशप्रेम कति प्रगाढ थियो भन्ने कुराको पुष्टि हुन्छ । उनी काशी जस्तो पवित्र तीर्थस्थल नै भए पनि विदेश होइन स्वदेशमा नै आफ्नो प्राणान्त होस् भन्ने देशभक्तिले ओतप्रोत भावना व्यक्त गर्दछन् । "मेरो अन्तिम अवशेष देशको सीमाभन्दा बाहिर कतै नलैजानु, जुन धरतीमा हुर्के त्यसका चपरीमुनि कतै सेलाइदिए मेरो आत्मालाई शान्ति मिल्ने छ (पृ. २२५) ।" भन्ने दुर्गानाथको अभिव्यक्तिमा देश भक्तिको मर्म पोखिएको छ । दुर्गानाथ समाजमा प्रतिष्ठा आर्जन गर्न सक्ने सक्षम चरित्र हुन् । उनले सहरवासीबाट प्राप्त गरेको श्रद्धा र सम्मानले पनि यही कुरालाई पुष्टि गर्दछ । "सिङ्गै सहर मलामी जान लागेको छ । यहाा व्यक्तिको स्वतन्त्र एकाइको गणना हुदैन सम्पूर्ण सहरको सजीव अस्तित्व मानव धाराको रूपमा पण्डित दुर्गानाथको पार्थिव शरीरको पछि-पछि शोकाकुल भएर प्रवाहित भइरहेछ (पृ. २२७) ।" जीवन र जगत् जन्म र मृत्यु कर्तव्य र अकर्तव्यका सम्बन्धमा गहन दार्शनिकता प्रस्तुत गर्दै उनी भन्छन् "मर्नु मनुष्यको ठूलो अपरिहार्य बाध्यता हो । कुनै पनि बाध्यतालाई कसैले स्वेच्छाले वरण गर्दैन । जो गर्छन ती मानसिक रूपबाट सन्तुलित हुदैनन् र तिनको अन्त्यलाई मृत्यु नभनेर एक किसिमको आत्मघात भन्नु पर्दछ । जस्तोसुकै मृत्युमुखी मानिसले पनि जीवन प्रतिको आस्था र जिजीविषको

गहिरो लालसालाई प्राणवायुको अन्तिम उचछ्वाससम्म सागालिरहेको हुन्छ । जरा मरणमा धेरै लामो दूरी हुदैन र त्यसलाई पनि अझ निकट ल्याउने काम रोग व्याधिले सााघु जस्तै हालेर गरिदिन्छन् (पृ. ८८) ।" यस्तो दार्शनिक चिन्तन प्रस्तुत गर्दै शरीरको नश्वरता र क्षणभङ्गुरतालाई दर्शाएका छन् भने मृत्यु सदैव नजिकै आएको देखेर प्रत्येक मनुष्यले समयको गतिशीलतालाई आत्मसाथ गरी आफ्नो कर्तव्य पथमा निरन्तर लाग्नु पर्छ भन्ने विचार प्रस्तुत गर्दछन् ।

कसैको अहित नगरेको देवता जस्तै व्यक्तित्व र अवतारी मानिस जस्तो देखाएर उपन्यासमा दुर्गानाथलाई एउटा आदर्श पुरुष र प्रतिष्ठित व्यक्तिका रूपमा चित्रण गरिएको छ । मानव मूल्यको एक नयाा चेतना मौन रूपबाट सहरभरि सञ्चारित हुन गयो भन्ने उपन्यासकारका विचारबाट पनि दुर्गानाथको प्रगाढ मानवीय भावनाको प्रभाव सहरबासीहरूमा परेको रहेछ भन्ने कुराको पुष्टि हुन्छ (प्रधान, २०६१:११०) । दुर्गानाथको चरित्र निर्माणमा उपन्यासकारले उनलाई अन्याय विरोधी विचार भएको व्यक्तिका रूपमा प्रस्तुत गरेका छन् । अन्यायबाट बच्न त्यसको प्रतिकार आवश्यक छ र प्रतिकार गर्दा मृत्यु भयलाई पन्छाउनु पर्छ भन्ने दुर्गानाथका विचारमा अन्याय विरोधी चेतना सशक्त रहेको छ । उनका अनुसार "मृत्युभयले मानिसलाई आत्मकेन्द्रित गर्दछ र काायर तुल्याउाछ । यसले न्यायलाई अङ्गीकार गर्ने र अन्यायको प्रतिकार गर्ने पवित्र मानवीय भावनाको स्फुरण हुने मनुष्यभित्र रहेको नैसर्गिक विवेकको झिल्कोलाई ओसिलो तुल्याएर उसलाई उपमानवीय प्राणीको कोटीमा पुऱ्याइदिन्छ (पृ. २०८) ।" अझ अन्यायीहरूले आफ्नो सङ्गठन चलाउन जसरी सङ्गठित जमातको व्यवस्था गरेका छन् त्यसरी नै अन्यायको प्रतिकार गर्न दुर्गानाथले सङ्गठनको आवश्यकता देखेका छन् । उनको विचारमा न्यायी वा अत्याचारी आफ्नो कलुषित कार्यव्यापार चलाउनका लागि एक्लो हुादैन । उसको एक सङ्गठित जमात हुन्छ । अत: यस्ताको प्रतिकार सङ्गठित नभई गर्न सकिदैन । "अन्याय जस्तोसुकै होस् त्यसको प्रतिकार नगर्नु मानव संस्कृतिको विकास प्रक्रियालाई कुण्ठित तुल्याउन खोज्नु हो । देशको हित र समाजको असलको लागि अन्यायको विरोध नगर्नु त्यसको पक्षधर हुनु हो । अन्यायमा सहभागिता जस्तो महापाप मानिसको अरू कुनै छैन (पृ. २०८) ।" दुर्गानाथ ज्ञानी, उदारमना, विवेकवान् मात्र नभएर अन्याय विरोधी चरित्र पनि हुन् । समाजमा विद्यमान अन्यायको

विरोध गर्ने दुर्गानाथमा क्रान्तिचेतना जुर्मुराएको छ । छोरो पीताम्बरले अन्यायको प्रतिकार नगरेको सन्दर्भमा आएका दुर्गानाथका विचारले आउने युगको सामाजिक क्रान्तिलाई सङ्केत गर्दछ (प्रधान, २०६१: १११) । अन्यायको प्रतिकार नगर्ने तर त्यसबाट भाग्ने विचारको पनि दुर्गानाथ विरोधी छन् । उनका विचारमा “कोही फणा उचालेर निर्भय विचरण गर्ने सर्पबाट कोही ज्यान मात्र जोगाएर उम्कियो भने व्यक्ति विशेषको प्राण रक्षा भए तापनि त्यसबाट समाजको हित हुन जाने कुरा छैन (पृ. २०८) ।” मान्छेको मुक्तिको निमित्त मृत्युको भयलाई पन्छाउने दुर्गानाथको भनाइमा सामाजिक विद्रोह व्यक्तिएको छ । अन्यायको सघनता र प्रतिकारको दृढता नभएको त्यस्तो सङ्घर्ष दारूण सङ्घर्षमात्र हुन जान्छ । भन्ने भनाइबाट अन्याका विरोधी र न्यायका पक्षधर युगसचेतक पात्रका रूपमा दुर्गानाथलाई लिन सकिन्छ ।

**घामका पाइलाहरू** उपन्यासका पण्डित दुर्गानाथ पुरानो पुस्ताको नवीन सोचाइ भएका आदर्शोन्मुख पुरुष पात्र हुन् । उनको चरित्रमा नै उपन्यासको अधिकांश घटना केन्द्रित भएकाले उनी कार्यका आधारमा प्रमुख पात्र हुन । देवशमशेरका दरबारिया पण्डित भई देवशमशेरसाग धनकुटा धपाइए पछि औषधि उपचारको सिलसिलामा वीरगञ्जमा बसे तापनि अन्याय अत्याचारको विरोध गर्ने मानवीय संवेदना भएका पात्र हुन् । यस अर्थमा प्रवृत्तिका दृष्टिले उनी अनुकूल चरित्र हुन् । देवशमशेर सत्ताच्यूत भए पछि आफ्नो सिद्धान्तमा अडिग भएर नै सर्वस्व हरण गरी धनकुटा धपाइए । जीवनको अन्तिम अवस्थामा समेत आदर्शमा अडिग रहने स्थिर पात्र हुन् । उपन्यासमा कथानकको सुरुदेखि अन्त्यसम्म विभिन्न घटना र क्रियाव्यापारबाट छुट्याउन नसकिने भएकाले उनी बद्ध र मञ्चीय पात्र हुन् । अन्याय अत्याचारको विरोध गर्ने देशप्रति सेवा समर्पणको भाव भएका दुर्गानाथ आदर्शवादी व्यक्तिहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् । उपन्यासमा दुर्गानाथ आदर्शोन्मुख चरित्रका रूपमा देखिन्छन् । उनमा मान्छेमा हुने स्वभावगत कमजोरीहरू पनि पाइन्छन् । अप्रत्यक्ष असन्तुष्टि व्यक्त गर्ने कुराबाट उनमा केही मानवीय दुर्बलता समेत भएको देखिन्छ । केही स्वभावगत कमजोरी रहे तापनि उनी, आदर्शवादी, प्रभावशाली, अनुकूल, बद्ध, मञ्चीय, प्रमुख पात्र हुन् । जीवनका गहकिला अनुभवहरूलाई समाजमा प्रस्तुत गरी उच्च आदर्श समाजको चाहना गर्ने उनी बहिर्मुखी पात्र हुन् । जीवनका अनेक उतार चढावलाई पर्गेल्दै अनेक

आयामकासाथ जीवन व्यतीत गर्ने दुर्गानाथ गोला पात्र हुन् । समाजका विभिन्न स्थानमा उही रूपले ग्रहण गर्न सकिने सार्वभौम पात्रका रूपमा उनी उपन्यासमा चित्रित छन् । सुरुमा देवशमशेरका दरबारिया पण्डित रहेका बेला काठमाडौंको वातावरणमा रहादा जुन आदर्श जीवन शैलीका रूपमा थिए त्यही आदर्शवान व्यक्तित्व भएर नै वीरगञ्जमा रहेकाले उनी सार्वभौम पात्र हुन् भन्ने कुराको पुष्टि हुन्छ । उपन्यासकारले आफ्ना गहन विचारहरूलाई प्रस्तुत गर्नका लागि उपन्यासमा उभ्याइएका उनी मौलिक पात्र हुन् । उनी मौलिक पात्र भएकाले पाठकलाई आफूतर्फ केन्द्रित गर्ने र नवीन ढङ्गमा जीवनको अन्वेषण गर्ने पात्र हुन् ।

यसरी दुर्गानाथ स्थिर, आदर्श, बहिर्मुखी, गोला, सार्वभौम, मौलिक, पुरुष, अनुकूल, वर्गीय, मञ्चीय, बद्ध र प्रमुख पात्र हुन् ।

### ५.१.२ अमलेन्दु भट्टाचार्य

अमलेन्दु भट्टाचार्य **घामका पाइलाहरू** उपन्यासका प्रमुख चरित्र मध्येका एक हुन् । चन्द्रशमशेरका समयमा रेलवेका स्थापनाका निमित्त कलकत्ताबाट नेपाल आएका बङ्गाली इन्जिनियर भट्टाचार्यलाई उपन्यासमा रेलवे अधिकारीका रूपमा प्रस्तुत गरिएको छ । रेलवेको रेखदेख र त्यसप्रतिको सेवा समर्पणमा नै उनको चारित्रिक छवि मुख्य रूपमा प्रकट भएको छ । कुशल रेलवे प्रशासक र अनुभवी इन्जिनियरका रूपमा उनको चरित्र चित्रण गर्दै उनलाई बाल्यकालदेखि नै कुनै न कुनै रूपमा रेलसाग सम्बद्ध व्यक्तित्वको रूपमा देखाइएको छ । नेपाल गभर्मेन्ट रेलवेको स्थापनामा त चारकोसे झाडीमा औलो र हिंसक जनावरसाग जुध्दै रेलको लिग ओछ्याउने समयदेखि नै भट्टाचार्यको सक्रिय संलग्नता रहेको छ ।

भट्टाचार्यको परिचय दिदै उपन्यासकार भन्छन् “एक सानो सहरमा बेलायतबाट ट्रेनिङ लिएर आएका धाराप्रवाह अङ्ग्रेजी बोल्न सक्ने, सुट, टाई र हैट लाउने र मासिक बाह्र सय कम्पनी तलब खाने, व्यक्ति स्वतःश्रद्धेय हुन जान्छ (पृ. ३१) ।” ब्रिटिस वातावरणमा हुर्केका भट्टाचार्य आकर्षक व्यक्तित्व भएका चरित्र हुन् । आधुनिक पाश्चात्य सभ्यताको प्रभाव परेको सम्पन्न रवाफिले व्यक्तित्व र गर्जनापूर्ण आवाजबाट स्टाफहरूलाई कायल बनाउन सक्ने उनलाई उपन्यासमा जीवन्त प्रशासकका रूपमा

चिनाइएको छ । नेपाल रेलवेलाई ब्रिटिस रेलवे सरह विकास गर्न प्रयत्नरत भट्टाचार्यमा रेलवे प्रशासकमा हुनु पर्ने आवश्यक गुणहरू पाइन्छन् (भट्टराई, २०६४:२२) रेलवेलाई आफ्नो प्राण ठान्ने भट्टाचार्य रेलवेकै नियमितता र व्यावस्थापनमा समर्पित चरित्र हुन् । भट्टाचार्य भन्दछन् "बङ्गाल विर्सिसको त्यो अब भोजन र स्वादमा सीमित छ । अब म सम्पूर्ण आत्मा र शरीरले नेपाली संस्कारमा भिजिसकेको छु" (पृ. ३८) । उनको यो भनाइमा नेपाल प्रतिको अगाढ स्नेह व्यक्त भएको छ । उनी सदैव नेपालको उन्नति र प्रगति भएको हेर्न चाहन्छन् ।

एकातिर छोरी अणु प्रतिको कोमल भावनात्मक दुर्बलता र अर्कोतिर रेलवेको निष्ठापूर्ण कठोर अभिभारा भएका भट्टाचार्य रेललाई पनि आफ्नो सन्तान सरह माया गर्ने चरित्र हुन् । श्रीमतीको मृत्युपछि चार-पााच वर्षकी मातृविहीन र टुहुरी छोरीलाई हुर्काउादा उनको अनुहारमा धेरै समयदेखि हाासो देखिएको थिएन धेरै वर्षदेखि नै कठोर भइरहेको उनको अनुहारमा अकस्मात् हाासो देखिादा अणु अचम्म पर्छे । "अणु कुनै अमूल्य वस्तु हराएर किञ्चित् आस मारिसकेपछि एक्कासि पाएको आनन्दको खुसीमा हाास्न थालेकी थिइन् । हाासोको एक शृङ्खलाबद्ध प्रतिक्रिया (पृ. २२०)" यसरी भावनात्मक दुरीलाई गाास्न एक सानो साघु हालिदिन्छन् । रेलवेलाई सञ्चालन गर्नका लागि रेलवे क्वाटरको निर्माणमा आफ्नै जागिरको समेत बाजी लगाउन तत्पर हुने भट्टाचार्य रेलवे र कर्मचारीको सेवालाई नै जीवनको आदर्श मान्दछन् । "यो रेलवे तपााइले रचना गरेको यस्तो महाकाव्य हो जो सधै शाश्वत् रहिरहने छ" भन्ने दुर्गानाथका अभिव्यक्तिले पनि भट्टाचार्यको रेलवेप्रतिको समर्पणलाई नै पुष्टि गरेको छ ।

भट्टाचार्यको चरित्र निर्माणमा उपन्यासकारले उनलाई वैज्ञानिक, विज्ञ, प्रवुद्ध, समाजसेवी र आलोचनात्मक दृष्टि भएको चरित्रका रूपमा प्रस्तुत गरेका छन् । भट्टाचार्य संसारमा घटित भएका घटनालाई वैज्ञानिक ढङ्गबाट हेर्दछन् । विज्ञानको विकासले नयाा-नयाा चिजको आविष्कार भइरहेकोमा उनी सन्तुष्ट छन् । सामाजिक जीवनमा रेलको भौतिक महत्ता र त्यसले समाजमा ल्याउने प्रगति एवम् परिवर्तनप्रति भट्टाचार्य विश्वस्त देखिन्छन् । सभ्यताको नयाा शिखर भेट्टाउन र संस्कृतिको नौलो आयाम पाउन यातायातको साधनले पनि महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा उनको दृढता छ । उनका विचारमा विज्ञान र प्रविधिको प्रभावले विकासको गतिको विशाल

छाल उर्लदै आइरहेको छ । बयलगाडाका पाङ्ग्राले समयको गतिलाई समात्न नसक्ने हुनाले रेलको अविष्कार भएको हो भन्ने उनको सोचाइ रहेको छ । भट्टाचार्य विज्ञानको दुरूपयोग होइन सदुपयोग गर्नु पर्छ भन्दछन् । ठिकै हो हाम्रो युगको विज्ञान अब अणु र परमाणुको पखेटा हालेर उड्दै छ कहाा गएर अडान लिने हो थाह छैन । सृष्टि भन्दा संहार सजिलो हुन्छ । यो घर बनाउनुभन्दा यसलाई पाताल पार्नुमा चौथाइ समय र श्रम लाग्ने हुन्छ (पृ. ३५) ।" नेपालको इतिहासको व्याख्या र विश्लेषणमा समेत उनको विज्ञता र प्रवुद्धता झल्किएको छ । भट्टाचार्य भन्दछन्- "तपाईाको र मेरो उमेरमा त्यति नै अन्तर होला जति देवशमशेर र चन्द्रशमशेर दुई दाजुभाइको उमेरमा फरक थियो होला । तपाइा देवशमशेरसित धपिएर यहाा आउनु भयो । मैले चन्द्रशमशेरको पछि लागेर यस थलोलाई रोज्नु पऱ्यो (पृ. ३५) ।" डाक्टरलाई सहरमा विरामी हेर्न छुट दिएर उनले मानवीय र सामाजिक पक्षलाई उजागर गरेका छन् । विरामी दुर्गानाथको सेवा र आदर भावबाट उनको आदर्श प्रकट भएको छ । डाक्टर र श्रीवास्तवको झगडालाई सुरुमा व्यक्तिगत मामिला भनेर पन्छाउनु र अन्त्यमा डाक्टरलाई माफी माग्न लगाउनुले उनको आलोचनात्मक दृष्टिकोणको परिचय मिल्छ । यस्तै भट्टाचार्य समाजमा हुने विभिन्न किसिमका शोषणको विरोध गर्ने, शोषण र अन्याय विरोधी चरित्र हुन् । "बढी काम गराएर थोरै पारिश्रमिक दिनु वा कोही सित काम लिएर कुनै पारिश्रमिक नदिनु दुवै शोषणका भिन्नभिन्नै किसिम हुन् । पहिलो श्रेणीमा तिम्रो पितालाई काम लगाउने सेठ शोषक छ (पृ. १२०) ।" भन्दै पीताम्बरलाई थोरै पारिश्रमिक दिएर धेरै काम लगाउने सेठले शोषण गरेकोमा उनी असन्तुष्टि व्यक्त गर्दछन् । दुर्गानाथको अन्यायको प्रतिकार गर्ने धारणामा समेत सहमति भेटिनुले भट्टाचार्यमा अन्याय विराधी चेतनाको छनक समेत पाइन्छ ।

उपन्यासमा बङ्गाली संस्कृतिको प्रतिनिधि, नेपाल रेलवेको इमान्दार, कर्तव्यनिष्ट प्रशासकको प्रतिनिधित्व गर्ने अमलेन्दु भट्टाचार्य वर्गीय पात्र हुन् । उनी लिङ्गका आधारमा पुरुष पात्र हुन् । उपन्यासमा प्रायः सुरुदेखि अन्त्यसम्मका विभिन्न घटनाहरूसाग सम्बद्ध भएकाले कार्यका आधारमा प्रमुख पात्र हुन् । नेपालमा रेलवेको स्थापनाका लागि पश्चिम बङ्गालबाट आएका इन्जिनियरका सबै कार्यहरू मानवताको पक्षपोषणप्रति केन्द्रित छन् । अन्याय र शोषणको विरोध गर्ने, इमान्दार, कर्तव्यनिष्ट

कर्मचारी भट्टाचार्य उपन्यासका अनुकूल चरित्र हुन् । कार्यमा एकरूपता र विचार शक्तिमा विविधता भएका उपन्यासको सुरुदेखि नै रेलवे सेवालाई राम्रोसाग सञ्चालन गर्ने लक्ष्य लिएर कार्य सुरु गर्ने भट्टाचार्य उपन्यासको अन्त्यसम्म पनि रेलको सेवामा नै समर्पित भएकाले उनी स्थिर चरित्र हुन् । उपन्यासमा कथानकको सुरुदेखि अन्त्य सम्मको सम्पूर्ण भागमा उपस्थित भई कार्यव्यापार, संवाद तथा चिन्तनमा सहभागी भएकाले आसन्नताका दृष्टिले मञ्चीय पात्र हुन् । विविध घटना र कार्यव्यापारबाट उनलाई उपन्यासमा छुट्याउन नसकिने हुनाले उनी बद्ध पात्र हुन् । रेलवे विकासमा लागेका प्रशासक भट्टाचार्यमा वर्गीय चेतना पाइन्छ (गौतम : ३०६३ : ९३) । भट्टाचार्य मानवीय सबलता र दुर्बलता दुवै भएका यथार्थवादी चरित्र हुन् । आफ्ना स्टाफहरूका स-साना कुरामा खोट देखाएर उनीहरूलाई अप्ठ्यारोमा पार्ने, दुर्वासा बनेर जाइलाग्ने र अपशब्द बोल्ने जस्ता केही मानवीय दुर्बलताहरू पनि भट्टाचार्यमा पाइन्छन् (प्रधान, २०६१ : १०९) । यसरी केही दुर्बलता भए पनि रेल सेवामा कटिबद्ध भएर लाग्नु, स्टाफहरूको आफूप्रतिको श्रद्धामा करूणाद्र हुनु मुख्य सबल पक्ष हो । भट्टाचार्यमा मानवीय कोमल भावना अभिव्यक्त भएको पाइन्छ । उनले डाक्टरलाई गाउाका मानिहरूको समेत सेवा गर्न छुट दिएका छन् । आदिदेखि अन्त्यसम्म चारित्रिक भिन्नता नआएकाले स्थिर तथा समाजका वास्तविक यथार्थलाई प्रतिनिधित्व गर्ने उनी यथार्थवादी चरित्र हुन् । आफ्ना मनका कुराहरू अरूलाई भन्ने, बाहिरी सम्पर्कमा रम्ने उनी बहिर्मुखी प्रवृत्तिका चरित्र हुन् । जीवनलाई सपाट रूपमा भोग्ने र सजिलै बुझ्न सकिने उनी च्याप्टा पात्र हुन् । निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका भट्टाचार्य आञ्चलिक पात्र हुन् । बङ्गाली संस्कृतिलाई झल्काउने र आञ्चलिक रूप समेत प्रदर्शन गर्दै तराईको रेलवे सेवाको विस्तारका कालखण्डको समेत छाया व्यक्त गर्न सफल भएकाले पनि उनी आञ्चलिक पात्र भएको पुष्टि हुन्छ । नवीन ढङ्गमा यथार्थपरक जीवनको अन्वेषण गर्ने भट्टाचार्य मौलिक पात्र हुन् ।

यसरी अमलेन्दु भट्टाचार्य **घामका पाइलाहरू** उपन्यासका प्रमुख, अनुकूल, पुरुष, स्थिर, वर्गीय, मञ्चीय, बद्ध, बहिर्मुखी, आञ्चलिक, च्याप्टा र मौलिक अनि यथार्थ पात्र हुन् ।

**५.१.३ पवन**

पवन विद्यालयमा अध्ययन गर्ने जेहेन्दार मिहिनेती विद्यार्थी हो । उसले बोली र व्यवहारबाट अरूलाई प्रभाव पर्न सकेको छ । ऊ गरिब तथा स्वाभिमान, चरित्रवान, आज्ञाकारी, पारिवारिक दायित्वप्रति संवेदनशील रहने पात्र हो । पं. दुर्गानाथको आज्ञाकारी नाति, आमा रम्भीको असल पुत्र, कक्षाको सबैभन्दा उत्तम विद्यार्थी र सामाजिक मर्यादा एवम् मान्यता भित्रै रहेर हार्दिक प्रेम गर्ने अणुको असल प्रेमीका रूपमा आएको चरित्र हो । दुर्गानाथको सहवास र साहचर्यमा हुर्केको पवन **घामका पाइलाहरू** उपन्यासको प्रमुख युवा चरित्र हो । पवनको चरित्रले उपन्यासको कथानकको प्रायः सबै भागलाई स्पर्श गरेको छ । सुरुमा दुर्गानाथको साहचर्यमा रहेको पवन दुर्गानाथको निधन भए पछि द्वारिकाको संरक्षकत्वमा रहेको छ । उपन्यासको कथानकको सुरुदेखि अन्तयसम्म अरूको आश्रयमा रहेर पनि आफ्नो छुट्टै अस्तित्व निर्माण गर्न पवन सफल देखिन्छ । अणुसागको प्रेमलाई देखाएर उपन्यासमा पवनलाई प्रेमीका रूपमा प्रस्तुत गरिएको छ । पवन र अणुका प्रेममा कुनै उच्छृङ्खलता नभई सहजता र स्वभाविकता छ । उनीहरूको प्रेम सामाजिक मर्यादा र मान्यता भित्रै रहेर गरिने हार्दिक प्रेमका रूपमा उपन्यासमा प्रकट भएको छ । आफ्नो पारिवारिक स्थितिका कारणले सुरुमा अणुसाग सङ्कोच मानेर हीन भावनाको बोध गर्ने पवन अणुको स्वभाव, उसले पवनप्रति गरेको व्यवहार र अमलेन्दुले पवनबारे राखेको दृष्टिकोण देखेर परिवर्तन भएको छ । अमलेन्दु पवनलाई भन्दछन् "हेर पवन ! तिमी भोलिदेखि अणुलाई उठाउन आऊ तिमी गुरु होइन सहयोगी र सहायक मात्र हौ (पृ. ११९) ।" यसरी यी दुईको उपन्यासमा प्रेमको बीजाङ्कुर हुने अवसर पायो भने प्रेम फुल्ने, फल्ने र पल्लवित हुने अवस्थाको सङ्केत मात्र गरेर उपन्यास पूर्ण भएको छ ।

पवन उपन्यासको शिक्षित चरित्र हो । परीक्षामा प्रथम हुनु पवनको लगनशीलताको परिणाम हो । त्यसैले स्कुलका शिक्षक भन्दछन् "पवन दि प्रेटि व्वाय ( पृ. ६९) ।" पवन कर्तव्यनिष्ट युवक हो । ऊ एक इमान्दार व्यक्तिका रूपमा उपन्यासमा चित्रित छ । बाजे दुर्गानाथ अनि भट्टाचार्यप्रतिको सेवा भाव र आदरले उसले कर्तव्यनिष्ठताको सङ्केत गर्दछ । पारिवारिक आर्थिक बोझलाई कम गर्न उसले विद्यालयको शुल्क मिनाहा गराउन गरेको प्रयत्नले पवनलाई पारिवारिक दायित्वप्रति सजग चरित्रका रूपमा लिन सकिन्छ । पवन सुरुदेखि नै जिज्ञासु प्रवृत्ति भएको पुरुष

पात्रको रूपमा आएको छ । उपन्यासको आदिदेखि नै पवन लगनशील इमान्दार विद्यार्थी र कर्तव्यानिष्ठ युवकका रूपमा चित्रित छ भने अन्त्य सम्मका विभिन्न कार्यहरूका आधारमा हेर्दा उसको कार्य प्रमुख नै रहेको छ । उसले इमान्दार युवा तथा कर्तव्यपरायण विद्यार्थी वर्गको भूमिका निर्वाह गरेकाले ऊ वर्गीय चरित्र हो । उसले उपन्यासमा गरेका विभिन्न कार्यहरूका आधारमा हेर्दा ऊ अनुकूल प्रवृत्ति भएको पात्र हो । आफ्नो पारिवारिक स्थितिका कारणले अणुसाग हीन भावना राखी बोल्न डराउने पवन पछि अणुसाग खुलेर मनका कुरा व्यक्त गर्न सक्षम भएबाट उसको स्वभाव गतिशील देखिन्छ । पवनमा मनोवैज्ञानिक ग्रन्थिहरू पनि साङ्केतिक रुपमा देखिन्छन् । सुरुमा ऊ गरिब भएको र कक्षाका विद्यार्थीहरूले “दि पुअर ब्वाय (पृ. ६८) ।” भन्दा निरीह र हीनता ग्रन्थिको विकास भएको छ भने पछि क्रमशः हटेको देखिन्छ । अणुसागको संवादका क्रममा बगैचामा डुल्दा अणुको खसेको आाचल उठाउन लाग्दा लजाउादै भन्छ -“के ठीक हो - गर्नु कि नगर्नु ! भ्वाट्ट कसैले देख्यो भने के भन्ठान्नेछ ? (पृ. ७१) ।” यस वाक्यको सङ्केतले पनि पवनमा मनोवैज्ञानिक ग्रन्थि भएको पुष्टि हुन्छ । उपन्यासमा विभिन्न कथानकसाग सुरुदेखि अन्त्यसम्म सम्बद्ध भई विभिन्न कार्य व्यापारमा सक्रिय भएको हुादा पवन मञ्चीय पात्र हो । उसको उपस्थिति उपन्यासमा अनिवार्य भएकाले बद्ध पात्र हो ।

यसरी पवन लगनशील विद्यार्थी, इमान्दार, कर्तव्यनिष्ठ युवा, रम्भीको असल पुत्र, दुर्गानाथको आज्ञाकारी नाति, द्वारिकाको निकटतम सहयोगी, अणुको हार्दिक सच्चा प्रेमीका रूपमा उपन्यासमा परिचित छ भने ऊ मौलिक, यथार्थ, गतिशील, गोलो, अनुकूल, अन्तर्मुखी र आञ्चलिक सच्चरित्र हो ।

### ५.१.४ पीताम्बर

यस उपन्यासका प्रमुख पात्रहरूमध्येको एक पीताम्बर हो । ऊ पं. दुर्गानाथको छोरो र रम्भीको श्रीमान एवम् पवनको पिता हो । आफ्नो कामप्रति इमान्दार, कर्तव्यनिष्ठ यथार्थता अभिव्यक्त गर्ने तर शोषणको विरुद्ध आवाज नउठाउने र खराव कामप्रति अस्वीकार गर्ने स्वाभिमानी कर्मशील प्रमुख पात्र हो । ऊ सेठको मालगोदामको कामबाट प्राप्त तिस रूपैयाले जीवन धान्न बाध्य निम्न मध्यम वर्गीय

चरित्र हो । रिसाहा र क्रोधी स्वभावको पीताम्बर आफ्नी पत्नी, पिता र छोरा माथि जङ्गिने, झम्टने, गाली गर्ने र व्याङ्ग्य प्रहार गर्ने पात्र हो । पीताम्बरको चरित्र चित्रण गर्दा उपन्यासकारले दुर्वासा सम्झे होलान् । "पीताम्बर दुर्वासा हुनुको कारण चाहि रोगी बाबुको स्याहार सुसारको जिम्मेवारीको साथै गरिबीसाग सङ्घर्षरत हुादा मनमा उत्पन्न विराग हो (यात्री, २०३९ : ५४) ।" पीताम्बर सामाजिक जीवनका विकृति र विसङ्गतिलाई प्रस्तुत गर्ने यथार्थवादी चरित्र हो । दुर्गानाथ र अमलेन्दु भट्टाचार्य यथार्थवादी चरित्र भए पनि उनीहरूका चरित्रमा आदर्श पाइन्छ । पीताम्बर सुरुदेखि अन्त्य सम्म नै मानवीय जीवनको यथार्थलाई प्रस्तुत गर्न सफल भएको देखिन्छ । ऊ आफ्नो कामप्रति इमान्दार, कर्तव्यप्रति सजग र कुनै पनि घटनालाई लुकाइ छिपाइ नगरी अभिव्यक्त गर्ने चरित्र हो । पीताम्बरका अनुसार काम जिम्मा लिए पछि त्यसमा गलत गर्नु हुन्न । "सत्य कटु हुन्छ र कटु भएकाले कहिले काहीा अप्रिय पनि हुन जान्छ (पृ. ४२) ।" सेठको मालचलानीको जिम्मा लिएर दिनभर घरबाट मालगोदाम र त्यसपछि सेठको गद्दीसम्म साइकल दौडाउादा दौडाउादै उसका दिनचर्याहरू वितेका छन् । सेठको काममा सधै समर्पित भएर इमान्दारीपूर्वक लाग्दा पनि उसले पारिवारिक आर्थिक समस्यालाई पूरा गर्न सकेको छैन । पीताम्बर उपन्यासमा शोषित चरित्रका रूपमा आएको छ । सेठको शोषणलाई बुझेर पनि पीताम्बर उपन्यासमा कर्तव्यनिष्ठ चरित्रका रूपमा प्रस्तुत भएको छ । आफ्नी पत्नीले दिनभर भात कुर्दा र आफू भोक भोकै पर्दा पनि सेठको कार्यमै व्यस्त रहने पीताम्बरमा अति इमान्दारिता पाइन्छ । सेठले खराब काममा अंशियार बनाउने प्रयत्न गर्दा उसले त्यो खराब काममा अंशियार हुन अस्वीकार गरेको छ । ऊ भन्दछ "सेठको प्रस्ताव मैले मान्न सकिना त्यस कारण मेरो सेवा उसका लागि स्वीकार्य भएन (पृ. १६५) ।" सेठको अन्यायमा सहभागी हुनु भन्दा रेलवेको कुल्ली भएर जीवन बिताउन तयार हुने पीताम्बर स्वाभिमानी र अन्याय विरोधी चरित्र हो । कालो बजारी गर्ने सेठ र घुसखोरीमा सामेल हुने प्रशासनका छद्म चरित्रको उद्घाटन गर्न सक्ने पीताम्बरका चरित्रले महत्त्वपूर्ण भूमिका खेलेको छ । परिश्रम नगर्नेहरू रातारात धनी बन्ने र परिश्रम गर्नेहरू सधैं गरिबी र अन्यायमा पर्नु पर्ने सामाजिक नियतिमाथि व्यङ्ग्य गर्न उपन्यासकारले पीताम्बरको चरित्र निर्माण गरेका हुन् भन्ने कुरा छर्लङ्ग हुन्छ ।

पीताम्बर कुनै षड्यन्त्र नगर्ने र देखेको कुरालाई प्रष्ट अभिव्यक्त गर्ने चरित्र हो। कुनै पनि ठाउामा कुनै पनि व्यक्तिसाग लोलोपोतो र चिप्ल्याइ भन्दा ठोस र ठाडो अभिव्यक्तिलाई नै ऊ मन पराउाछ । पीताम्बर अन्याय विरोधी छ र अन्यायलाई सहन नसक्ने चरित्रका रूपमा नै उपन्यासकारले उसको चरित्र निर्माण गरेका छन् (भट्टराई २०६४ : ३६) । पत्नीले चियाले पित्त बढ्छ भन्दा मेरो पित्त चियाले बढ्दैन अन्यायले बढ्छ भन्ने जवाफ दिन्छ । तराईको सहरिया वातावरणलाई मन नपराउने पीताम्बर पिताको औषधि उपचारका लागि मात्र वीरगञ्जमा बस्न बाध्य भएको बताउाछ । "गाउाको त्यत्रो घरमा घाास उम्रिसक्यो होला । यहाा यो सागुरको खोरमा बास गर्नु परेको छ (पृ ३४)" भन्दै सहरिया अस्तव्यस्त वातारणको विरोध गर्छ ।

हाड घोटेर काम गर्दा पनि पीताम्बरले पारिवारिक अभावलाई पूरा गर्न सकेको छैन । खान नपाउने दरिद्र परिवारमा पाहुना लागेको छ कुन दिन मेरो रकममा पनि लामा हात पर्ने हुन् भनी गङ्गादत्तले उसमाथि लगाएको आरोप ऊ सहन सक्दैन । दिनभरको कामको कारणले उसको मानसिकतामा विकृति आएको छ । उसमा उत्पन्न हुने रिसाहा र क्रोधी भाव, दिन भर कामको व्यस्तता एवम् उसमा उत्पन्न भएको विकृति र उसले जीवनमा अनुभव गरेको विसङ्गतिको परिणाम हो । पीताम्बर रिसाहा मात्र नभएर कारूणिक व्यक्ति पनि हो । आफ्नी पत्नीका सम्बन्धमा द्वारिकाले सोद्धा ऊ भन्दछ- "हामीबाट सबभन्दा बढी शोषण उनैको भएको छ । चूह्लोका भर्भराउादा दुई मुख र उनका दुबै हातको मित्यारी कहिल्यै छुट्दैन । भान्छा र सुत्ने कोठाको सानो संसारमै तिनको आधा जीवन बित्यो (पृ. १७२) ।" यो भनाइबाट पीताम्बरको कारूणिकताको भाव छचल्किएको छ । उपन्यासकारले पीताम्बरको मानसिक अध्ययन समेत प्रस्तुत गरेका छन् ।

पीताम्बरले आफ्नो विकृतिका बारेमा पत्नीसाग प्रकट गरेको विचारबाट पनि यस तथ्यलाई अध्ययन गर्न सकिन्छ । ऊ भन्छ- "बोरा गन्दा गन्दा मेरो त रुचि नै विकृत भइसकेको छ । कहिलेकाहीा म आफैलाई विचित्रको जन्तु जनावर जस्तो लाग्दछ । पवनकी आमा मलाई लाग्दछ कुन दिन म सडकमा निर्वस्त्र भएर चिच्याउादै दगुर्छु (पृ. १४४) ।" सामाजिक व्यवस्थाका विसङ्गतिलाई उपन्यासकारले पीताम्बरका माध्यमबाट प्रस्तुत गर्ने काम गरेका छन् । पीताम्बर सहरप्रतिको वितृष्णालाई यसरी

व्यक्त गर्दछ- "यसरी घर छोडेर काम गर्दा पनि परिवारको लागि कुनै सुख जुटाउन सकिना, म छाद हालेको घोडा जस्तै एक सीमित घेरामा उफ्री उफ्री चरिरहेको छु । यस अभावको चिच्याट र त्यसबाट मुक्तिको लागि ममा हुने छटपटीले नै मलाई कुपित तुल्याउाछ (पृ. ११४) ।" सामाजिक व्यवस्थाको परिवर्तनका निम्ति आवाज उठाउने दुर्गानाथलाई पीताम्बरको यस घटनाले पृष्ठभूमिको काम गरेको छ । पीताम्बरको इमान्दारितालाई उपन्यासकार यसरी व्यक्त गर्दछन्- "पीताम्बर बाजे पान खानु भन्दा अगावै पैसा लोटाभित्र खसाइ दिनु हुन्छ । भन्नुहुन्छ बुझिस गणेशी, फोकटको माल पीताम्बर खादैन (पृ. २०२) ।"

यसरी उपन्यासमा पीताम्बर यथार्थ जीवनका विसङ्गति र विकृतिलाई प्रस्तुत गर्न सक्षम चरित्रका रूपमा आएको छ । जीवनका अनेक प्रकारका उतार चढावहरूलाई झेल्दै अगाडि बढ्ने पीताम्बर लिङ्गका आधारमा पुरुष पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म मावनीय यथार्थको वकालत गरेकाले ऊ कार्यका आधारमा प्रमुख पात्र हो । सेठले गरेको अवैध धन्दामा समावेश नभई त्यसको विरोध गर्ने र जस्तोसुकै दुःख गरेर भए पनि आफ्नो बाबुको औषधिउपचारमा लागेको पीताम्बर अनुकूल चरित्र हो । सेठको कारिन्दा भई मालचलानीको काम गरेको पीताम्बर सेठले जागिरबाट निकालेपछि त्यसको कालो धन्दा र सरकारी प्रशासनको भ्रष्टाचारी प्रवृतिको भण्डाफोर गर्ने ऊ गतिशील चरित्र हो । दिनरात काममा खट्दा पनि झन् गरिबीको चपेटामा पर्दै गइरहेका कर्मचारी र गरिब जनताहरूको प्रतिनिधित्व गर्ने ऊ वर्गीय पात्र हो ।

उपन्यासमा पीताम्बरको उपस्थिति यथार्थवादी पात्रका रूपमा प्रस्तुत भएको छ । ऊ मञ्चीय पात्र हो । उपन्यासमा पीताम्बर सशक्त पात्रको रूपमा देखिएकाले बद्ध पात्र हो । सेठको शोषणको कारणले सिङ्गो सहरलाई नै पीताम्बर घृणा गर्दछ । यसो हुनुको प्रमुख कारण विकृति नै हो । जति परिश्रम गरे पनि काम अनुसारको पारिश्रमिक नपाउनुले उसको जीवनको विसङ्गतिलाई नै सङ्केत गर्दछ (गौतम, २०६३ : १००) । यसरी पीताम्बर सामाजिक जीवनको यथार्थवादी चरित्र भएको प्रमुख गतिशील, मौलिक र आञ्चालिक पात्र हो ।

### ५.२ सहायक पात्रहरू

उपन्यासमा कुनै पात्रले सुरुदेखि अन्त्यसम्म कथानकलाई लिएर अगाडि बढेका हुन्छन् भने कतिपय पात्रहरू सहायक कथानकसाग बिचमा आउने र बिचमै हराउने पनि हुन्छन् । तसर्थ कथानकको विकासलाई गति दिन मुख्य पात्रका साथ देखिने तर मुख्य पात्रको भन्दा कम भूमिका भएका पात्रलाई सहायक पात्र भनिन्छ । सहायक पात्रहरू तिन प्रकारका हुन्छन् । कुनै सुरुमा आएर बिचमा हराउने हुन्छन् । कुनै पात्र बिचमा आएर बिचमै हराउाछन् भने कुनै बिचमा आएर अन्त्यसम्म रहन्छन् ।

**घामका पाइलाहरू** चरित्रप्रधान उपन्यास हो । यस उपन्यासमा प्रयुक्त सहायक चरित्रको निम्नानुसार विश्लेषण गरिएको छ :-

#### ५.२.१ रम्भी

रम्भी **घामका पाइलाहरू** उपन्यासकी सहायक नारी चरित्र हो । रम्भी चुल्हो चौको र परिवारका सदस्यहरूको स्याहार सम्भारमा दिन विताउने सामन्ती समाज भित्रकी शोषित नारी चरित्रका रूपमा आएकी छ । पतिले खाना नखाइ आफूले खानु हाुदैन भन्ने सामन्ती धारणा पाइने रम्भी औपचारिक शिक्षा नलिए पनि सहनशील र तर्कशील रहेकी छ । रम्भीले राणाकालीन सामन्त समाजका नारीहरूको प्रतिनिधित्व गरेकी छ । घरका दैनिक कार्यहरूमा नै रम्भीका दिनहरू व्यातीत भएका छन् । सुख सयलमा हुर्केकी रम्भी सामाजिक जीवनका महिलाहरूले भोग्नु परेका यथार्थ घटनाहरूलाई प्रस्तुत गर्ने यथार्थवादी चरित्र हो । आफ्ना इच्छा आकाङ्क्षाहरूलाई कुण्ठित गर्दै पति पीताम्बर र ससुरा दुर्गानाथको सेवा सुश्रुषामा नै आफ्नो जीवन समर्पित गरेकी छ । उपन्यासको प्रारम्भमा उसले जुन विचार लिएर उपस्थित भएकी छ, त्यो विचार अन्त्यसम्म पनि उपन्यासमा कायमै रहेको पाइन्छ । त्यसैले ऊ स्थिर स्वभावकी चरित्र हो । रम्भीको चरित्र त्याग कर्तव्य परायणता, सहनशीलता, जस्ता उच्च गुणहरूले सुशोभित रहेको छ ।

पीताम्बरलाई काममा लगनशील भएर लाग्ने वातावरण मिलाइदिने र पीताम्बर रिसाएको बेलामा उसलाई शान्त गराउने महत्त्वपूर्ण भूमिका उपन्यासमा रम्भीले निभाएकी छ । रम्भी पीताम्बरकी श्रीमती, दुर्गानाथकी बुहारी र पवनकी आमा हो ।

यस उपन्यासमा उसको चारित्रिक आदर्श परम्परागत नै छ । रम्भी पीताम्बरलाई "जति रिसायो उति पित्त बढ्छ, जति पित्त बढ्छ उति रिस बढ्दछ (पृ. ११४)" भन्दै अभिभावकीय व्यवहारको समेत भूमिका निर्वाह गर्दछे । कोइलीको समान सुमधुर स्वर भएकी रम्भी आफ्नो रमणीय सुन्दर जन्मस्थल छाडेर सहरिया वातावरणमा बस्न बाध्य हुनु परेको गुनासो पोख्दै भन्दछे- "लाग्दछ बरपीपल र आापका रूखहरूलाई जिस्क्याउादै बाासको बुइ चढेर तिनलाई नुहाउादै बग्ने गाउाको हावा अब फोक्सो भरि पिउन पाउादिन (पृ. ५८) ।" आफ्ना ससुरालाई जस्तो सुकै दुःख सहेर भए पनि अत्यन्त स्नेहका साथ सेवा गर्दछे । बुढेसकालमा ससुरालाई राम्रो सेवा गर्न सकिएन भने समाजले हामीलाई के भन्लान् भन्ने चिन्ता उसका मनमा निरन्तर रहन्छ । पीताम्बरले रिसको झोकमा पितालाई गाली गर्दा यसरी सम्झाउाछे- "अरू जसलाई जे भन्नु छ भन्नुस् तर बुढा बाबुलाई गाली नगर्नुस् मलाई बडो पीडा हुन्छ भित्र विचरा साह्रै सोझो हुनुहुन्छ (पृ. २९) ।"

रम्भी पीताम्बरले विनाकारण उत्तेजित गाली गर्दा पनि उल्टै पीताम्बरको रिसलाई झार्न पुग्दछे । ऊ आफ्नो कर्तव्य कहिल्यै नभुल्ने चरित्र हो । पीताम्बरले माइत जानभन्दा "म गैदिए भने बाजे दुई दिन पनि अन्न पाउनु हुन्न तपाई कामका व्यस्त रहनुहुन्छ ठीक-ठीक समयमा खाने पिउने कसले ठीक पार्दछ (पृ. ५९)" भन्दै माइत समेत नगई विरामी ससुराको सेवा गरेकी छे । पीताम्बर कामबाट ढिलो आउादा पनि नखाइकन भोक-भोकै पीताम्बरलाई पर्खेर बसेकी हुन्छे । आफू शारीरिक रूपले जीर्ण बन्दै गए तापनि रम्भी आफ्नो कर्तव्यबाट पछि नहट्ने चरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएकी छे । आमाले पुत्रलाई दिनु पर्ने स्नेह र कर्तव्य पूर्ण रूपले पालना गर्ने रम्भी छोराले राम्रोसाग पढोस् भन्ने सोचेर आफूले आधा पेट खाएर भए पनि द्वारिकालाई घरमा खाना खुवाउने काम गरेकी छ । उसले अविवाहित हुादा गीत गाउने, मनोरञ्जन गर्ने जस्ता स्वतन्त्रता विवाह पश्चात् गुमाएकी छे ।

दुर्गानाथको मृत्युपछि पवनलाई साथै लिएर जाउा भनी पीताम्बरले भन्दा रम्भी भन्दछे- "पवनलाई पनि अहिल्यै घिच्याउादै लिएर जाने के आवश्यक्ता ? उसलाई कुनै रेखदेख चाहिन्न आफ्नो भलो-कुभलो थाहा पाउने भैसकेको छ । बाजेले दिनुभएको शिक्षा र अर्तिले नै यसलाई ठीक बाटोमा डोऱ्याइरहने छ (पृ. २२९) ।" यसरी

पवनलाई द्वारिकाको रेखदेखमा छाडेर अणुलाई समेत सम्भाउन भन्दै श्रीमान्‌सा‍ग रम्भी गाउातर्फ लाग्दछे । रम्भीमा एउटी असल बुहारी, कुशल गृहिणी र वात्सल्य एवम् करूणामयी आमामा हुनुपर्ने सबै गुणहरू पाइन्छन् तसर्थ ऊ उपन्यासकी सच्चरित्र भएकी नारी पात्र हो । विदा हुने बेलामा पवनलाई सम्भाउादै "हेर बाबु पैताला चिलायो भन्दैमा भुङग्रो बालुवामा टेक्ने र घाममा डुल्नेकाम नगर्नू (पृ. २३३)" भन्ने रम्भीको भनाइमा वात्सल्य रस पोखिएको छ । उक्त भनाइबाट रम्भीले करूणामयी माताको भूमिका निर्वाह गरेको प्रमाणित हुन्छ । उपन्यासमा रम्भीको उपस्थिति दोस्रो परिच्छेदबाट सुरु भई अन्तिम परिच्छेदसम्मका विभिन्न कथानकमा रहेको छ । दुर्गानाथको पवनसागको भनाइबाट नै रम्भीको सारा चरित्रको पूरा ज्ञान हुन्छ । "तेरी आमा त यस परिवारको मरूभूमिमा शीतल र बाक्लो छहारी भएको रूख जस्तै छे, जसलाई देखेर मात्र यात्राको यातना भेटिन्छ (पृ. ३०) ।" यसरी रम्भीको चरित्रलाई हेर्दा ऊ मञ्चीय पात्र हो । रम्भीका कारणले नै उपन्यासमा विभिन्न घटनाहरूको निर्माण भएकाले उपन्यासबाट हटाउन नमिल्ने बद्ध नारी चरित्र हो । जीवनप्रति सकारात्मक भावना भएकी रम्भी अनुकूल प्रवृत्तिकी नारी चरित्र हो । आफ्नो कार्य र विचारमा सुरुदेखि अन्त्यसम्म प्रतिबद्ध रहेका कारण ऊ स्थिर स्वभावकी चरित्र हो ।

### ५.२.२ अणु

उन्मुक्त चञ्चल स्वभाव भएकी अणु **घामका पाइलाहरू** उपन्यासकी सहायक नारी चरित्र मध्ये एक हो । उसले उपन्यासमा चौथो परिच्छेदबाट उपस्थित भएर अन्त्यसम्म नै कथानकलाई गति दिने सहायक भूमिका निर्वाह गरेकी छे । सम्भ्रान्त बङ्गाली परिवारका इन्जिनियर अमलेन्दु भट्टाचार्यकी छोरी र पवनकी सच्चाप्रेमिकाका रूपमा अणु उपन्यासमा चित्रित छे । ऊ पवनलाई हृदयदेखि नै प्रेम गर्ने प्रेमीसाग हिड्न, खानपान गर्न र कुरा गर्न रुचाउने बहिर्मुखी स्वभावकी चरित्र हो । आर्थिक रूपमा उसले पवनलाई सहयोग गरेकी छ । उमेरजन्य परिवर्तनसाग सचेत र व्यवहारिक बनेकी अणु उपन्यासमा स्थिर पात्रका रूपमा उपस्थित छे । अणुको शारीरिक व्यक्तित्वको परिचय उपन्यासकारले यसरी दिएका छन्- "सुर्खीको गोरेटो जस्तै चौडा रातो किनारी भएको भ्रकमक्क श्वेत साडी लाएकी थिइन् । धोबीकहााबाट

ल्याएको ताजा साडी भर्खर फेरेर तल झरेकी थिइन् । साडी पट्याएको धर्सा अझसम्म ओइलाउन पाएको थिएन (पृ. ७०) ।"

पन्ध्र वर्षे अणुमा युवतीजन्य चञ्चलता पाइन्छ । शैशव-अवस्थामा नै मातृविहीन हुनु पर्दा ऊ पिता अमलेन्दुकै स्याहार सम्हारमा हुर्केकी चरित्र हो । स्वच्छ र सादा पहिरनमा रहने, तलाउको कञ्चन पारदर्शी पानी जस्तो मन भएकी अणुको आचार व्यवहारमा बङ्गालीपनको प्रभाव पाइन्छ । यसका साथै बाबुको आधुनिक विचारबाट पनि ऊ प्रभावित देखिन्छे । हिड्डुल, बस उठ, तथा व्यवहारबाट उसमा रहेको आधुनिकताको छाप प्रकट भएको छ । पवनसाग चिया पसलमा जाादा चिया पसलेले "आइमाइको यो फरासिलो चरित्र बङ्गाली जाति बाहेक अरूमा हुादैन (पृ. ११६) ।" भनेबाट अणुको बङ्गालीपनको पुष्टि हुन्छ । पवन र अणु सहरमा घुम्दा अणु पवनको कााधमा हात राखी भन्दछे- "जाउा हिड्नुस् मलाई चियाको तलतलले साह्रै सतायो (पृ. ११५) ।" यो भनाइबाट पनि बङ्गाली संस्कारमा बढी चिया पिउने कुराको सङ्केत मिल्दछ । लोकोबाबुले अणुलाई पढाउनका लागि पवनलाई बोलाए पनि पवन अणुको दैनिक सहवास पाउने सोची खुसी भएकाले अणु पवनसाग हार्दिक प्रेम गर्दछे भन्ने पुष्टि हुन्छ । एक अर्काको आकर्षणबाट सुरु भएको प्रेम आत्मीय रूपमा अघि बढेको छ । बाजेसाग आएको बेलामा पवन र अणुको पहिलो भेटघाट भएको थियो । केही समय अणुको पवनसाग भेट नहुादा अणु भन्दछे- "म तपाइालाई सम्झिराखेकी थिएा । यस घरमा कोही छैन जोसित म दुई चार कुरा गरूा तपाइाले त मलाई विर्सि पनि सक्नु भएको होला (पृ. ६७) ।"

अणु पवनका तुलनामा निसङ्कोच छे उसमा पितृरति ग्रन्थि पाइन्छ । बगैंचाको स्याहार-सम्हार, कोठाको सजावट र घरायसी अध्ययनमा नै उसका दिनचर्याहरू वितेका छन् । एक अर्काको आकर्षणबाट सुरु भएको उनीहरूको प्रेमले फल्न, फूल्न र अङ्कुराउन भने पाएको छैन । उनीहरूको प्रेममा प्रौढता छ र प्रेमको भौतिक होइन आत्मिक रूप प्रकट भएको छ । पवनलाई उपन्यासको नायक मान्ने हो भने अणु नायिकाका रूपमा पनि देखिन्छे तर उपन्यासमा पवन र अणुको केन्द्रीय प्रभाव नरहेकाले नायक नायिका होइनन्, भन्ने स्पष्ट हुन्छ (भट्टराई, २०६५ : ३९) ।

अणु र पवनबिच प्रेम झाङ्गिएको कुरा पवनकी आमाले पनि महसुस गरेकी छिन् । त्यसैले गाउा फर्कने बेलामा पनि रम्भीले अणुलाई पवनको रेखदेख गर्ने जिम्मा लगाउादै भन्दछिन्- “हेर मैयाा पवनलाई सम्झाउादै गर्नू । एक्लै भयो कि बाजेलाई सम्झेर रोइरहन्छ । म हुन्न एउटा तिमी त छ्यौ नि (पृ. २३२) ।” यो भनाइबाट पनि पवन र अणु बिच हार्दिक निश्चल प्रेम रहेको अवगत हुन्छ ।

पवनकी प्रेमीका अणु आधुनिक विचारबाट प्रभावित शिक्षित नारी चरित्र हो । उपन्यासमा चौथो परिच्छेदबाट अन्तिम परिच्छेदसम्मका विभिन्न कार्यव्यापारमा संलगन भएकी हुनाले ऊ मञ्चीय पात्र हो । उपन्यासमा विभिन्न घटनाहरूलाई अगाडि बढाउन अहम् भूमिका खेलेकी हुनाले ऊ बद्ध चरित्र हो । अणुको भूमिका उपन्यासको कथानकलाई अगाडि बढाउन सकारात्मक रहेकाले अनुकूल चरित्र हो । पवनसाग प्रेमको बीजाङ्कुरण भए पनि त्यो प्रेमको गतिले पुष्पित र पल्लवित हुने अवसर नपाएकाले ऊ स्थिर चरित्रका रूपमा देखिन्छे । आधुनिक नारीको प्रतिनिधित्व गर्ने र भौतिक होइन आत्मिक एवम् हार्दिक प्रेमको सन्देश दिने अणु वर्गीय जीवन चेतना भएकी पात्र हो ।

यसरी अणु **घामका पाइलाहरू** उपन्यासकी सहायक नारी चरित्र हो । प्रेमलाई अगाडि बढाउने गति नदेखिएकाले ऊ स्थिर पात्र हो । बहिर्मुखी स्वभावका कारण पवनलाई आफूतिर आकर्षण गर्न सफल भएकी छ । स्रष्टाको निश्चित धारणामा अट्ने अणु च्याप्टो स्वभावकी पात्र हो । बङ्गाली परिवेश एवम् संस्कृतिलाई झल्काउने भएकी हुनाले ऊ आञ्चलिक पात्र हो । पूर्व परिचित स्वभाव र आचरण नभएर स्रष्टाको नौलो सिर्जना भएका कारण अणु मौलिक पात्र हो ।

### ५.२.३ द्वारिका

**घामका पाइलाहरू** उपन्यासका सहायक चरित्रहरूमध्ये द्वारिका पनि एक हो । ऊ भारतको एक क्रान्तिकारी दलको सदस्य हो । क्रान्तिकारी दलको सदस्य भएका कारण शिक्षण पेसा आगालेर नेपालमा बसेको भारतीय नागरिक हो । ऊ उपन्यासमा मानवीय भावना भएको क्रान्तिकारी व्यक्तिका रूपमा उपस्थित भएको छ । विदेशी प्रभुत्वलाई पन्छाउन भूमिगत रूपमा काम गर्ने द्वारिका क्रान्तिकारी कार्यकर्ता हो ।

आफ्नो दलको निर्देशन अनुसार ऊ नेपाल आएर वीरगञ्ज सहरमा शिक्षकको रूपमा बसेको छ । द्वारिकाको परिचय दिदै उपन्यासकार भन्दछन्- “द्वारिका कुनै विशेष उद्देश्यका लागि यहाा बसेका एक मध्यम वर्गीय व्यक्ति हुन् । जसलाई आफ्नो जीवन धान्नका अतिरिक्त प्रतिमहिना केही रकम कुनै यस्तो ठेगानामा पठाउनु पर्छ जसबारे द्वारिकालाई मात्र थाहा छ (पृ. ३) ।” क्रान्तिकारी दलको सदस्य भएकाले द्वारिका अन्यायको विरोधी छ । उसले सेठको अन्यायका बारेमा पीताम्बरलाई सचेत गराई पीताम्बरको सहर प्रतिको दृष्टिकोणमा समेत परिवर्तन गराएको छ । पीताम्बर रम्भीलाई लिएर गाउा गएपछि पवन द्वारिकाकै आश्रयमा बसेको छ । पवनलाई द्वारिका प्रशस्त माया गर्दछ । तिन, चार वर्ष सहर बस्दा उसले सहरका केटाकेटीलाई शिक्षा त दिएकै छ साथै मानवीय भावनाको उदाहरण समेत प्रस्तुत गरेको छ । नुहाउन पोखरीमा गएको समयमा पीताम्बरकी श्रीमती रम्भी डुबेर ज्यान गुमाउन लागेको अवस्थामा उसले बचाएको छ । तसर्थ द्वारिका मानवीय संवेदना भएको उदार भावना भएको चरित्र हो । भारतको कुना काप्चा चाहरेको पठित कल्पनाशील र अनुभवको भकारी द्वारिका पीताम्बरको सच्चा मित्र हो । ऊ पीताम्बरको परिवारसाग सहजै लुटपुट भएको चरित्रका रूपमा उपन्यासमा देखिन्छ । “रम्भीले दाजु हजुरले मेरो प्राण बचाइ दिनु भयो तसर्थ हजुर मेरो दाजु हुनुहुन्छ । भोलिदेखि तपाई यहाा खाना खानु पर्छ” भन्दा म अनावश्यक कसैलाई भार दिन चाहन्न भन्ने भनाइबाट द्वारिका स्ववलम्बी चरित्रका रूपमा उपन्यासमा प्रस्तुत भएको पुष्टि हुन्छ ।

सेठको कालो धन्दामा समावेश नहुादा पीताम्बर कारिन्दाबाट छुट्नु परे तापनि द्वारिकाको धारणा भने भिन्न छ- “म प्रथम पङ्क्तिको कामदारको रूपमा पहिले उसको विश्वास आर्जन गर्ने थिए र त्यही पङ्क्तिबाट उसको अनैतिक गढ उपर प्रहार गरेर सबै चकनाचुर पारिदिने थिए (पृ. १६५) ।” द्वारिका तिम्रो कामले सेठलाई कालो धन्दा गर्न सजिलो गराइदियौ भन्दै अन्यायका विरुद्ध लड्न पीताम्बरलाई सचेत गराउाछ । यसबाट उसको प्रतिगमनका विरुद्ध सशक्त भएर लाग्नु पर्ने धारणा पुष्टि हुन्छ ।

पीताम्बरले छाडेपछि द्वारिकाले पवनलाई अविभावकीय भूमिका निर्वाह गरी संरक्षण गरेको छ । तसर्थ ऊ पीताम्बरको परिवारको अविभाज्य अङ्ग जस्तै बनेको छ ।

उपन्यासमा द्वारिका पीताम्बरको साथी र पवनको स्कुलको शिक्षकका अतिरिक्त स्थानीय समाचार पत्रमा काम गर्ने संवाददाता पनि हो ।

द्वारिका आफ्नो छवीलाई कायम राख्दै मानवीय भावनाकासाथ अगाडि बढ्ने गतिशील चरित्र हो । क्रान्तिकारी व्यक्तिहरूको प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय पात्र हो । लिङ्गका आधारमा द्वारिका पुरुष पात्र हो । अन्यायको विरुद्ध देशलाई स्वतन्त्र गराउन लडेको द्वारिका उपन्यासको कथानकको विभिन्न कार्यव्यापारलाई हेर्दा मञ्चीय पात्र हो भने देश र जनताको सेवामा समर्पित ऊ अनुकूल प्रवृत्ति भएको उपन्यासको कथानकमा छुटाउनै नहुने बद्ध पात्र हो । द्वारिका प्रसाद सिंह पूरानाम भएको ऊ उपन्यासमा घटित घटनाहरूलाई अगाडि बढाउन सहयोग पुऱ्याउने सहायक पात्र हो । परिस्थिति अनुसार परिवर्तन हुने गतिशील एवम् गोलो पात्र हो । आफ्नै निजी स्वभाव वा वैशिष्ट्य भएर पनि क्रान्तिकारी वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । ऊ अञ्चल विशेषको विशेषतालाई प्रष्ट्याउने आञ्चलिक पात्र हो । उपन्यासकारको इच्छानुसार उपस्थित ऊ मौलिक पात्र हो भने स्वभावका आधारमा बहिर्मुखी प्रवृत्तिको पात्र हो ।

### ५.२.४ गणेशी

गणेशी **घामका पाइलाहरू** उपन्यासको सहायक चरित्र मध्ये एक हो । ऊ चतुर, वाचाल र यथार्थवादी चरित्र हो । ऊ रेलवे स्टेसनमा पान बेचेर जीविका गर्ने चरित्रका रूपमा उपन्यासमा चित्रित भएको छ । ठट्यौली मिजास भएको गणेशीको चरित्र निर्माण हास्य सिर्जना गर्ने र सामाजिक जीवनका यथार्थ प्रस्तुत गर्नका लागि भएको छ । उपन्यासको कथानकको सुरुदेखि नै उपन्यासकारले गणेशीका वाक्चातुर्य र व्याङ्ग्य ठट्टाले उपन्यास रोचक र रसिलो बन्न पुगेको छ । उपन्यासका अन्य प्रमुख चरित्रहरूको चारित्रिक उद्घाटनमा समेत गणेशीको भूमिका महत्त्वपूर्ण देखिन्छ । उसको कुरा गर्ने शैली अत्यन्त रमणीय रहेको छ । छरछिमेकमा चासो राखी उकास्न, भड्काउन र खेदो गर्न पनि ऊ बााकी नराख्ने चरित्रका रूपमा देखिएको छ । अरूलाई समस्या पर्दा रिसिबी बिर्सेर मद्दत गर्ने सद्भावना र सद्वृत्ति गणेशीमा पाइन्छ । स्टेसन हाता भित्र पान बेच्न रोक लगाऊ भनेर अमलेन्दु भट्टाचार्यले भन्दा भट्टाचार्यसाग

असन्तुष्ट भई भन्दछ- “यो भट्टाचार्य होइन, भट्टीचार्य हो । साला रोज राती सिङ्गै बोतल चलानी रक्सी खान्छ र रातभरि तम्बु तानेर सुत्छ (पृ. ३२)” तर भट्टाचार्य अकस्मात् मूर्छा पर्दा उनको सेवा गर्नबाट पनि ऊ कहिल्यै पछि परेन । अमलेन्दु अकस्मात् विरामी हुादा गणेशीले तिन चार दिन सम्म आफ्नो पान व्यापारलाई थन्क्याएर सेवा गरेको छ । तसर्थ गणेशी परोपकार गर्नु पर्छ भन्ने उदारवादी चरित्र हो ।

यस उपन्यासमा भर्खरै सहरीकरण हुादै गरेको तराईको अञ्चल विशेषको परिवेशलाई झल्काउन गणेशी सफल र उदाहरणीय चरित्र हो । प्रायः गरेर तराई र त्यसमा पनि सहरमा पान खाने परिपाटीलाई गणेशीका माध्यमबाट उपन्यासकारले देखाएका छन् । गणेशी यथार्थवादी चरित्र भएकाले समाजका यथार्थको विश्लेषण गर्दै विकृति र विसङ्गतिहरूप्रति तीव्र व्याङ्ग्य गरेको छ । गणेशी न्यायको पक्षधर भएर उपन्यासमा देखिएको छ । ऊ अनेक जालझेल र कूटनीतिमा समेत सफल चरित्र हो । “ऊ घरघरको खबर त होइन बाबू, न्याय-अन्यायको खबर राख्छु (पृ. १४९)” भन्दछ । डाक्टरले श्रीवास्तवलाई पिट्दा उसले विभिन्न किसिमबाट डाक्टरलाई नै श्रीवास्तवसाग माफ माग्ने गरायो ।

गणेशीले सेठको बाहिरको धर्मात्मा रूप र भित्रको कालोव्यापार बुझेको छ । सेठले एकाबिहानै कमिलाका नाममा कुहिएको पीठो छर्दै हिडेको देखेर ऊ त्यसप्रति व्याङ्ग्य गर्दै भन्दछ- “कमिलो बडो परिश्रमी र इमान्दार कीरो हो, त्यो सेठको कुहिरहेको हरामको अन्न खाएर पेट पाल्दैन । जब रातको कालो पर्दाले सिङ्गै सहर ढाक्छ अनि यस भित्रको क्रूर सेठ हुाकार गर्दै बाहिर आउाछ (पृ. १४८) ।” यसरी गणेशी सेठको कालो बजारीको व्याङ्ग्यात्मक रूपले पर्दाफास गर्दछ । पुलिस प्रशासनले कालो धन्दालाई कसरी बढवा दिएको छ भन्ने कुरा गणेशीका माध्यमबाट उपन्यासकार यसरी व्यक्त गर्दछन् “अघिको थानेदारलाई यसले मासु, रक्सी आदि खुवाएर हातमा लिएको थियो । उसलाई सेठका मानिसहरू कालोबजारीमा सामेल हुन फकाउन आएका थिए ।” यसरी पुलिस प्रशासक प्रतिको भ्रष्टाचार एवम्

गैरजिम्मेवारीलाई पनि गणेशीका माध्यमबाट उपन्यासकारले यथार्थ रूपमा दर्शाएका छन् ।

निम्नवर्गीय चरित्रको गणेशी रेलवे स्टेसनमा पान बेच्नुका साथै टोल छिमेकका भोज भतेर विवाह व्रतबन्ध आदिमा सहयोग गर्ने सहयोगी चरित्र हो । ऊ छिमेकीहरूका बिचमा सद्भाव कायम राख्न सक्षम देखिन्छ । ठट्यौली स्वभावको गणेशीमा केही अश्लीलता र केही दुच्छरता पाइए तापनि उसका ठट्टाहरू धारिला तर्कपूर्ण र नौला किसिमका छन् । उसका ती ठट्टाहरूलाई उपन्यासकार यसरी व्यक्त गर्दछन-"आउादैछु, मरूभूमिको ऊाट जस्तै थुतुनो उचालेर पैयाा ठोक्दै (पृ. २००) ।" छिमेकीहरूलाई रमाइलो गर्न गणेशीले "काशीको चोली, बनारसको साडी..(पृ. २०२) ।" जस्ता गीत गाएको छ । तसर्थ गणेशी हास्यका साथै समाजका विकृतिहरूलाई व्यङ्ग्य गर्ने यथार्थवादी चरित्र हो ।

उपन्यासको सुरुदेखि अन्त्यसम्म सामाजिक यथार्थ र हास्य भाव सृजना गर्ने सहायक पुरुष पात्रका रूपमा गणेशी चित्रित छ । विभिन्न सन्दर्भहरूमा आएर कथानकहरूलाई रोचक बनाउने एवम् गतिदिने काम गरेकाले ऊ बद्ध तथा मञ्चीय पात्र हो । सुरुमा भट्टाचार्यलाई गाली गरेपनि पछि ऊ विरामी पर्दा आफ्नो पेसालाई छाडेर सेवा गर्दछ । तसर्थ गणेशी उपन्यासको गतिशील एवम् अनुकूल हास्य चरित्र हो । आफ्ना मनका कुराहरू अरूलाई भनिहाल्ने गणेशीमा बहिर्मुखी प्रवृत्ति पाइन्छ । तराईमा रेल सञ्चालन गर्दाको वास्तविक परिवेशलाई दर्शाएको हुादा ऊ यथार्थ चरित्र हो । क्षण क्षणमा विशेषता परिवर्तन गरी कथानकलाई हास्य मिश्रित रोमाञ्च ढङ्गले अगाडि बढाएको हुनाले गणेशी गोलो पात्र हो । तराईको पर्यावरणमा तराईबासीको विशिष्ट पहिचान बोकेको हुनाले ऊ पूर्ण आञ्चलिक पात्र हो । निम्न वर्गीय परिवारको प्रतिनिधित्व गर्ने गणेशीले सामान्य पान पसलेको समेत प्रतिनिधित्व गरेको हुनाले ऊ वर्गीय पात्र हो । उपन्यासकारको नौलो सृजना भएकाले गणेशी मौलिक पात्र हो ।

### ५.२.५ श्रीवास्तव

श्रीवास्तव यस उपन्यासमा रेलवेको टिकट विक्रेता हो । रक्सी पिउने र जुवा खेल्ने भए पनि ऊ आफ्नो काममा इमानदार छ । उसले एक पैसाको हिसाब किताब तलमाथि गर्दैन । ऊ भट्टाचार्य र दुर्गानाथ जस्ता चरित्रहरूप्रति श्रद्वाभाव प्रकट गर्दछ । उच्च शिक्षा नपाए पनि अनुभवले खरिएको श्रीवास्तवमा एउटा रेलवे कर्मचारीको इमान्दारिताको निर्वाह गर्ने क्षमता देखिन्छ । उसले उच्च शिक्षा प्राप्त गरेको पैसामुखी डाक्टरलाई मुखभरिको जवाफ दिदै भन्छ- “डाक्टर तपाई भर्खर रेलवे सेवाभित्र छिर्नु भएको छ, मलाई नियम सिकाउने चेष्टा नगर्नुस् । हिजो राति तपाई सुटुक्क कुन नियम अन्तर्गत एउटा व्यापारीकी स्वास्नीलाई हेर्न जानु भएको थियो ? त्यो महिला कुन रेलवेकी स्टाफ हो ? यसभन्दा अघि पनि तपाइ लुकी लुकी सहरका धनी रोगीहरूलाई हेर्न जानु भएको म प्रमाण दिन सक्छु जहा बढी पैसा आउने भो त्यहा कालमा जाने, जहा नआउने हो त्यहा नियम तेर्स्याउनु हुन्छ ? (पृ. ६१) ।” श्रीवास्तवले विरामी दुर्गानाथलाई हेर्न जान्न भनी अड्डी कसेको डाक्टरलाई जुक्ति बुद्धिको प्रयोग गरी दुर्गानाथको घर जान बाध्य तुल्याएको छ । डाक्टरले उसमाथि थप्पड मार्दा पनि जवाफ नफर्काउने श्रीवास्तव स्वाभिमानी पनि छ । डाक्टरका कुटाइका कारण उसको स्वभिमानमा आहत पुगेको छ । आफ्नो स्वाभिमानको उचित बदला उसले बुद्धिपूर्वक लिएको छ ।

गणेशीले डाक्टरसाग बदला लिने काम म गर्छु भन्दा श्रीवास्तवले “गणेशी कुटपीट र फौजदारी गरेर रिस पोख्ने मेरो मनसाय छैन (पृ. ८५) ।” भनेकाले उसको धैर्यको पुष्टि हुन्छ । ऊ उदार स्वभावको कर्मचारी हो । डाक्टर विक्षिप्त अवस्थामा रेलवे स्टेसनमा आएको देख्दा श्रीवास्तवले गणेशीसाग “आफ्नो घाउको पीडा अरूलाई घाइते तुल्याएर मेटिन्न । शत्रुका सबै मुहान टालेर उसलाई सङ्कटमा पार्दैमा जित भयो भनेर फुलेल हुनु आफ्नो मूर्खता मात्र सिद्ध गर्नु हो । त्यो त एक रणकौशल मात्र हो । त्यसलाई विजय कसरी मान्न सकिन्छ (पृ. १३२)” भनेर उदारवादी मानवीय भावनाको चरितार्थ गरेको छ ।

उपन्यासको कथाकनमा रहेको उसको कार्यव्यापारलाई हेर्दा कार्यका आधारमा ऊ सहायक पात्र हो । उपन्यासमा इमान्दार कर्मचारीको प्रतिनिधित्व गर्ने श्रीवास्तव

वर्गीय चेतना भएको पुरुष पात्र हो । बलबाट नभएर बुद्धिको प्रयोग गरी कार्य सिद्ध गर्ने ऊ धैर्यशील, अनुकूल चरित्र हो । सुरुदेखि अन्त्यसम्म नै इमान्दारिता र आफ्नो सिद्धान्तमा अडिग रहने श्रीवास्तव स्थिर चरित्र हो । उपन्यासमा विभिन्न घटना, कार्यव्यापारमा सहभागी भएकाले आसन्नताका दृष्टिले ऊ मञ्चीय पात्र हो । कथानकबाट छुट्याउन नसकिने हुनाले ऊ बद्ध पात्र हो । उपन्यासकारको नौलो सृजना हुनाले ऊ मौलिक पात्र हो ।

### ५.२.६ डाक्टर

**घामका पाइलाहरू** उपन्यासमा रेलवे सेवामा काम गर्ने डाक्टर बौद्धिक चरित्र हो । डाक्टरमा अभिजात्यपन पाइन्छ । ऊ आफ्नो वंशगत अभिजात्यका कारणले अभिमानी र घमण्डी बन्न पुगेको छ (गौतम, २०६३ : १०७) । यसका साथै डाक्टरमा तल्ला स्तरका कर्मचारीलाई मान्छे नगन्ने हेपाहा प्रवृत्ति पाइन्छ । डाक्टरको परिचय दिदै उपन्यासकार भन्दछन् रेलवेका डाक्टर भर्खर एम.बी.बी. एस्. पास गरेर आएका थिए (पृ. ६०) । सहरमा आउने पहिलो स्नातक डाक्टर भएकाले पनि उसमा घमण्ड बढेको देखिन्छ । दुर्गानाथ विरामी भएर पवन शनिबारका दिन बोलाउन जाादा डाक्टर घमण्डपूर्ण भाषामा भन्दछ- “छुट्टिको दिन पनि मानिस मगज खान आइपुग्छन्, हाम्रो पनि त रगत-मासु भएको शरीर हो कुनै मेशीन होइन (पृ. ६१) ।” यसरी अहङ्कारपूर्ण जवाफ दिने डाक्टर मानवीय संवेदना रहित पात्रका रूपमा देखिन्छ । पोसाकको रवाफ देखाएर मानिसमाथि प्रभाव जमाउन सिपालु डाक्टर कृत्रिम र अहम्वादी प्रवृत्तिको चरित्र हो (भट्टराई, २०६४ : ७०) ।

बाह्य रूपमा आफ्नो सेवाप्रति सजग भएको देखाउने डाक्टर छद्म रूपमा रेलवे सेवा बाहिरका मानिसहरूको उपचारमा गएर पैसा लिने गर्दछ । रेलवेको स्टाफ बाहेक म अरू कसैलाई जााच्न वा औषधि लेख्न सक्दिन भन्दछ तर लुकेर सहरका सम्पन्न  व्यक्तिहरूलाई भेट्न जान्छ । डाक्टरमा एउटा चिकित्सकमा हुनु पर्ने दया, करूणा र रोगग्रस्त मानिसहरू प्रतिको सहानुभूति कत्ति पनि पाइदैन । डाक्टर उपन्यासको प्रतिकूल चरित्र हो । दुर्गानाथको उपचारमा जानका लागि अनुरोध गर्दा सुरुमा अस्विकार गरेको छ र श्रीवास्तवलाई दुई थप्पड हानेको छ । पछि अमलेन्दु

भट्टाचार्यको पत्र पाएपछि बल्ल उपचार गर्न गएको छ । त्यो उसको देखावटीपन अथवा जागिर बचाउने नियति मात्र हो ।

यसरी डाक्टरले सहरिया, सम्भ्रान्त वर्गका खराब पक्षको प्रदर्शन गरेको छ । अन्त्यमा गणेशीको षड्यन्त्रबाट विभिन्न समस्याहरू सामना गर्नु परेपछि र उसकी पत्नीले समेत गलत कार्यको निन्दा गरेपछि उसले श्रीवास्तवसाग क्षमा याचना मागेको छ त्यो उसको लाचारीपन हो अथवा हारको स्वीकृति हो भन्ने चरितार्थ हुन्छ । बौद्धिक भएर पनि दया, माया र करूणा नभएको डाक्टर लिङ्गका आधारमा पुरुष पात्र हो । उपन्यासका विभिन्न घटनासाग सम्बद्ध सहायक चरित्र हो । डाक्टर भएर पनि पेसाप्रति बफादार र मानवीय संवेदना नभएको, पैसालाई मात्र सर्वोपरि ठान्ने प्रतिकूल चरित्र हो । सुरुमा खानदानी रवाफ देखाउने डाक्टर पछि झुत्रे झाम्रे भएर हिडेको छ भने रीसको झोकमा श्रीवास्तवलाई कुटेर पछि माफ माग्न पुगेको छ । तसर्थ डाक्टर गतिशील चरित्र हो । सहरिया बुद्धिजीवी सम्भ्रान्त वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । उपन्यासमा विभिन्न घटना एवम् कार्य व्यापारसाग सम्बद्ध रहेकाले ऊ बद्ध तथा मञ्चीय पात्र हो ।

### ५.२.७ रमानाथ

रमानाथ **घामका पाइलाहरू** उपन्यासको सहायक चरित्र मध्ये एक हो । ऊ आफ्नो कामप्रति इमान्दार, भट्टाचार्यको उत्तराधिकारी रेलवेको गार्ड हो । रमानाथ लामिछाने पूरा नाम भएको ऊ विनयी स्वभाव भएको अल्पभाषी तर आफ्नो कामप्रति बफादार चरित्र हो । भट्टाचार्यका अभावमा पनि रेलवेलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सक्ने क्षमता उसमा देखिन्छ । रमानाथले आफ्नो खुट्टा भााचेर भए पनि रेललाई दुर्घटना हुनबाट बचाएको छ । यसबाट उसको त्याग र उदारता पनि झल्किन्छ । रमानाथले रेलवेको सञ्चालनमा कुनै पनि त्रुटि गरेको पाइादैन अमलेन्दु भट्टाचार्यको “यी रमानाथले रेललाई घडीको कााटासित बााधिदिएका छन् (पृ. १९१)” भन्ने भनाइबाट उसको कर्तव्य परायणताको परिचय पाउन सकिन्छ । “रमानाथले जुन गतिमा जति दूरीको नापो गरिसकेका छन् त्यसको हिसाब गर्ने हो भने उनी विश्वको जुनसुकै स्थानमा पुग्न सक्थे (पृ. २०६)” भन्ने भट्टाचार्यको भनाइबाट उनको

कार्यप्रतिको लगनशीलताको पुष्टि हुन्छ । रमानाथ सम्पूर्ण रेलवेको मात्र होइन सहरवासीहरूको समेत श्रद्धाको पात्र एवम् उदाहरणीय चरित्रका रूपमा उपन्यासमा चित्रित छ । धेरै गुणले सम्पन्न भए तापनि रमानाथमा भाङ् खाने अवगुण पनि रहेको छ । यो अवगुण भए तापनि ऊ कर्तव्यपरायण र इमान्दारी चरित्र हो । रमानाथको परिचय दिदै उपन्यासकार भन्दछन्- "रमानाथ राती अबेला डियूटीबाट आउादा कालो कस्मीराको कोटपेन्ट र निधारमा बीट घोप्टो र अङ्ग्रेजी अक्षरमा गार्ड लेखेको पीक्याप लाएर घर पस्नुभन्दा अघि पीताम्बरको कोठामा बस्थे । राती फर्किदा साधै उनको हातमा रेलवेको डल्लो लाल्टीन झुण्डिरहेको हुन्थ्यो (पृ. ५०) ।" यस भनाइबाट उनको वास्तविक परिचय मिल्दछ । रमानाथ बडो विनयी स्वभावको अल्पभाषी, पक्का र इमान्दार चरित्रका रूपमा उपन्यासमा देखिएको छ । अमलेन्दु भट्टाचार्यको "रमानाथ जस्ता चार जना मात्र स्टाफ मैले पाएा भने यस रेलवेलाई म संसारका अरू रेलवेभन्दा माथि पुऱ्याइदिने थिएा (पृ. ५१)" भन्ने भनाइबाट रमानाथको चरित्रको लगनशीलता, कर्तव्य र त्यागको समेत ज्ञात हुन्छ ।

यसरी उपन्यासमा रेलवेको इमान्दार कर्मचारी रमानाथ लिङ्गका आधारमा पुरुष पात्र हो । कार्य भूमिकाका आधारमा ऊ सहायक पात्र हो । उपन्यासका विभिन्न घटनामा सहभागी भई कथानकलाई गति दिने एवम् उपन्यासकारको उद्देश्य अनुरूप घटनालाई अगाडि बढाएकाले ऊ अनुकूल चरित्र हो । रमानाथमा सुरुदेखि अन्त्य सम्म कुनै खास परिवर्तन नदेखिएकाले ऊ स्थिर पात्र हो । निम्न वर्गीय कर्मचारीको प्रतिनिधित्व गर्ने वर्गीय चरित्र हो । विभिन्न कार्यव्यापार तथा संवादमा सहभागी ऊ बद्ध तथा मञ्चीय पात्र हो ।

### ५.२.८ डाक्टरनी

डाक्टरनी **घामका पाइलाहरू** उपन्यासकी सहायक नारी चरित्र मध्येकी एक हो । गाउाका सारा मान्छेलाई देहाती भन्ने काठमाडौमा बसेर लोग्नेसाग वीरगञ्ज आएकी डाक्टरनी सहरिया युवती हो । काठमाडौमा बसेकी ऊ तराईको गर्मी पचाउन सक्दिन । उपन्यासकारले डाक्टरनीका चारित्रिक विशेषतालाई यसरी प्रस्तुत गरेका छन्- "हामी घाममा डढेर काला भएका छौ भनेर हाम्रो वर्णलाई साऱ्है घृणा गर्नु

हुन्थ्यो । भन्नुहुन्थ्यो मोरा हो ! तिमीहरू भन्दा त पशु बेस...वर्णभेद, भाषा, जलवायु र भौगोलिक भेदको विष यति भरिएको थियो कि उनका लागि उपत्यकाका मानिस बाहेक अन्यत्रका सबैलाई हेय गर्हित र त्याज्य थिए (पृ. १०२) ।" डाक्टरनी आफ्नो लोग्नेलाई गाली गर्ने, नोकरलाई गाली गर्ने र बढीभन्दा बढी काममा लगाउने प्रतिकूल प्रवृत्तिकी नारी पात्र हो ।

डाक्टरनी तराईलाई कुम्भीपाक भन्दछे । काठमाडौा उपत्यका बाहिर पनि देशको एक विशाल भू-भाग छ, पहिरन, बनौट र भाषाको पार्थक्य भए पनि त्यहााका मानिस देशका समान सन्तति हुन् भन्ने कुरा उसका आत्माले स्वीकार्दैन । घरमा काम गर्ने नोकर रामधनीलाई पेटीकोट समेत धुन लगाएर आफ्नो दुष्टताको परिचय दिएकी छ । आफ्नो लोग्नेले श्रीवास्तवसाग माफी मागेपछि र तराईमा लामो समयसम्म बसेपछि उसको चरित्रमा परिवर्तन आएको छ । डाक्टरनी पछि भन्छे- "गरम र शीतल सब मनभित्रै हुादोरहेछ अव गर्मी लागे पनि शरीर बाहिर छालामात्र पोल्छ मन पोल्दैन । पहाडबाट झर्ने असङ्ख्य खोलानालाजस्तै शरीरमा पसीनाका धारा छुट्छन् र आफौ सुकेर जान्छन् (पृ. १९६) ।" उसले जसलाई नर्कका किरा भन्थी उसैसाग बसउठ गर्दछे । तराईका मानिहरू उसलाई सोझा निष्कपट र खुल्ला हृदय भएका लाग्दछन् । यसरी ऊ गतिशील प्रवृत्तिकी नारी चरित्र हो । पढेलेखेका तर यथार्थ नबुझेका सम्पन्न युवतीको प्रतिनिधित्व गर्ने ऊ वर्गीय पात्र हो । उपन्यासको कार्यव्यापारलाई हेर्दा डाक्टरनी बद्ध र मञ्चीय पात्र हो । अन्त्यमा ऊ घाम र घमौरा मेरा साथी भएका छन् समेत भन्न पुग्दछे तसर्थ सुरुमा प्रतिकूल र अन्त्यमा अनुकूल चरित्र भएकी मौलिक पात्र हो ।

### ५.२.९ मुहम्मद ड्राइभर

मुहम्मद ड्राइभर **घामका पाइलाहरू** उपन्यासको सहायक पुरुष पात्र हो । रेलको कर्मचारी भए तापनि कर्मचारीमा हुनु पर्ने इमानदारीपन उसमा पाइादैन । ऊ समयमा रेल चलाउन आइपुग्दैन । अनेक बहाना बनाएर टार्ने गर्दछ । उसको रक्सी खाने बानीले गर्दा रेललाई दुर्घटना हुन सक्ने अवस्थामा पुऱ्यायो । जातको मुसलमान मुहम्मद ड्राइभर रक्सी खाने बेइमान कर्मचारीको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो ।

मुहम्मद रेलको ड्राइभर जस्तो संवेदनशील एवम् महत्त्वपूर्ण कर्मचारी भएर पनि आफ्नो जिम्मेवारी महसुस नगर्नाले सयौं यात्रीहरूको ज्यान जोखिममा पारेको छ । उपन्यासको कार्यव्यापारलाई हेर्दा ऊ प्रतिकूल प्रवृत्तिको चरित्र हो । रक्सी नखाादा राम्रोसाग रेल चलाउने तर रक्सी खाएपछि आफ्नो जिम्मेवारी भूल्ने विभिन्न बहाना बनाएर समयमा उपस्थित नहुने गतिशील स्वभाव भएको चरित्र हो । रेलको कथानकको सेरोफेरोमा नै उपन्यासको कथावस्तु घुमेकाले मुहम्मद ड्राइभर मञ्चीय एवम् बद्ध पात्र हो ।

### ५.२.१० सेठ

सेठ **घामका पाइलाहरू** उपन्यासको सहायक पुरुष चरित्र हो सहरिया व्यापारी सेठले कारिन्दाको शोषण गरेको छ । पीताम्बर जस्तो इमान्दारीको शोषण गर्ने सेठ कालो धन्दा गरी एक दुई वर्षमै करोडपति बनेको छ । अनेकौ जालझेल र प्रपञ्चबाट पैसा कमाइरहेको सेठ केही वर्षभित्र नै सहरका धनीमानीहरूको पहिलो लहरमा पुगेको छ । उसले कालो बजारीबाट कमाएको सम्पत्तिका बारेमा सबैलाई थाहा भए तापनि कसैले केही भन्ने आाट गर्न सक्दैनन् । सेठले स्थानीय र माथिका प्रशासकहरूलाई समेत धन दिएर आफ्नो मुठ्ठीमा लिएको छ । धन पाएपछि कालो धन्दालाई समेत फैलन दिने तत्कालीन प्रशासकीय व्यवस्थाको पनि सेठका चरित्रबाट यथार्थरूपमा प्रष्टिएको छ । भित्र अनेक दाउपेच र शोषणका षड्यन्त्र रच्ने सेठ बाहृय देखावटी रूपमा बडो धार्मिक र दयालु प्रकृतिको देखिन्छ । “झिसमिसमै ऊ रामनामी पछ्यौरा ओढेर सहरभरिका कमिलालाई पीठो खुवाउन हिड्थ्यो (पृ. १४७) ।” सेठको यो क्रियाकलापबाट आन्तरिक रूपमा गलत गरेका कार्यहरूको प्रायश्चित्त गरेको बुझिन्छ । यतिमात्र नभएर “सहरमा बढी आवत-जावत हुने सडकको छेउमा यात्रीहरूका लागि पानीको व्यवस्था गर्न लगाएको हुन्थ्यो (पृ. १४९) ।” शिवरात्रीको बेला देश विदेशबाट आउने गरिब यात्रीहरूका लागि खिचडीको समेत व्यवस्था गरेको थियो । बाहिर इमान्दार र परोपकारी भए पनि सेठ भित्री रूपमा शोषण गर्ने चरित्र हो । उसको रातको व्यक्तित्व र दिनको व्यक्तित्वमा बेग्ला-बेग्लै प्रवृत्ति पाइन्छ । “निशाचर जस्तै रातको आध्यारोमा यसका विभिन्न अदृश्य कारोबार हुन्छन् (पृ. १४९) ।” उसले

स्थानीय ठिटाहरूलाई सुरक्षाका लागि किनेर राखेको छ भने थानेदारलाई रक्सी र मासु खुवाएर हातमा लिएको छ । सेठको कालो बजारीसाग सहमत हुन नसकेका कारण पीताम्बरलाई जागिरबाट निकालेको छ । यसर्थ सेठ द्वैत चरित्र भएको गतिशील र शोषक पात्रका रूपमा उपस्थित भएको छ । उसले गरेका दानधर्म देखावटी एवम् प्रायश्चित मात्र हुन् भन्ने कुरा पीताम्बरको श्रम शोषण गरेबाट प्रष्ट हुन्छ ।

यसरी पुलिस प्रशासनहरू काला व्यापारीको पैसाको आडमा कालो धन्दालाई फस्टाउन कसरी सहयोग पुऱ्याइरहेका छन् भन्ने सेठको कारोबारले स्पष्ट पार्दछ । सठेले कालो धन्दालाई लुकाउन र धर्मात्मा हा भनी देखाउन जतिसुकै राम्रा काम गरे पनि ऊ शोषण प्रवृत्ति भएको प्रतिकूल पात्र हो । समय अनुसार परिवर्तन हुने सेठ गतिशील स्वभावको चरित्र हो । समाजका शोषक वर्गको प्रतिनिधित्व गर्ने ऊ वर्गीय चरित्र हो । विभिन्न कार्यव्यापारमा संलग्न भएको र उपन्यासका घटनाक्रमसाग अलग गर्न नसकिने हाुदा सेठ मञ्चीय एवम् बद्ध पात्र हो ।

### ५.२.११ गौरी

श्रीवास्तवकी श्रीमती गौरी **घामका पाइलाहरू** उपन्यासकी सहायक नारी चरित्र हो । उदार हृदय र आाटिलो स्वभाव भएकी गौरी अमलेन्दु भट्टाचार्य विरामी भएर मानिसहरू भेला भएको अवस्थामा तपाइाहरू यहाा किन आउनुभएको भनी रमानाथले सोध्दा भन्छे- “के हामी महिलाहरूलाई तपाईाहरू केवल आमोद-प्रमोदको उपकरण र रमाइलोका अंशियारहरू मात्र सम्भन्नु हुन्छ ? तपाईाहरूले दायित्वको जुन गह्रुङ्गो बोझ बोक्नु भएको छ त्यसमा हामी पनि होस्टेमा हैंसे गर्न सकौं भनेर आएका हौं (पृ. १८२) ।” यो भनाइबाट महिलाहरूले पनि आफ्नो कामको जिम्मा लिनु पर्छ भन्ने उदाहरणीय चरित्रका रूपमा गौरीको उपस्थिति रहेको छ ।

सत्यनारायणको पूजामा जम्मा भएका नारीहरूलाई रमणीय वातावरण सृजना गर्ने गौरी परोपकारी, सहासी, उदारमना चरित्र हो । गौरीमा सहयोगीको भावना पाइन्छ । डाक्टरकी छोरीको हेरचाह गर्न ऊ पछि पर्दिन । नारी केवल चूहूलो चौकामा मात्र सीमित छैनन् नारीले पनि चाहेमा पुरुष सरह कार्य गर्न सक्छन् भन्ने उदाहरणीय चरित्र गौरीले प्रस्तुत गरेकी छ । विचारकी आाटिली, परोपकारी, खुला हृदय भएकी,

बहिर्मुखी प्रवृत्तिकी गौरी गतिशील चरित्र हो । ऊ उपन्यासको लक्ष्य अनुरूप कार्यव्यापारलाई अगाडि बढाउन सहयोग गर्ने अनुकूल स्वभावकी चरित्र हो । औपचारिक शिक्षाबाट बञ्चित सामाजिक नारीहरूको प्रतिनिधित्व गर्ने गौरी वर्गीय जीवन चेतना भएकी चरित्र हो । ऊ उपन्यासकी मञ्चीय तथा बद्ध पात्र हो ।

### ५.२.१२ गङ्गादत्त

ठग स्वभावको पीताम्बरको डेरामा पाहुना हुन आएको गङ्गादत्त प्रतिकूल प्रवृत्तिको पुरुष पात्र हो । उसले अनेक बहाना बनाएर दुर्गानाथलाई ठगेको छ र पवनलाई अनावश्यक काम लगाएर दुःख दिएको छ । पीताम्बरको डेरामा बसेको र आफूसाग भएको पैसा राख्न दिएको साहुलाई "खान नपाउने दरिद्र परिवारमा बसेको छु, कुन दिन मेरो रकममा पनि लामो हात गर्ने हुन् (पृ. ४२) ।" भन्दै पीताम्बरका बारेमा टिप्पणी गर्दै हिड्ने गङ्गादत्त गतिशील स्वभावको पात्र हो । समाजका ठग र धूर्त ब्वाासाहरूको प्रतिनिधित्व गर्ने उपन्यासको वर्गीय पात्र हो । उपन्यासको कथानकसाग सहभागी भएकाले मञ्चीय पात्र हो । उसलाई अलग गर्दा पनि उपन्यासमा खासै हलचल पैदा नहुने हुादा ऊ मुक्त पात्र हो ।

### ५.२.१३ दान बहादुर

टिकट चेकर दान बहादुर उपन्यासको सहायक पात्र हो । ऊ आफ्नो काममा इमान्दार नभएकाले प्रतिकूल चरित्र हो । टिकट चेकर भएर यात्रुसाग पैसा लिई टिकट नदिने ठग प्रवृत्तिको कर्मचारी हो । ऊ भ्रष्टाचारी कर्मचारीहरूको प्रतिनिधित्व गर्ने वर्गीय जीवन चेतना भएको मञ्चीय तथा मुक्त चरित्र हो । भाङ्को सेवन गर्ने दान बहादुर गतिशील चरित्र हो (गौतम, २०६३ : ११३) ।

### ५.३ अन्य पात्रहरू

उपन्यास जीवन जगत्को यथार्थ प्रस्तुति भएकाले यथार्थ संसारमा जसरी विविध प्रकारका ठूला साना सबै प्राणी रहन्छन् त्यसै गरी औपन्यासिक संसारमा पनि वास्तविक यथार्थलाई देखाउन कतिपय अत्यन्त न्यून भूमिका भएका पात्रको समेत उपस्थिति रहेको हुन्छ । **घामका पाइलाहरू** चरित्र प्रधान उपन्यास भएको हुनाले माथि चर्चा गरिए बाहेक अन्य थुप्रै पात्रहरूको चर्चा गरिएको छ । कतिपय पात्रहरू मञ्चीय रूपमा उपस्थित छन् भने कतिपय सन्दर्भ अनुसार नेपथ्य रूपमा चर्चामा आएका छन् । तराईको अञ्चल विशेष वीरगञ्ज आसपासको परिवेशमा घटित घटनाहरूलाई देखाएर त्यहााको आञ्चलिकता प्रस्तुत गर्नु उपन्यासकारको उद्देश्य रहेकाले सोही

अनुरूपका पात्रहरू उपन्यासमा आएका छन् । यस उपन्यासमा पार्वती, जितु, रामप्यारे, पण्डित, होटलवाला, थानेदार, पान पसले, चिया पसले, रामधनी, हरिहर, लक्ष्मुमन (हलुवाइवाले), पवनका साथीहरू, स्थानीय यात्रुहरू टाागा चालक, सुखदेव सुनार र उसकी छोरी, रामलीला मेनेजर, लालचन, हरिशङ्कर, नागिन, पानी पााडे, रेलको लिग ओछ्याउने मजदुरहरू, मेहतर्नी, रमिला भान्जी, बुढी घर्तिनी, खेतमा काम गर्ने किसान र उसकी श्रीमती, गणेशीकी पत्नी पिङ्गला, भजन गाउने वंशी आदि पात्रहरूको प्रयोग गरिएको छ ।

पवनको बालसुलभ चरित्रलाई पुष्टि गर्नका लागि पवन पौडी खेलेको बेलामा पवनलाई सम्झाउने सन्दर्भमा पार्वतीको उपस्थिति रहेको छ । पार्वतीको परिचय उपन्यासकारले यसरी दिएका छन्- "तीस -पैंतीस वर्षकी प्रौढा पार्वती कालो पेटी कोटको पाखुरा उचाली उचाली साबुनले मुख धोइरहेकी थिइन् (पृ. ५) ।" तत्कालीन समाजमा विधुवा नारीले भोग्नु परेका कुण्ठा र पीडाको यथार्थपरक प्रस्तुतिका लागि उपन्यासमा पार्वतीको उपस्थिति देखाइएको छ । पार्वती विधुवा भएका कारण वैंसमा नै आफ्ना इच्छा र आकाङ्क्षाहरूलाई गुम्स्याउादै कुण्ठित भावना लिएर बााचेकी चरित्र हो । उसमा असामान्य मनोविज्ञान पाइन्छ । "जा जैरे, उता गएर फेर (पृ. ५)" भनेर पवनसाग अभिव्यक्त गरेको पार्वतीको यो वाक्यले उसको असामान्य मनोदशालाई पुष्टि गर्दछ । उपन्यासमा न्यून भूमिका भएर पनि विधुवा नारी वर्गको प्रतिनिधित्व गर्ने पार्वती वर्गीय चरित्र हो । हरिहर र लछुमन (हलुवाइवाले) स्थानीय परिवेशलाई देखाउन प्रसङ्गवश चर्चा गरिएका नेपथ्य र मुक्त पात्र हुन् । सहरमा आएका चिठ्ठी-पत्र बाड्ने पोस्टम्यान रामप्यारे हो । उसको भूमिका उपन्यासमा अत्यन्त गौण रहेको छ । ऊ चिठीपत्र समयमा नै पु¥याउने आफ्नो कर्तव्यमा पूर्ण इमान्दार र बहिर्मुखी स्वभावको पात्र हो । धर्मशालाको पण्डित धूर्त, ब्वाासो र स्वार्थी स्वभाव भएको प्रतिकूल चरित्र हो । स्थानीय परिवेश झल्काउने सन्दर्भमा उसको उपस्थिति रहेको छ । तत्कालीन समाजका विकृति र विसङ्गतिलाई देखाउन र पुलिस प्रशासनको भ्रष्टाचारीपनको पर्दाफास गर्न थानेदारको उपन्यासमा उपस्थिति गराइएको छ । पुरानो पुस्ता र नयाा पुस्ताबिचको परिवर्तन र द्वन्द्व देखाउने सन्दर्भमा सुखदेवकी छोरीले स्टेसन मास्टरको भाइलाई चिठ्ठी लेखेको प्रसङ्ग देखाएर दुई पुस्ताबिचको परिवर्तनलाई

देखाउन सुखदेव सुनार र उसकी छोरीको उपन्यासमा चर्चा गरिएको छ । यी नेपथ्य र मुक्त पात्र हुन् । उपन्यासमा सुखदेव र उसकी छोरीको भूमिका न्यून छ । पान पसले र चिया पसले वीरगञ्जको स्थानीय परिवेशलाई झल्काउने सन्दर्भमा चर्चा गरिए पनि तिनीहरूको उपन्यासमा खासै भूमिका देखिादैन । भर्खरै सहरीकरण हुादै गरेको परिवेश देखाउन स्थानीय बासिन्दाहरूको उपन्यासमा चर्चा गरिएको छ । "टाउकोमा टोकरी, हातमा मट्टीतेलको बोतल, घिच्रामा गम्छाको दुवैतिर नून र चिनीको पोको झण्ड्याएर ती सहरका विभिन्न निकासबाट आ-आफ्नो गन्तव्यतिर लाग्थे (पृ. २१) ।" उपन्यासकारको यो भनाइबाट तत्कालीन समयमा गाउाका जनताहरू कसरी जीवीकोपार्जन गर्दथे भन्ने देखाउन स्थानीयवासीको प्रसङ्ग आएको हो । आज भन्दा ६/७ दशक अगाडि समाजको परिपाटी कस्तो थियो भन्ने देखाउन र तत्कालीन समयमा हुने बालविवाह तथा अनमेल विवाहको सूचना दिने सन्दर्भमा रमानाथकी पत्नीको उपस्थिति देखिन्छ । "हामीलाई केही ज्ञानै नभै अर्काको पोल्टामा हालिदिएका थिए । एकान्तमा एक अपरिचित केटोले पिठ्यूमाथि हात राख्दा सिङ्गै शरीरमा आगोको ज्वाला दन्केजस्तो हुन्थ्यो र लाग्दथ्यो त्यस राक्षसजस्तो युवकलाई दुवै हातले चिथोरेर मारूा (पृ. १९८)" भन्ने रमानाथकी पत्नीको भनाइबाट बालविवाहका कारण भोग्नु परेका समस्याहरूलाई उपन्यासकारले प्रष्ट पारेका छन् । ऊ थोरै भूमिका भएकी तर अनुकूल चरित्रकी मुक्त पात्र हो । कहार जातको रामधनी डाक्टर र डाक्टरर्नीको नोकर हो । गरिव वर्गको प्रतिनिधित्व गर्ने ऊ वर्गीय पात्र हो । न्यून भूमिका भएको रामधनी मुक्त पात्र हो । डाक्टर्नीको दुच्छर प्रवृत्तिबाट दुःखी भएपछि रेलवेमा कुल्लीको काम गर्ने रामधनी हीनताग्रन्थिले ग्रस्त पात्र हो । मेहतर्नी डाक्टरनीकी नोकर्नी हो । गरिवहरूको प्रतिनिधित्व गर्ने ऊ वर्गीय, नेपथ्य र मुक्त पात्र हो । नेपाल र भारतको सम्बन्ध र भारतबाट निकासी हुने सामान तथा यात्रुहरूलाई ओसार्ने तत्कालीन परिवेश, भारतले नेपालको दसगजा सीमामा गरेको अतिक्रमणको परिस्थितिलाई देखाउन उपन्यासमा टाागावालको चर्चा गरिएको छ ।

धेरै पात्रहरूको उपस्थिति र ती पात्रहरूका माध्यमबाट रेलवे विस्तारसागै हुादै गएको तराईको सहरीकरणको यथार्थ प्रस्तुत गर्न उपन्यासमा चरित्रहरू सक्षम रहेका छन् । अञ्चलको सिङ्गो बानी, स्वभाव प्रष्टिनु र कुनै पनि पात्रको केन्द्रीयता नहुनु

**घामका पाइलाहरू** उपन्यासको वैशिष्ट्य हो । यो उपन्यासले चरित्र निर्माणमा बढी महत्त्वपूर्ण विशेषता देखाएको छ । उपन्यास चरित्रकेन्द्री प्रवृत्तिमा आवर्तित भएको छ । औपन्यासिक चरित्रहरू कतै पारिवारिक, कतै सामाजिक र कतै आर्थिक चापमा परेका छन् । चरित्र चित्रणका दृष्टिले उपन्यास सफल छ । यस उपन्यासका चरित्रका माध्यमबाट पुरानो पुस्ता र नयाा पुस्ता, आध्यात्मिक र भौतिकता, गाउा र सहरका बिचको द्वन्द्वलाई प्रष्ट्याइएको छ ।

## ५.४ पात्रहरूको तालिका सूची

| क्र.सं. | पात्रहरू | लिङ्ग | | कार्य भूमिका | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | स्थिर | गतिशील | वर्गीय | व्यगित | मञ्चीय | नेपथ्य | मुक्त | बद्ध |
| ज्ञ | दुर्गानाथ | · | ( | · | ( | ( | · | ( | · | ( | · | ( | · | ( | ( | · |
| द्द | अमलेन्दु भट्टाचार्य | · | ( | · | ( | ( | · | ( | · | ( | · | ( | · | ( | ( | · |
| घ | पवन | · | ( | · | ( | ( | · | ( | ( | · | · | ( | · | ( | ( | · |
| द्ध | पीताम्बर | · | ( | · | ( | ( | · | ( | ( | · | · | ( | · | ( | ( | · |
| छ | रम्भी | ( | · | ( | · | ( | · | ( | · | ( | · | ( | · | ( | ( | · |
| ट | अणु | ( | · | ( | · | ( | · | ( | ( | · | · | ( | · | ( | ( | · |
| ठ | द्वारिका | · | ( | ( | · | ( | · | ( | ( | · | · | ( | · | ( | ( | · |
| ड | श्रीवास्तव | · | ( | ( | · | ( | · | ( | ( | · | · | ( | · | ( | ( | · |
| ढ | डाक्टर | · | ( | ( | · | ( | ( | · | ( | · | · | ( | · | ( | ( | · |
| ज्ञण | गणेशी | · | ( | ( | · | ( | · | ( | ( | · | · | ( | · | ( | ( | · |
| ज्ञज्ञ | रमानाथ | · | ( | ( | · | ( | · | ( | · | ( | · | ( | · | ( | ( | · |
| ज्ञद्द | सेठ | · | ( | ( | · | ( | ( | · | ( | · | · | ( | · | ( | ( | · |
| ज्ञघ | मुहम्मद ड्राइभर | · | ( | ( | · | ( | ( | · | · | ( | · | ( | · | ( | ( | · |
| ज्ञद्ध | डाक्टरनीं | ( | · | ( | · | ( | ( | · | ( | · | · | ( | · | ( | ( | · |
| ज्ञछ | गौरी | ( | · | ( | · | ( | · | ( | · | ( | · | ( | · | ( | ( | · |
| ज्ञट | रामप्यारे | · | ( | ( | · | ( | · | ( | · | ( | · | ( | · | ( | ( | · |
| ज्ञठ | पण्डित | · | ( | ( | ( | · | ( | · | · | ( | ( | · | · | ( | · | ( |
| ज्ञड | दानबहादुर | · | ( | ( | · | ( | ( | · | · | ( | · | ( | · | ( | ( | · |
| ज्ञढ | गङ्गादत्त | · | ( | ( | ( | · | ( | · | · | ( | · | ( | · | ( | · | ( |
| द्दण | रमानाथकी श्रीमती | ( | · | ( | ( | · | · | ( | · | ( | · | ( | · | ( | · | ( |
| द्दज्ञ | पार्वती | ( | · | ( | ( | · | · | ( | · | ( | · | ( | · | ( | · | ( |
| द्दद्द | मेहतर्नी | ( | · | ( | ( | · | · | ( | · | ( | · | ( | ( | · | · | ( |
| द्दघ | जितु | · | ( | ( | ( | · | · | ( | ( | · | · | ( | · | ( | · | ( |
| द्दद्ध | पानपसले | · | ( | ( | ( | · | · | ( | · | ( | · | ( | · | ( | · | ( |
| द्दछ | थानेदार | · | ( | ( | ( | · | ( | · | ( | · | · | ( | · | ( | · | ( |
| द्दट | चियापसले | · | ( | ( | ( | · | · | ( | · | ( | | ( | | ( | · | ( |

## ५.५ चरित्र चित्रणगत वैशिष्ट्य

**घामका पाइलाहरू** उपन्यासमा प्रमुख, सहायक र अन्य गरी तिन किसिमका चरित्रहरूको चयन गरिएको छ । यस उपन्यासमा सबै पात्रहरू नायक हुन कि जस्तो भान पर्दछन् । गहन अध्ययन गर्दा कोही पनि नायक होइनन् भन्ने प्रतीत हुन्छ । रेल र

लोकोबाबुमा केन्द्रित एक कथाले एक छेउ समातेको छ भने अर्को छेउ दुर्गानाथलाई समातेर फैलिएको छ । एक हाागा फाटिन्छ पीताम्बरको संसार बोकेर अर्को छुट्टिन खोज्छ पवनको आलोकपूर्ण सम्भावना सागालेर कथामा पूाजीभूत जीवनको समग्रता हराएको छुट्टाछुट्टै व्यक्तित्वलाई रेलले जोडेर आधुनिक परिवेश दिएको छ । हाम्रो जीवनमा आधुनिक गति सञ्चार गर्ने पृष्ठभूमिको रूपमा रेलको भौतिक महत्ता छ । यसको नेतृत्व अमलेन्दु भट्टाचार्यबाट भएकाले ऊ नायकको रूपमा देखिन्छ । उदात्त र निष्काम व्यक्तित्वबाट सञ्चालित मानव मूल्यलाई नयाा सन्दर्भमा प्रतिष्ठा दिने अध्यात्मिक चेतनाको प्रेरणा विन्दु पं. दुर्गानाथ अर्को नायक समान विराजमान देखिन्छ । यी दुवै कथायात्राका दुई अलग धुरी हुन्, अलग पाटा जो परस्परको विलय वा अङ्गीकारमा पूर्णताको जीवन प्रतिविम्बित हुन्छ (प्रधान, २०६१ : १०६) ।

विज्ञानको आविष्कारले मान्छेका नैतिक मूल्य र मान्यताहरूलाई कसरी परिवर्तन गराइरहेको छ भन्ने कुरा उपन्यासका चरित्रहरूले देखाएका छन् । समाजमा भईरहेको शोषण मालिक र मजदुर बिचको अन्तर्द्वन्द्व र सङ्घर्ष पनि यस उपन्यासमा सेठ र पीताम्बरका माध्यमद्वारा देखाइएको छ । वर्तमानमा बढ्दै गएको कालोबजारी र श्रमको शोषणलाई पनि उपन्यासका पात्रहरूले देखाएका छन् । उपन्यासकारले यथार्थ जीवनका अनुभवहरूलाई विभिन्न चरित्रका माध्यमबाट प्रस्तुत गरेका हुनाले उपन्यासका चरित्रहरू बढी जीवन्त र यथार्थ बन्न पुगेका छन् ।

यस उपन्यासका चरित्रहरू तराईको सहरोन्मुख सामाजिक जीवन र रेलवे सेवासाग सम्बद्ध रहेका छन् । तसर्थ उपन्यासका प्रायः पात्रहरू सामूहिक जीवनको प्रतिनिधिमूलक भएर उपस्थित भएका छन् । चरित्रहरूको आन्तरिक एवम् बाह्य व्यक्तित्वको चित्रण प्रत्यक्ष (वर्णनात्मक) एवम् अप्रत्यक्ष (नाटकीय) दुबै पद्धतिको प्रयोग गरिएको छ । उपन्यासमा विभिन्न घटनाका माध्यमबाट चरित्रहरूको चारित्रिक विशिष्टताको उद्घाटन भएको छ । मनुष्य समग्रमा एउटा चरित्र हो । यसको चित्रणमा उद्भासित हुने सबलता र दुर्बलता समेतको व्यक्ति सााचो अर्थमा मनुष्य हो । रेलवे सामाजिक जीवन लगायत क्रान्तिकारी जीवनका सन्देश बोकेका चरित्रहरूको उपस्थितिले उपन्यास मानवीय जीवनका बहुविध पाटालाई चरित्रका माध्यमबाट प्रस्तुत

गर्न सफल भएको छ । आफूलाई लुकाउन र छिपाउन खोज्दा खोज्दै पनि व्यक्तिका संस्कार, प्रवृत्ति र स्वभावहरू व्यावहारमा प्रतिविम्बित भएका हुन्छन् (गौतम, २०६३ : ९२) यस उपन्यासका पात्रहरूका माध्यमबाट समाजका विभिन्न पेसा र वर्गको अवगत हुन्छ । अमलेन्दु भट्टाचार्यको चरित्रमा कुशल प्रशासकमा हुनु पर्ने गुणहरू पाइन्छन् । दुर्गानाथको चरित्रबाट आध्यात्मिक र आदर्श समाजको नमुना समेत पाइन्छ । उपन्यासमा चरित्रका माध्यमबाट ऐतिहासिक घटना एवम् राणाकालीन परिवेशको सङ्केत पाइन्छ । यस उपन्यासमा टाँगा चालकहरूको जीवनचर्या चित्रित छ । पवन जस्ता विद्यार्थीहरूको दैनिक कार्यतालिका र विद्यार्थी हुँदाका अप्ठ्यारा परिस्थितिको पनि उपन्यासमा अवगत गराइएको छ । द्वारिकाले शिक्षकको दैनिकी देखाएका छन् स्टेसन मास्टरको जीवनचर्या चित्रित छ । ड्राइभरहरूको जीवन यापन प्रक्रिया चित्रित छ । पान पसल र चिया पसल गरेर जीवन विताउने व्यक्तिहरूको जीवनचर्या प्रस्तुत भएको छ । सेठ कामदार, कुल्ली, भरिया, नोकर, बेरोजगार, रोगी, आदि विभिन्न पेसा र वर्गको व्यवहारलाई यथार्थ रूपमा प्रस्तुत गर्न उपन्यासका चरित्रहरू सक्षम रहेका छन् (भट्टराई, २०६४ : ४४) ।

यसरी उपन्यासका सबै चरित्रहरू जीवन्त, सशक्त र विशिष्ट तथा सामाजिक दृष्टिले यथार्थ बन्न पुगेका छन् । उपन्यासका पात्रहरूले राजनीतिक, धार्मिक, आर्थिक सांस्कृतिक र ऐतिहासिक आदि विभिन्न सन्दर्भहरूलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् । नेपाली उपन्यासको सामाजिक यथार्थवादी धारामा सिर्जित **घामका पाइलाहरू** उपन्यास चरित्र चित्रणका दृष्टिले उत्कृष्ट बन्न पुगेको छ ।

# परिच्छेद छ
## उपसंहार

### ६.१ निष्कर्ष

प्रस्तुत शोध पत्रमा ६ वटा परिच्छेद रहेका छन् । पहिलो परिच्छेद शोध परिचय हो । दोस्रो परिच्छेदमा ध.च. गोतामेको सङ्क्षिप्त जीवनी प्रस्तुत गरिएको छ । यस परिच्छेदमा गोतामेको जन्म र बाल्यकाल, शिक्षा, विवाह तथा पारिवारिक जीवन, जीवनका विविध मोडहरू, साहित्यिक प्रेरणा र प्रभाव, भ्रमण एवम् सम्मान तथा पुरस्कारहरूको सङ्क्षेपमा चर्चा गरिएको छ । परिच्छेद तिनमा गोतामेको औपन्यासिक यात्रा र प्रवृत्तिहरू प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा उपन्यास तत्त्वका आधारमा **घामका पाइलाहरू** उपन्यासको विवेचना गरिएको छ । परिच्छेद चारमा उपन्यासको पात्र विधानगत सैद्धान्तिक आधार र अन्य तत्त्वसाग पात्रको कस्तो सम्बन्ध रहन्छ भन्ने कुरा देखाइएको छ । परिच्छेद पााचमा **घामका पाइलाहरू** उपन्यासका पात्रहरूलाई प्रमुख, सहायक र अन्य गरी विश्लेषण गरिएको छ । यसै परिच्छेदमा पात्रहरूको तालिका सूची प्रस्तुत गरिएको छ भने अन्तिम अनुच्छेदमा चरित्र चित्रणगत वैशिष्ट्य प्रस्तुत गरिएको छ । छैटौं परिच्छेदमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस उपन्यासले कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण गरेको पाइन्छ । कुनै चरित्र वा घटनाको केन्द्रीयता नहुनु, स्थानीय भाषा र संस्कृतिको विशिष्ट चित्रण हुनु उपन्यासको सुरुदेखि अन्त्यसम्म आञ्चलिकताकै सेरोफेरो रहनु र कुनै एउटा मात्र विचारको आग्रह नहुनुले यो उपन्यास आञ्चलिक उपन्यासका रूपमा देखापर्दछ ।

वीरगञ्जको साागुरो परिवेशमार्फत नेपाल भित्रिादै गरेका न्यूनताका मूल्यहरू उपन्यासमा देखिएका छन् । उपन्यासमा एकातिर आञ्चलिकताको आभास मुखरित भएको छ भने अर्कातिर विश्व जीवनका मूल्यहरू पनि समेटिन आएका छन् । वर्षाले दुर्गन्धित बनेको पानी, कोइलाको धूवााले दुर्गन्धित बनेको हावा, प्रदूषणले धमिलो बनेको क्षिजित पाठकका इन्द्रिय-अधिल्तिर उपन्यासमा ज्ञान ग्राह्य भएर आएको छ । मान्छेका मूल्यहरू दिनप्रतिदिन खस्किदै गएका सन्दर्भमा आलोचना चेतको आभास

दिने प्रस्तुत उपन्यास आदर्शोन्मुख यथार्थ चित्रण गर्ने प्रयत्नमा क्रियाशील देखिएको छ । यही नै प्रस्तुत उपन्यासको प्राप्ति बनेको छ । यस उपन्यासका माध्यमबाट उपन्यासकारले आञ्चलिकता, मानवतावादी चिन्तन, सांस्कृतिक चिन्तन, आदर्श प्रेम, क्रान्तिकारिता, सामाजिक यथार्थता ऐतिहासिकता जस्ता विभिन्न पक्षहरूको उजागर गरेका छन् । कथ्य अञ्चलको दैनिक जीवनचर्याको विशिष्ट चित्रण, त्यस अञ्चलको भाषिक रीतिस्थिति, वेषभूषा, जीवनस्तर, सोचाइ तथा अनुभवको विशिष्टीकरण गरी अञ्चल विशेषको जीवनचर्या उपन्यासमा प्रस्तुत गरिएको छ । समाजमा विद्यमान शोषण, युद्ध र दमन जस्ता कुराहरूको विरोध गरी मानवीय मूल्य र मान्यताका पक्षमा उभिनु मानवतावाद हो । मानवीय गुण धर्म र स्वभावलाई विशेष महत्त्व दिदै मान्छेले मान्छे भएर बााच्न पाउनु पर्छ भन्ने मानतावादी चिन्तन सेठ र पीताम्बर जस्ता पात्रको उपस्थिति गराएर प्रस्तुत गरिएको छ । वीरगञ्ज सहरमा हादै गरेको सहरीकरणको प्रक्रियाले विविध संस्कृतिको सङ्केत गरेको छ । अणु र पवनका माध्यमबाट बङ्गाली संस्कृति र नेपाली संस्कृतिमा घुलमिल भइरहेको दृश्य उपन्यासमा प्रस्तुत गरिएको छ । काठमाडौाको संस्कार र संस्कृतिमा हुर्केकी डाक्टर्नीलाई तराईको परिवेशसाग सामञ्जस्य गराएर भाषा, स्थान र संस्कृति फरक भए पनि मूलतः मानवीय भावना एक हुनु पर्छ भन्ने गहन दर्शन उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा आध्यात्मिकता र भौतिकता, पुरानो पुस्ता र नयाा पुस्ता बिचको द्वन्द्व र परिवर्तनलाई देखाइएको छ । विज्ञानको आविष्कार मान्छेको विनासका लागि नभएर विकासका लागि हुनु पर्छ भन्ने भौतिकवादी चिन्तन यस उपन्यासमा पाइन्छ । पवन र अणुको प्रेमप्रसङ्गबाट दुई फरक जाति र संस्कृति बिचको एकता र समन्वय देखाइएको छ । दुर्गानाथको दाहसंस्कार र काजक्रियाको प्रसङ्गले हिन्दू धर्म र संस्कृतिको परिचय दिएको छ । उपन्यासमा गणेशी, श्रीवास्तव आदि तराईबासीहरू, दुर्गानाथ, पीताम्बर, रम्भी, पवन आदि पहाडवासीहरू, द्वारिका जस्ता भारतीयहरू, मुहम्मद मुसलमान, भट्टाचार्य, र अणु जस्ता बङ्गाली चरित्रहरू सृजना गरी उनीहरू बिचको सांस्कृतिक एकतालाई प्रस्तुत गरिएको छ । उपन्यासमा हार्दिक प्रेममा धनी र गरिब उच र नीचको एवम् अलग संस्कृतिमा समेत भेदभाव हादैन भन्ने आदर्श प्रेमको नमुना अणु

र पवनका माध्यमबाट प्रस्तुत गरिएको छ । यसैले प्रेमलाई धनी, गरिब र जातपातको खाडलले छेक्न सक्दैन भन्ने आदर्श प्रेमको उदाहरण यस उपन्यासमा पाइन्छ ।

समाजमा भएका अन्याय, अत्याचार, शोषण, सामाजिक कुरीति आदि प्रवृत्तिहरूको प्रस्तुत उपन्यासमा सजीव चित्रण गरिएको छ । यसरी गोतामेले विविध उद्देश्यहरूको उपन्यासमा एकसाथ प्रस्तुत गरेका छन् । यिनीहरू मध्ये आञ्चलिकता, मानवता, सामाजिकता, ऐतिहासिकता, सांस्कृतिकता आदि उद्देश्यहरू उपन्यासमा प्रमुख भूमिकाका साथ प्रस्तुत भएका छन् ।

प्रस्तुत उपन्यासमा काठमाण्डौं उपत्यका भन्दा बाहिर पनि देशको विशाल भूभाग छ, विभिन्न संस्कार र संस्कृतिका मानव समुदाय छन्, ती सबैमा समान व्यावहार गर्नु पर्छ भन्ने राष्ट्रप्रेमले ओतप्रोत भाव व्यक्त भएको छ । यस उपन्यासमा नारीहरू केबल आमोद प्रमोदका साधन मात्र हैनन् अवसर पाएमा उनीहरूले पनि पुरुष सरह कार्य गर्न सक्छन् भन्ने समन्वयवादी विचार प्रस्तुत गरिएको छ । चरित्रहरू उपन्यासका प्राण हुन् तसर्थ **घामका पाइलाहरू** उपन्यासका चरित्र अनुकूलको भाषा शैली, परिवेश, संवाद आदिको समुचित प्रयोग भएकाले उपन्यासकारको उद्देश्य अनुसार सबै औपन्यासिक चरित्रहरू सक्षम देखिएकाले चरित्र चित्रणका दृष्टिमा घाका पाइलाहरू उपन्यास सफल रहेको छ ।

## ६.२ सम्भावित शोध शीर्षकहरू

**घामका पाइलाहरू उपन्यासको समाजपरक विश्लेषण**

**घामका पाइलाहरू उपन्यासको भाषिक अध्ययन**

## प्रमुख सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (सम्पा.), (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, (ते.सं., २०६६), काठमाडौं : विद्यार्थी प्रकाशन ।

आप्टे, वामन शिवराम, (सन्, १९६६), **संस्कृत-हिन्दी कोश,** (दो.सं., सन्, १९६९), दिल्ली : मोतीलाल बनारसीदास ।

गोतामे, ध.च., (२०३५), **घामका पाइलाहरू,** (छै.सं., २०६४) ललितपुर : साझा प्रकाशन ।

)))))))))), (२०४२), **यहादेखि त्यहासम्म,** (दो.सं., २०६३) ललितपुर : साझा प्रकाशन ।

)))))))))), (२०५३), **कालान्तर,** काठमाडौं : ने.रा.प्र.प्र. ।

)))))))))), (२०५४), **संज्ञा सर्वनाम,** काठमाडौं : नारायणी वाङ्मय प्रतिष्ठान ।

)))))))))), (२०५५), **उत्तरोत्तर,** काठमाडौं : अनिश गौतम ।

)))))))))), (२०५५), **सम्झनाका गल्छेडाहरूमा,** ललितपुर : साझा प्रकाशन ।

)))))))))), (२०५८), **तीनवास,** ललितपुर : साझा प्रकाशन ।

)))))))))), (२०६२), **आरोह अवरोह,** काठमाडौं : बगर फाउन्डेसन ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०३७), **नेपाली उपन्यास र उपन्यासकार,** (चौ.सं., २०६१), ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र, (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,** दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, ऋषिराज, (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र,** (दो.सं., २०६३), ललितपुर : साझा प्रकाशन ।

)))))))))), (२०६४), **साहित्य र समाज,** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** (ते.सं., २०६६), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घट्टराज (२०४०), **प्रतिभै प्रतिभा र नेपाली साहित्य,** (दो.सं., २०५१) काठमाडौं : एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि. ।

भट्टराई, रमेश प्रसाद (२०६४), **ध.च. गोतामेको उपन्यासकारिता,** काठमाडौं : हजुरको प्रकाशन ।

राई, इन्द्रबहादुर, (२०३१), **नेपाली उपन्यासका आधारहरू,** (ते.सं., २०५८), ललितपुर : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०२७) **नेपाली साहित्यको इतिहास,** (चौ.सं., २०५६), काठमाडौं : अक्षर प्रकाशन ।

शर्मा, भोलानाथ, (अनु.), (सन् १९९४), **भरत नाट्यशास्त्रम्,** कानपुर : साहित्य निकेतन ।

शर्मा, मोहनराज, (२०४८), **शैली विज्ञान,** काठमाडौं : ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल, (२०५२) **शोध विधि,** (ते.सं., २०६२), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०३४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (पाा.सं., २०५६), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, धन प्रसाद (२०५६), **नेपाली उपन्यासमा आञ्चलिकता,** खोटाङ : यादेवी ढकाल ।

सुवेदी राजेन्द्र, (२०४३), **स्रष्टा-सृष्टि द्रष्टा-दृष्टि,** ललितपुर : साझा प्रकाशन ।

))))))))), (२०४९), **केही समीक्षण, केही विश्लेषण,** ललितपुर : साझा प्रकाशन ।

))))))))), (२०५३), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** (दो.सं., २०६४), ललितपुर : साझा प्रकाशन ।

**शोध पत्र सूची**


गौतम, माधवराज, (२०६३), **घामका पाइलाहरू उपन्यासको कृतिपरक अध्ययन,** स्नातकोत्तर शोध पात्र, त्रि.वि. वि., ने.के.वि, कीर्तिपुर ।

घर्ती, दुर्गाबहादुर, (२०६०) **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान,** विद्यावारिधि शोध-प्रबन्ध, त्रि.वि.वि. कीर्तिपुर ।

पोखरेल, भोलानाथ, (२०६४), **आधुनिक नेपाली सामाजिक यथार्थवादी उपन्यासको पात्र विधान,** विद्यावारिधि शोध प्रबन्ध, त्रि.वि. वि., कीर्तिपुर ।

श्रेष्ठ, माधव, (२०६६), **घामका पाइलाहरू उपन्यासको परिवेशको अध्ययन,** स्नातकोत्तर शोध पत्र, त्रि.वि.वि., ने.के.वि., कीर्तिपुर ।


**पत्रपत्रिका सूची**


गोतामे, ध.च. (२०१६) *'प्रसारण कलाको जन्म र विकास',* **झङ्कार,** वर्ष १, अङ्क ५, चैत्र, काठमाडौा (पृ. १६)

)))))))))), (२०२५), *'गफ एक परिचर्चा',* **मधुपर्क** वर्ष १, अङ्क २, आषाढ, काठमाडौा : (पृ. ५७) ।

)))))))))), (२०२५), *'दोसाधको सहर',* **मधुपर्क,** वर्ष १, अङ्क १२, वैशाख, काठमाडौा (पृ. ५३-६२) ।

दाहाल, खेम, (२०६४), *'ध.च. गोतामेका उपन्यास : एक चर्चा',* **गरिमा,** वर्ष २६, अङ्क १, पुस, काठमाडौा (पृ. ५९-६७) ।

प्रधान कृष्ण, (२०४०), *'घामका पाइलाहरूमा अवतरित जीवन,* **गरिमा,** वर्ष १ अङ्क ११, कात्तिक, काठमाडौ (पृ. ११-१५) ।

भट्टराई, घटराज, (२०३६), *'घामका पाइलाहरू पहिल्याउन खोज्दा',* **मधुपर्क,** वर्ष १२, अङ्क ४, भदौ, काठमाडौ (पृ. ६१) ।

भट्टराई, जयदेव (२०५९), *'पाठकको मन छुने ध.च. गोतामे',* **गोरखापत्र, शनिबारीय,** १ चैत्र, काठमाडौा (पृ. १२) ।

यात्री, वासु रिमाल, (२०३६), *'घामका पाइलाहरू तराईमा पढ्दा',* **मधुपर्क,** वर्ष १२, अङ्क ७, मङ्सिर, काठमाडौा (पृ. ५३-५७) ।